# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

तिब्बत स्वायत्त क्षेत्र विदेशीहरूमा 'तिब्बत' भनेर चिनिन्छ भने चिनियाँ भाषामा "सी चाङ" पनि भनिन्छ । तिब्बत जनवादी गणतन्त्र चीनको दक्षिणपश्चिममा अवस्थित छ र नेपालको उत्तरी भागका १५ ओटा जिल्लासँग जोडिएको छ । तिब्बत चीनका पाँच जातीय अल्पसङ्ख्यक स्वायत्त क्षेत्रहरूमध्ये एक हो । तिब्बत विभिन्न लोकसंस्कृतिले भरिपूर्ण स्वायत्त क्षेत्र हो । यसले स्वदेशमा सिन्जियाङ, छिङहाइ, सिचुआन र युनानसँग जोडिएको छ भने म्यानमार, भारत, भुटान, नेपाल र कश्मीर क्षेत्रसँग पनि सीमा जोडिएको छ । यस स्वायत्त क्षेत्रका ७ ओटा स्थानीय तहहरूमध्ये ६ ओटा प्रिफेक्चर-स्तर सहरहरू र एउटा क्षेत्र रहेका छन् । ल्हासा ती सहरहरूमध्ये एउटा हो र तिब्बत स्वायत्त क्षेत्रको सदरमुकाम केन्द्र पनि हो । यसको उत्तरमा नाग्कु सहर, दक्षिणमा शान्नान सहर, पश्चिममा शिगात्से सहर र पूर्वमा न्यङ्ची सहर रहेका छन् । ल्हासा सहरमा मुख्यतः तिब्बती जाति र हान जातिको बसोबास रहेको छ । ती दुइटा मुख्य जातिका अतिरिक्त हुई जातिलगायतका ३६ अल्पसङ्ख्यक जातिको बसोबास पनि यहाँ रहेको छ । यस स्थानमा मुख्य उत्पादन स्रोतको रूपमा पठार, जौ र याक रहेको छ । यहाँको हावापानी गर्मीमा अत्यधिक गर्मी र जाडोमा बाक्लो शीत लहरसँगै एकदमै चिसो रहेको छ । ल्हासाको हावापानी समशीतोष्ण पठारको अर्ध-सुक्खा प्रारम्भिक मनसुन हो । यहाँ वर्षभरि दिनमा लामो घाम लाग्ने, गर्मीमा कम गर्मी र पानी पर्छ भने जाडोमा चिसो र हावा चल्छ । ल्हासा पनि विश्वको महत्त्वपूर्ण पर्यटकीय गन्तव्य हो । ल्हासा सहरका प्राकृतिक, सामाजिक र भाषिक दृष्टिले विविधता भएको देखिन्छ भने यहाँको लोकसाहित्य तथा लोकसंस्कृतिको दृष्टिले हेर्दा पनि सम्पन्न भएको देखिन्छ ।

लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोककथा भनेको लोकमा प्रचलित मौखिक परम्परामा आधारित गद्य साहित्यिक विधा हो । समाजको मौखिक परम्पराबाट एक पुस्तादेखि अर्को पुस्तासम्म सञ्चरण हुँदै आएका कथा नै लोककथा मानिन्छ । लोककथामा तत्कालीन लोकजीवनका सुख, दुःख, हर्ष बिस्मातको वर्णन गरिएको हुन्छ । यी कथाहरू मानव जीवनको अतीतसँग मात्र नभई वर्तमानसँग पनि सम्बन्धित रहेका देखिन्छन् । लोककथामा लोकको आस्था लोकविश्वास, लोकसंस्कृति र सामाजिक रीतिरिवाजको प्रत्यक्ष प्रभाव हुन्छ । लोककथा मानवीय वा मानवेतर पात्रहरूको निर्माण गरी लौकिक वा अलौकिक परिवेशमा आख्यानत्मक घटनाहरूलाई अत्यन्तै मनोरञ्जक, रोचक, आकर्षक र कौतूहल रूपमा प्रस्तुत गरिएको देखिन्छ । लोककथाले लोकसमाजमा मनोरञ्जन मात्र नदीई व्यावहारिक शिक्षा पनि प्रदान गर्दछ । लोककथामा लोकजीवनको मूल्यमान्यता र परिस्थितिको वर्णन गर्दा सरल र स्वाभाविक रूपमा सबैले बुझ्ने भाषामा गरिएको हुन्छ । बेलुकाको काम सकेर वा बालबालिका सुत्नुभन्दा अगाडि बुढाबूढीहरूले नैतिक उपदेश तथा मनोरञ्जन प्रदान गर्ने खालका विभिन्न लोककथाहरू सुन्ने र सुनाउने प्रचलन रहेको छ ।

लोककथा लोकसाहित्यको महत्त्वपूर्ण विधा हो । तिब्बतको ल्हासा सहरमा परम्परादेखि विभिन्न लोककथाहरू प्रचलित भए पनि यस क्षेत्रलाई केन्द्रित भई लोककथाको अध्ययन भएको छैन । त्यही अभावको पूर्तिका लागि प्रस्तुत शोधकार्य गरिएको हो ।

## १.२ समस्याकथन

लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोककथा सबैभन्दा लोकप्रिय विधामध्ये एउटा हो । लोककथा लोकसाहित्यको लोकप्रिय विधा भए पनि तिब्बतको ल्हासा सहरलाई केन्द्रित भई कुनै अध्ययन भएको छैन । त्यसैले प्रस्तुत शोधकार्यको मूल समस्या ल्हासामा प्रचलित लोककथाहरूको अध्ययन गर्नु रहेको छ । यस समस्याको समधानका लागि निम्नलिखित शोधप्रश्नहरू निर्माण गरिएको छ :

(क) ल्हासा सहरमा के कस्ता लोककथाहरू प्रचलित छन् ?

(ख) ल्हासा सहरमा प्रचलित लोककथाहरू विधातात्त्विक दृष्टिले के कस्ता छन् ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रको प्रमुख उद्देश्य नै तिब्बतको ल्हासा सहरका लोककथाको सङ्कलन गरी तिनको वर्गीकरण र विधातात्त्विक अध्ययन पद्धतिको ढाँचाले विश्लेषण गर्नु हो । त्यसका लागि प्रस्तुत शोधपत्रमा निम्न निम्नलिखित उद्देश्य रहेका छन् :

(क) ल्हासामा प्रचलित लोककथाहरूको वर्गीकरण गर्नु,

(ख) ल्हासामा प्रचलित लोककथाहरूलाई लोककथाहरूको विधातात्त्विक विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

लोककथा लोकसाहित्यको महत्त्वपूर्ण विधा हो । लोकसाहित्यका क्षेत्रमा विभिन्न विद्वान्हरूले लोककथासम्बन्धी सैद्धान्तिक अध्ययन गरेका छन् भने विधागत अध्ययन पनि गर्दै आएका छन् । तिब्बती लोककथाहरू तिब्बत स्वायत्त क्षेत्रमा परम्परागत रूपमा एकदेखि अर्कोसम्म मौखिक रूपमा हस्तान्तरित हुँदै अहिलेसम्म प्रचलनमा आइरहेका छन् । कतिपय तिब्बती लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गरी अध्ययन गर्ने काम पनि भइसकेको छ र भइरहेको छ । यद्यपि तिब्बतको लोककथाको अध्ययनभन्दा सङ्कलनको काम बढी गरिएको देखिन्छ । लोककथाको अध्ययन गर्दा पनि तिब्बतलाई एउटा सिङ्गो भाग मानेर तिब्बती जातिलाई एउटा अल्पसङ्ख्यक समूहको रूपमा यस समूहभित्रको लोककथाको अध्ययन गरिएको देखिन्छ । तिब्बतको राजधानी सहर ल्हासा सहरलाई केन्द्र बनाई गरिएको लोककथाको विस्तृत अनुसन्धान अहिलेसम्म भेटिएको छैन । यस शोधकार्यसम्बन्धी निम्नलिखित पूर्वकार्यको विवरण यसरी दिइएको छ ।

तुलसी दिवस (२०३३) ले *नेपाली लोककथा*मा लोककथाको सैद्धान्तिक परिचय दिई नेपालव्यापी रूपमा लोककथाको सङ्कलन गरेका छन् । उक्त किताबले लोककथाको सैद्धान्तिक पक्षमा सघाउने भएकाले यसलाई पूर्वकार्यको समीक्षामा समेटिएको हो ।

लियाओ डोंगफान, त्सेरिङ दोर्जे र त्सेरिङ भुओगा (सन् १९८५/२०४२) ले *तिब्बतको लोककथा* नामक कथासङ्ग्रह चिनियाँ भाषामा प्रकाशित गरेका छन् । त्यसमा तिब्बतभित्रका विभिन्न ठाउँमा प्रचलित ४१ ओटा लोककथाको सङ्कलन गरिएका छन् । जसमा ल्हासाको लोककथाको पनि समावेश गरिएको देखिन्छ । तर यस सङ्ग्रहमा अनुवाद र सङ्कलनको काम मात्र गरिएको छ भने विश्लेषणको काम हुन सकेको छैन ।

गोङसाङ सान्जियान र दावा टाशी (सन् १९८८/२०४५) ले *ल्हासा लोककथा* नामक कथासङ्ग्रह चिनियाँ भाषामा प्रकाशित गरेका छन् । जसमा ल्हासाका विभिन्न ठाउँमा प्रचलित २० ओटा मात्र लोककथा समावेश गरिएको छ । तर यस सङ्ग्रहमा अनुवाद र सङ्कलनको काम मात्र गरिएको छ भने विश्लेषणको काम देखिएको छैन ।

गाङ् भुऔ (सन् २००३/२०६०) ले *चीनको मिन्जु विश्वविद्यालय* नामक जर्नलमा प्रकाशित गरेको 'द फोल्क कल्चर इन द फोल्क टेल्स अफ टिबेटन नेस्नालिटी' मा तिब्बती जातिलाई एउटै अल्पसङ्ख्यक समूहको रूपमा मानी यस समूहभित्रको लोककथालाई दुई प्रकारमा विभाजन गरेका छन्- एउटा लिखित रूपको कथा हो भने अर्को मौखिक सञ्चारको कथा हो । उनका अध्ययनमा तिब्बती मौखिक संचारका कथाहरूमा आदिम विचार र तत्कालीन सामाजिक घटनाहरूको वर्णन भएको देखिन्छ । यसमा तिब्बती लोककथाको चर्चा भए पनि ल्हासा सहरमा प्रचलित लोककथाको अध्ययन नभएकाले यसलाई सहयोगी सामग्रीको रूपमा समेटिएको छ ।

देवीबहादुर बस्नेत (२०६०) ले "सोलुखुम्बु जिल्लामा प्रचलित लोकथाहरूको सङ्कलन र वर्गीकरण" शीर्षकको मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागको स्नातकोत्तर शोधपत्रमा सोलुखुम्बु जिल्लाका लोककथालाई सङ्कलन गरेर सङ्कलित लोककथाको वर्गीरण गरी विश्लेषण गरेका छन् । सोलुखुम्बु जिल्ला पनि चीनको तिब्बतसँग जोडिएको नेपालको सीमावर्ती जिल्ला हो । उनको यो शोधपत्रमा ल्हासा सहरको लोककथाको भने कुनै अध्ययन गरिएको पाइँदैन । उक्त शोधपत्रले भने ल्हासा सहरको लोककथालाई वर्गीकरण र विश्लेषणमा सघाउ पुऱ्याउने भएकाले यसलाई पूर्वकार्यको समीक्षामा समेटिएको हो ।

ल्यु छ्युजी (सन् २०१२/२०६९) ले *तिब्बत विश्वविद्यालय* नामक जर्नलमा प्रकाशित गरेको 'अन द टाइप्स अफ टेल्स अबाउट टिबेटन विट्स एन्ड एन इन्टरप्रिटेसन अफ टिबेटन फोल्क कल्चर' मा पनि तिब्बती जातिलाई एउटा अल्पसङ्ख्यक समूहको रूपमा मानी तिब्बती बुद्धिमानी कथाहरूको लोकसंस्कृतिको व्याख्या गरिएको छ । उनका विश्लेषणमा तिब्बती लोककथामा तिब्बती संस्कृति मानिसहरूको दैनिक जीवन, खाद्य संस्कृति, ऐतिहासिक र सांस्कृतिक भावना, धार्मिक विश्वास र तिब्बती विशेषताहरू भरिएका देखिन्छ । यसमा तिब्बती बुद्धिमानी लोककथाको चर्चा भए पनि ल्हासा सहरमा प्रचलित लोककथाको अध्ययन नभएकाले यसलाई सहयोगी सामग्रीको रूपमा समेटिएको छ ।

मोतीलाल पराजुली (२०७१) ले *लोककथा सिद्धान्त र विश्लेषण* पुस्तकमा लोककथाको सिद्धान्त र केही लोककथाको विश्लेषण गरेका छन् । यसमा नेपालका विभिन्न जिल्लाका

लोककथाहरूलाई समेटिएको छ र लोककथाको विधातात्त्विक अध्ययनको ढाँचा पनि प्रस्तुत गरिएको देखिन्छ । उक्त पुस्तकले यस अध्ययनको सैद्धान्तिक आधार र विश्लेषणमा सघाउने भएकाले यसलाई सहयोगी सामग्रीको रूपमा समेटिएको छ ।

हर्कबहादुर मगर (२०७५) ले “डोटी जिल्लाको बडिकेदार गाउँपालिकामा प्रचलित लोककथाको अध्ययन” शीर्षकको मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागको स्नातकोत्तर शोधपत्रमा डोटी जिल्लाको बडिकेदार गाउँपालिकामा प्रचलित लोककथाको अध्ययन गरेका छन् । यसमा उनले लोककथाको सङ्कलन गरेर त्यसको वर्गीकरण विश्लेषण गरेका छन् । उक्त अध्ययनले प्रस्तुत शोधपत्रमा ल्हासा सहरको लोककथालाई वर्गीकरण र विश्लेषण खण्डमा सघाउ पुऱ्याउने भएकाले यसलाई पूर्वकार्यको समीक्षामा समेटिएको हो ।

लि ल्यानरौङ् (सन् २०१९/२०७६) ले तिब्बत अध्ययनको जर्नलमा प्रकाशित गरेको ‘एन एनालाइसिस् अफ द फोल्क कल्चर कोन्नोटेसन्स अफ द एबनर्मल बर्थ फोल्कटेल्स इन टिबेट’ मा पनि तिब्बती जातिलाई एउटा अल्पसङ्ख्यक समूहको रूपमा मानी ‘असामान्य जन्म’ बारेको तिब्बती लोककथाको सांस्कृतिक अर्थको विश्लेषण गरिएको छ । उनका विश्लेषणमा प्रकृति र मानवको विशेषताहरू तिब्बतीहरूले राम्रोसँग बुझेका साथै यिनीहरू बहुसंस्कृतिहरू अपनाउने, स्वीकार गर्ने र एकीकृत गर्ने क्षमता पनि देखाइएको छ । यसमा तिब्बती लोककथाको संस्कृतिको चर्चा भए पनि ल्हासा सहरमा प्रचलित लोककथाको अध्ययन नभएकाले यसलाई सहयोगी सामग्रीको रूपमा समेटिएको छ ।

ज्योति रिजाल (२०७९) ले “बारबर्दिया नगरपालिका क्षेत्रमा प्रचलित लोककथाको अध्ययन” मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागको स्नातकोत्तर शोधपत्रमा नेपालको बारबर्दिया नगरपालिका लोककथालाई सङ्कलन गरेर सङ्कलित लोककथाको वर्गीकरण गरी विश्लेषण गरेका छन् । उनको यो शोधपत्रमा तिब्बतको ल्हासा सहरको लोककथाको भने कुनै अध्ययन गरिएको पाइँदैन । यद्यपि उक्त शोधपत्रले भने ल्हासा सहरका लोककथाहरूलाई वर्गीकरण र विश्लेषणमा विशेष सघाउने भएकाले यसलाई पूर्वकार्यको समीक्षामा समेटिएको हो ।

उपर्युक्त पूर्वकार्य अध्ययनले के देखाउँछ भने नेपाली लोककथामा धेरै अध्ययन भएका छन् । तिब्बतको लोककथाको सङ्कलन, अध्ययन र विश्लेषण भए पनि ल्हासा सहरमा केन्द्रित भई प्रचलित लोककथाहरूको खासै अध्ययन-विश्लेषण हालसम्म नभएकाले यसको अभाव पूर्तिका लागि यो शाधकार्य गर्नु आवश्यक छ । यसका लागि प्रस्तुत शोधकार्यमा तिब्बतको ल्हासा सहरका छ्युश्युर काउन्टी, लिन्झाउ काउन्टी र डाङ्सुङ् काउन्टीका लोककथाहरूलाई सङ्कलन र लिपिबद्ध गरी लोककथाका विधातात्त्विक विश्लेषण गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

खोज तथा अनुसन्धान गर्ने कार्य महत्त्वपूर्ण विषय हो । विषयवस्तुको गहिरो अध्ययन गरेपछि एउटा निष्कर्ष निस्कन्छ । त्यसैको आधारमा अध्ययनको महत्त्व प्राप्त हुने गर्दछ । तिब्बतको ल्हासा

सहरको लोककथाको अध्ययन अहिलेसम्म भएको छैन । त्यही अभावपूर्तिका लागि यो शोधपत्र तयार गरिएको छ । त्यही नै प्रस्तुत शोधकार्यको औचित्य रहेको छ । ल्हासा सहरका जनजीवनको परिवेश, त्यस क्षेत्रका सामाजिक, सांस्कृतिक विविध पक्षहरूको वर्णन भएको हुँदा प्रस्तुत शोधकार्य ल्हासाको लोकसाहित्यका क्षेत्रमा महत्त्वपूर्ण र औचित्यपूर्ण भएको छ ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत शोधकार्य तिब्बतको ल्हासा सहरमा प्रचलित लोककथालाई आधार बनाएर तयार पारिएको छ । शोधकार्य तयार पार्ने क्रममा छ्युश्युर काउन्टी, लिन्भ्काउ काउन्टी र डाङ्सुङ् काउन्टी गरी तीनओटा काउन्टीमा प्रचलित १४ ओटा लोककथाहरूको मात्र अध्ययन गरिएको छ । ती लोककथाहरूलाई वर्गीकरण र विधातात्त्विक आधारमा मात्र विश्लेषण गरिएको छ । यही नै यस शोधको मुख्य सीमा हो ।

## १.७ शोधविधि

शोधविधिअन्तर्गत सामग्री सङ्कलन र सामग्रीको विश्लेषण विधि पर्दछन् ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य पूरा गर्नका लागि आवश्यक पर्ने प्राथमिक सामग्रीको सङ्कलन क्षेत्रकार्य प्रक्रियाबाट गरिएको छ । तिब्बतको ल्हासा सहरका छ्युश्युर काउन्टी, लिन्भ्काउ काउन्टी र डाङ्सुङ् काउन्टी गई सामग्री सङ्कलन गरिएको छ । ती ठाउँहरूका लोककथा जानकार र वाचकलाई प्रत्यक्ष भेटी उनीहरूको वाचनकलालाई आवाजमा रेकर्ड गरिएको छ र यसरी रेकर्ड गरिएको आवाजलाई प्रतिलेखन गरी सम्बद्ध क्षेत्रमा प्रचलित लोककथाको लिखित पाठ तयार गरिएको छ । तिनै लिखित पाठ नै प्रस्तुत सन्दर्भमा सङ्कलन, वर्गीकरण र विश्लेषणका प्राथमिक आधारभूत सामग्री हुन् । यसरी रेकर्ड गरिएका वाचकको नाम, थर, उमेर र ठेगाना तथा उनीहरूद्वारा वाचन गरिएका लोककथाको लिपिबद्ध रूप यसै शोधको परिशिष्टमा राखिएको छ । त्यस्तै लोककथाको वर्गीकरण र विश्लेषण गर्न द्वितीयक स्रोतको पनि उपयोग गरिएको छ । द्वितीयक स्रोतका सामग्रीको सङ्कलन कार्य मुख्यतः पुस्तकालयबाट गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषण विधि

प्रस्तुत शोधपत्रमा निर्धारित क्षेत्रबाट सङ्कलन गरिएका लोककथालाई विषयवस्तुका आधारमा लोककथाको वर्गीकरण गरिएको छ भने विधातात्त्विक सिद्धान्तलाई आधार बनाएर विश्लेषण गरिएको छ । लोककथाको वर्गीकरण र विश्लेषण भने वर्णनात्मक र विश्लेषणात्मक विधिका आधारमा गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित परिच्छेदहरूमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : तिब्बतको ल्हासा सहरको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद : तिब्बतको ल्हासा सहरमा प्रचलित लोककथाहरूको वर्गीकरण

चौथो परिच्छेद : तिब्बतको ल्हासा सहरमा प्रचलित लोककथाहरूको विधातात्त्विक विश्लेषण

पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष

परिशिष्टहरू

परिशिष्ट 'क' : ल्हासा सहरमा प्रचलित लोककथाहरू (नेपाली अनुवाद)

परिशिष्ट 'ख' : ल्हासा सहरमा प्रचलित लोककथाहरू (चिनियाँ लिपिबद्ध)

परिशिष्ट 'ग' : ल्हासा सहरको नक्सा

परिशिष्ट 'घ' : कथावाचकको सूची

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

# तिब्बतको ल्हासा सहरको सङ्क्षिप्त परिचय

## २.१ विषयपरिचय

लोककथामा लोकजीवनका विविध पक्षहरू समेटिएको देखिन्छ । यसमा समाजका सांस्कृतिक, धार्मिक, सामाजिक आदि विभिन्न रीतिरिवाजको प्रत्यक्ष प्रभाव रहेको हुन्छ । त्यसैले प्रस्तुत शोधपत्रको यस परिच्छेद तिब्बतको ल्हासा सहरको सङ्क्षिप्त परिचयमा आधारित रहेको छ । ल्हासा नै तिब्बत स्वायत्त क्षेत्रभित्र अवस्थित हुनाले यहाँ तिब्बत स्वायत्त क्षेत्रको सङ्क्षिप्त परिचय पनि दिइएको छ । ल्हासा सहरको सङ्क्षिप्त परिचय दिने क्रममा भने भौगोलिक परिचय, प्राकृतिक पर्यावरण, राजनैतिक तथा प्रशासनिक विभाजन, शैक्षिक स्थिति, धार्मिक एवम् पर्यटकीय स्थलहरू, आर्थिक स्थिति, सञ्चार तथा यातायात र सांस्कृतिक अवस्थालाई क्रमबद्ध तरिकाले प्रस्तुत गरिएको छ ।

## २.२ तिब्बत स्वायत्त क्षेत्रको सङ्क्षिप्त परिचय

तिब्बत स्वायत्त क्षेत्र चीनका ३४ प्रान्तीय प्रशासनिक क्षेत्रअन्तर्गत पर्ने ५ ओटा स्वायत्त क्षेत्रमध्येको एक हो । यसलाई छोटकरीमा 'तिब्बत' वा 'सी चाङ' भनेर चिनिन्छ । "तिब्बत प्राचीन कालदेखि नै चीनको अभिन्न अङ्ग हो । ईसापूर्वदेखि नै तिब्बती र हान जातिको घनिष्ठ सम्बन्ध थियो । सातौँ शताब्दीको सुरुमा सोङत्सेन गाम्पोले तिब्बती पठारलाई एकीकरण गरे र भोट राजवंशको स्थापना गरे । उनले ल्हासालाई यसको राजधानी बनाए । सन् ६४१ उनले ताङ राजवंशकी राजकुमारी वेनचेङसँग विवाह गरे । सन् १२७९ को सुरुदेखि तिब्बत चीनका युआन राजवंश, मिङ राजवंश र छिङ राजवंशहरूको केन्द्रीय सरकारहरूद्वारा प्रत्यक्ष रूपमा शासित हुने प्रशासनिक क्षेत्र भयो । सन् १९४९ अक्टोबर जन गणतन्त्र चीन स्थापना भएको थियो । सन् १९५१ मे तिब्बत शान्तिपूर्ण रूपमा मुक्ति भएको थियो र जन गणतन्त्र चीनको प्रशासनमा रह्यो । सन् १९५९ मार्च तिब्बती स्थानीय सरकारले सशस्त्र विद्रोह सुरु गऱ्यो । त्यसपछि चीनको केन्द्रीय जनसरकारले तिब्बती स्थानीय सरकारको विघटन गरी लोकतान्त्रिक सुधारहरू गरेर सामन्ती दासत्व प्रणालीको उन्मुलन गऱ्यो र लाखौँ दासहरूलाई मुक्त गर्ने घोषणा गऱ्यो । सन् १९६५ सेप्टेम्बर तिब्बत स्वायत्त क्षेत्र आधिकारिक रूपमा स्थापित भयो, र तिब्बतको विकासमा नयाँ पृष्ठको खुला भयो" (तिब्बत सवायत्त क्षेत्रको जनसरकार वेबसाइट, सन् २०२३, पृ. १) ।

तिब्बत चीनको दक्षिणपश्चिम सीमामा अवस्थित छ । "यस स्वायत्त क्षेत्रको सीमाना उत्तरमा सिन्जियाङ उइगुरू स्वायत्त क्षेत्र र छिङहाई प्रान्त, दक्षिणमा नेपाल, भुटान, भारत र म्यामार, पश्चिममा भारत र कश्मीर क्षेत्र र पूर्वमा सिचुआन प्रान्त र युनान प्रान्तसम्म फैलिएको छ" ( तिब्बत सवायत्त क्षेत्रको जनसरकार वेबसाइट, सन् २०२३, पृ. १) । विशेष गरी यो नेपालका सिन्धुपाल्चोक, रसुवा, मुस्ताङजस्ता उत्तरी भागमा रहेका १४ ओटा जिल्लासँग जोडिएको छ । तिब्बतसँग जोडिएको राष्ट्रिय सिमाना लगभग ४ हजार किलोमिटर लामो भएर यसलाई देशको

सुरक्षा र पारिस्थितिक सुरक्षाका लागि एउटा महत्त्वपूर्ण बाधा मानिन्छ । तिब्बत स्वायत्त क्षेत्रको कुल क्षेत्रफल १२ लाख वर्ग किलोमिटर छ, जुन चीनको कुल क्षेत्रफलको लगभग १२.५ प्रतिशत ओगटेको छ । "सन् २०२१ सम्म यस क्षेत्रको स्थायी जनसङ्ख्या ३६.६ लाख पुगेको छ । तिब्बती र हान जातिहरूका अतिरिक्त यस क्षेतमा हुइ, मोन्बा, ल्होबा, नक्सी, शेर्पा, देङ आदि जातिहरू पनि छन् । तिब्बती जातिको जनासङ्ख्या ९०%, हान जातिको ८% र अन्य जातीय अल्पसङ्ख्यकहरूले लगभग २% ओगटेका छन् । यस स्वायत्त क्षेत्रमा हाल ६ ओटा सहरहरू (ल्हासा, सिगात्से, शान्नान, न्यङ्ची, काम्डो, र नाग्कु) र एउटा क्षेत्र (ङारी) रहेका छन् भने तीअन्तर्गत जम्मा ७४ स्थानीय काउन्टी रहेका छन्" (तिब्बत सवायत्त क्षेत्रको जनसरकार वेबसाइट, सन् २०२३, पृ. १) । ल्हासा पनि तिब्बतको सदरमुकाम रहेको छ । तिब्बत विभिन्न लोकसंस्कृतिले भरिपूर्ण स्वायत्त क्षेत्र हो । यस क्षेत्रको भूभाग धेरैजसो पठार क्षेत्रअन्तर्गत पर्दछ र यसको औसत उचाइ ४,००० भन्दा माथि रहेको छ । जलवायु जटिल र विविध रहेको छ । दिउँसोभरि लामो समयसम्म घाम लाग्छ । यहाँ विशाल भूभाग, समृद्ध प्राकृतिक स्रोत, विविध प्राणी तथा वनस्पति स्रोतहरू पाइनुका साथै खनिज स्रोत, जलस्रोत, सौर्य स्रोत र वायु ऊर्जा स्रोतहरूको विकासको व्यापक सम्भावनाहरू रहेका छन् । यो चीनको प्रमुख पशुपालन क्षेत्रहरूमध्ये एक हो । कृषि यहाँ अर्थतन्त्रको मुख्य आधार हो । मुख्य बालीहरू जुवा, गहुँ, मकै आदि हुन् र मुख्य पशुपालनहरू याक, भेडा र बाखा हुन् । पछिल्ला समयहरूमा तिब्बती जडिबुटी, जातीय हस्तशिल्प, हरियो खाना र निर्माणसम्बन्धी व्यवसायहरूको विकास पनि हुँदै गएको देखिन्छ । यहाँ प्राथमिक तहदेखि पीएचडी तहसम्म अध्ययन हुने भएकाले साक्षरदेखि उच्च शिक्षित वर्गका मानिसहरूको बसोबास रहेको पाइन्छ । यस क्षेत्रमा यातायात तथा सञ्चारको विकास पनि सन्तोषजनक रूपमा रहेको पाइन्छ ।

तिब्बतको पुरानो नाम भोट थियो । चीनका युआन राजवंशदेखि तिब्बतलाई पश्चिमी भोट मान्थे । क्रमशः अहिले त्यसलाई चिनियाँ भाषामा "सी चाङ" भनिन्छ । "सी" भनेको पश्चिम हो भने "चाङ" भनेको भोट हो । "तिब्बत" शब्द कहाँबाट आएको हो भने धेरै समय पहिले तुर्क र मंगोलहरूले तिब्बतीहरूलाई "तिब्बत" को उच्चारण मिल्ने शब्दहरू भन्थे । युआन राजवंशमा उनीहरूलाई अरबीहरूले पश्चिममा परिचय गराए र बिस्तारै संसारमा "तिब्बत" शब्दको व्यापाक प्रयोग गरियो । पहिलेदेखि नै आदिबासी तिब्बतीहरूको बाहुल्य रहेको यस क्षेत्रभित्र पछिल्ला दिनहरूमा चीनका अन्य प्रान्तबाट पनि बसाइँ सराइ गरी आउनेको क्रम बढेसँगै यस क्षेत्रमा जातीय विविधता र मिश्रित संस्कृति रहेको पाइन्छ ।

## २.३ ल्हासा सहरको परिचय

तिब्बतमा रहेका ७ ओटा स्थानीय तहहरू (६ ओटा सहर र १ ओटा क्षेत्र) मध्ये ल्हासा सहर पनि एक हो । यो तिब्बतको सदरमुकाम पनि हो । यसको उत्तरमा नाग्कु सहर, दक्षिणमा शान्नान सहर, पश्चिममा शिगात्से सहर र पूर्वमा न्यङ्ची सहर रहेका छन् । ल्हासा सहरमा ५ ओटा काउन्टी र ३ ओटा डाउनटाउन क्षेत्र रहेका छन् भने ३ ओटा आर्थिक कार्यात्मक विशेष क्षेत्रहरू पनि स्थापित भएका छन् । "ल्हासा तिब्बती भाषामा 'पवित्र भूमि' मानिन्छ । इतिहासमा त्यसलाई 'लुओच' भनेर पनि

चिनिन्थ्यो । सातौँ शताब्दीमा सोङत्सेन गाम्पोले तिब्बतलाई एकीकरण गरेपछि राज्यको राजधानी यालोङबाट रसा (आजको ल्हासा) मा सारे र भोट राजवंशको स्थापना गरे । त्यसबेलादेखि ल्हासा तिब्बतको धार्मिक, राजनैतिक, आर्थिक र सांस्कृतिक केन्द्र बन्यो" (ल्हासा सहरको जनसरकार वेबसाइट, सन् २०२३, पृ. १) ।

### २.३.१ ल्हासा सहरको भौगोलिक परिचय

भौगोलिक हिसाबले उत्तरमा नाग्कु सहर, दक्षिणमा शान्नान सहर, पश्चिममा शिगात्से सहर र पूर्वमा न्यङ्ची सहरसँग जेडिएको ल्हासा सहरको कुल क्षेत्रफल २९,६४० वर्ग किलोमिटर रहेको छ । यस नगरपालिकाको अन्य विस्तृत विवरण निम्नानुसार रहेको छ :

**तालिका नं. १**

**ल्हासा सहरको भौगोलिक परचय**

| क्र.सं. | विवरण | तथ्याङ्क |
|---|---|---|
| १. | क्षेत्रफल | २९,६४० |
| २. | अक्षांश | २९ डिग्री ३६ मिनेटदेखि ३० डिग्री २४ मिनेट उत्तरसम्म |
| ३. | देशान्तर | ९१ डिग्री ०६ मिनेटदेखि ९१ डिग्री २६ मिनेट पूर्वसम्म |
| ४. | उचाई | औसतमा समुन्द्र सतहबाट ३६०० मि. |
| ५. | जनघनत्व | प्रति वर्ग कि.मी. २९ जना (सन् २०२२) |

(उद्धृत स्रोत : ल्हासा सहरको जनसरकार वेबसाइट, सन् २०२३, पृ. २)

### २.३.२ ल्हासा सहरको राजनैतिक तथा प्रशासनिक विभाजन

ल्हासा सहर तिब्बतका ७ ओटा स्थानीय तहमध्ये एउटा स्थानीय तह हो । यो सहर तिब्बतको केन्द्रमा अन्तर्गत पर्छ । ल्हासा सहरमा ५ ओटा काउन्टी (डाङ्सुङ् काउन्टी, छ्युश्युर काउन्टी, लिन्भ्काउ काउन्टी, निमू काउन्टी र मोजुगोङ्गार काउन्टी) र ३ ओटा डाउनटाउन क्षेत्र ( छङ्गुआन क्षेत्र, ड्वीलौङ् डभ्मिङ क्षेत्र र डात्जे क्षेत्र) रहेका छन् भने ३ ओटा आर्थिक कार्यात्मक बिशेष क्षेत्रहरू (राष्ट्रिय आर्थिक र प्राविधिक विकास क्षेत्र, लिङ्गुङ नयाँ क्षेत्र र सांस्कृतिक नवीकरण पार्क क्षेत्र) स्थापित पनि भएका छन् । यस सहरको मुख्य सरकारी कार्यालय डाउनटाउन क्षेत्र छङ्गुआनमा रहेको छ ।

### २.३.३ ल्हासा सहरका जनसंख्या र जातिहरू

सदरमुकामको रूपमा हुने ल्हासा सहर तिब्बत स्वायत्त क्षेत्रको राजनीतिक, आर्थिक र सांस्कृतिक केन्द्र मात्र नभई जनसंख्याको हिसाबले पनि तिब्बतको सबैभन्दा ठूलो सहर हो । "ल्हासा सहरको कुल जनसङ्ख्या लगभग ९.५ लाख रहेको छ भने तीमध्ये ५ लाख ४३ हजार ६०० को स्थानीय तहमा दर्ता गरिएको छ । सहरमा तिब्बती, हान र हुइलगायत ३८ जातिहरू बसोबास गर्छन् । तीमध्ये तिब्बती र अन्य जातिय अल्पसंख्यक जनसंख्या ७८.४% रहेको छन्" (ल्हासा सहरको जनसरकार वेबसाइट, सन् २०२३, पृ. २) ।

### २.३.४ ल्हासा सहरको आर्थिक स्थिति

ल्हासा सहरको आर्थिक स्थिति तिब्बतको सबैभन्दा राम्रो रहेको देखिन्छ । "सन् २०२२ मा ल्हासा सहरको कुल उत्पादन मूल्य (जीडीपी) ७४ अर्ब ७५ करोड ७० लाख चिनियाँ युआन पुगेको छ। जसमध्ये : प्राथमिक उद्योगको थप मूल्य २ अर्ब ६७ करोड ४० लाख चिनियाँ युआन रहेको छ, दोस्रो उद्योगको थप मूल्य २९ अर्ब १२ करोड ५० लाख चिनियाँ युआन रहेको छ र तेस्रो उद्योगको थप मूल्य ४२ अर्ब ९५ करोड ८० लाख चिनियाँ युआन रहेको छ। सन् २०२२ मा सहरको कुल आयात निर्यात व्यापार मात्रा ४ अर्ब ४४ करोड ६० लाख चिनियाँ युआन पुगेको छ तीमध्ये निर्यात ४ अर्ब १८ करोड २० लाख युआन र आयात २६ करोड ४० लाख युआन रहेको छ" (ल्हासा सहरको राष्ट्रिय आर्थिक तथा सामाजिक विकास तथ्याङ्क रिपोट, सन् २०२३, पृ. १) । पहिले ल्हासा सहरको आम्दानीको मूलस्रोत कृषि र पशुपालन थियो । अहिले नयाँ स्रोत, न्यून कार्बन जस्ता हरियो उद्योगको विकास पनि हुँदै जाँदै छ। "सन् २०२२ मा ल्हासा सहरको कृषि, वन, पशुपालन र मत्स्यपालनको कुल उत्पादन मूल्य ४ अर्ब ९८ करोड २० लाख युआन रहेको छ। जसमा कृषि उत्पादन मूल्य १ अर्ब ९२ करोड ८० लाख युआन रहेको छ, वन उत्पादन मूल्य १६ करोड ५० लाख युआन रहेको छ, पशुपालन उत्पादन मूल्य २ अर्ब ८४ करोड ६० लाख युआन रहेको छ र कृषि, वन, पशुपालन र मत्स्यपालन सेवा उद्योग उत्पादन मूल्य ४ करोड ३० लाख युआन रहेको छ। सन् २०२२ मा कुल अन्न उत्पादन १ लाख ६० हजार टन रहेको छ । जसमा पठार जौ १ लाख १९ हजार १०० टन र रापसीड ८ हजार ७ सय टन समावेश भएको छ । तरकारीको उत्पादन २ लाख ७० हजार टन रहेको छ । सन् २०२२ को अन्त्यमा सहरमा ९९ ओटा ठूला औद्योगिक उद्यमहरू रहेका छन् जसको कुल औद्योगिक उत्पादन मूल्य २१ अर्ब ३० करोड ३० लाख युआन रहेको छ" (ल्हासा सहरको राष्ट्रिय आर्थिक तथा सामाजिक विकास तथ्याङ्क रिपोर्ट, सन् २०२३, पृ. २) । यस सहरभित्र विविध परम्परागत तथा नयाँ व्यवसायको विकास भएकाले यहाँका बासिन्दाहरूको आर्थिक स्थिति राम्रै देखिन्छ।

### २.३.५ ल्हासा सहरको प्राकृतिक पर्यावरण

ल्हासा सहरको प्राकृतिक पर्यावरणको परिचय दिने क्रममा हावापानी, नदी नाला र तालहरूलाई क्रमबद्ध तरिकाले यस प्रकार प्रस्तुत गरिएको छ ।

#### (क) हावापानी

ल्हासाको हावापानी समशीतोष्ण पठारको अर्ध-सुक्खा प्रारम्भिक मनसुन हो । बलियो विकिरण, लामो घाम र वर्षमा १२५ दिनभन्दा बढी घाम हुन्छ । यसलाई "घाम लाग्दो सहर" भनिन्छ। ल्हासामा छुट्टै सुख्खा र भिजेको मौसम हुन्छ। जाडो र वसन्तमा थोरै वर्षा हुन्छ र सुख्खा र बलियो हावा चल्छ । वर्षामा वार्षिक वर्षा २०० देखि ५१० मिमीसम्म, मुख्यतया जूनदेखि सेप्टेम्बरसम्म पानी पर्छ। हिउँदमा नोभेम्बरदेखि मार्चसम्म हिउँ पर्छ। वार्षिक औसत तापमान कम हुन्छ र दिन र रात बीचको तापमानको भिन्नता ठूलो हुन्छ। जून वर्षको उच्चतम तापक्रम महिना हो भने जनवरी सबैभन्दा कम तापक्रम महिना हो। जूनको औसत तापमान १५.७ डिग्री सेल्सियस

छ भने जनवरीको औसत तापमान माइन २ डिग्री सेल्सियस हुन्छ । भौगोलिक बनावटको आधारमा यस सहरको हावापानीमा भिन्नता रहेको पाइन्छ ।

**(ख) नदीनाला र तालहरू**

ल्हासा सहरभित्र रहेका नदी नाला तथा तालतलैयाहरू प्राकृतिक स्रोतका रूपमा महत्त्वपूर्ण रहेका छन् । यस क्षेत्रमा ठूलासाना केही रमणीय तालहरू रहेका छन् जसमध्ये ल्हासा नदी सहरको माता नदी मानिन्छ । तिब्बती भाषामा ल्हासा नदीलाई जिछ्यु नदी पनि भनिन्छ जस्को अर्थ खुसी नदी हो । यसको कुल लम्बाइ ५६८ किलोमिटर हो । यो तिब्बतको ब्रह्मपुत्र नदीको सहायक नदी हो । सहरमा नदीहरूको औसत वार्षिक प्रवाह ३४ अर्ब घन मिटर छ र तालहरूमा २० अर्ब घन मिटर पानीको भण्डार रहेको छ । यसका अतिरिक्त सहरमा भूमिगत पानी पनि प्रशस्त छ ।

### २.३.६ ल्हासा सहरका धार्मिक एवम् पर्यटकीय स्थलहरू

ल्हासा सहरभित्रका धार्मिक स्थलहरूमा पोताला दरबार, जोखाङ मन्दिर, रामोचे मन्दिर, ड्रेपुङ गुम्बा, सेरा गुम्बा, गांडेन गुम्बा, झाजी गुम्बा, नोर्बुलिङ्का आदि रहेका छन् । यसै सहरका पर्यटकीय स्थलहरूमा बर्खोर बजार, राजकुमारी वेन्चेङ एपिक थिएटर स्क्वायर, ल्हासा नदी, नानसान पार्क, तिब्बत संग्रहालय, खगोल विज्ञान अनुभव केन्द्र र प्राकृतिक विज्ञान संग्रहालय आदि रहेका छन् । यस सहरभित्र नामत्सो राष्ट्रिय निकुञ्ज पनि रहेको छ । ल्हासा सहर धार्मिक एवम जैविक विविधता र ऐतिहासिक तथा प्राकृतिक सम्पदाले भरिपूर्ण सहर हो ।

### २.३.७ ल्हासा सहरको शैक्षिक र स्वास्थ्य स्थिति

ल्हासा सहरमा प्राथमिक तह देखि पिएचडी तहसम्म अध्ययन अध्यापन हुन्छ । "२०२२ को अन्त्यमा ल्हासा सहरअन्तर्गत शैक्षिक एकाइहरू निम्नानुसार छन् : एउटा उच्च शिक्षा संस्था (ल्हासा शिक्षक-प्रशिक्षण व्यावसायिक कलेज), २ ओटा माध्यमिक व्यावसायिक विद्यालय, २३ ओटा सामान्य माध्यमिक विद्यालय, ७४ ओटा प्राथमिक विद्यालय, २७६ ओटा बालगृह र एउटा विशेष विद्यालय रहेका छन्" (ल्हासा सहरको राष्ट्रिय आर्थिक तथा सामाजिक विकास तथ्याङ्क रिपोर्ट, सन् २०२३, पृ. ५) । यसका अतिरिक्त स्वायत्त क्षेत्रको प्रशासनअन्तर्गत रहेका तिब्बत विश्वविद्यालय, तिब्बती चिकित्सा विश्वविद्यालय, तिब्बत पुलिस कलेज, तिब्बत व्यावसायिक र प्राविधिक कलेज पनि ल्हासा सहरमा अवस्थित छन् । तीमध्ये तिब्बत विश्वविद्यालय चीनको दोहोरो प्रथम श्रेणीको विश्वविद्यालयको सूचीमा रहको छ । त्यसैले यहाँ सामान्य साक्षरदेखि उच्च शिक्षित वर्गका मानिसहरूको बसोबास रहेको पाइन्छ । ल्हासा सहरको सातौं राष्ट्रिय जनगणनाअनुसार ल्हासा सहरको कुल जनसङख्याको ८३.३० प्रतिशत साक्षरतादर देखिन्छ । यसबाट के बुझ्न सकिन्छ भने ल्हासा सहरमा सामान्य साक्षरदेखि उच्च शिक्षित वर्गका मानिसहरूको बसोबास रहेको पाइन्छ ।

ल्हासा सहरका स्वास्थ्य पूर्वाधार निर्माण र सेवाहरू पनि सुव्यवस्थित रहेका देखिन्छन् । "सन् २०२२ को अन्त्यसम्ममा ल्हासा सहरमा ५८१ ओटा स्वास्थ्य संस्था रहेका छन् । जसमा ३४ ओटा अस्पताल र ५३५ ओटा स्थानीय तहका स्वास्थ्य संस्था (१५ ओटा सामुदायिक स्वास्थ्य सेवा केन्द्र,

५३ ओटा स्वास्थ्य केन्द्र, १९३ ओटा गाउँ स्वास्थ्य अफिस, ४२ ओटा आउट-पेशेन्ट सेवा अफिस र २३२ ओटा क्लिनिक), १० ओटा व्यावसायिक सार्वजनिक स्वास्थ्य संस्थाहरू, एउटा रक्त सङ्कलन र आपूर्ति संस्था र एउटा कार्यरत चिकित्सा प्रशिक्षण संस्था रहेका छन्" (ल्हासा सहरको राष्ट्रिय आर्थिक तथा सामाजिक विकास तथ्याङ्क रिपोर्ट, सन् २०२३, पृ. ६) ।

### २.३.८ ल्हासा सहरको सञ्चार तथा यातायात

ल्हासा सहरको सञ्चार तथा यातायात पनि विकसित देखिन्छ । यहाँ त्यसको विवरण प्रस्तुत गरिएको छ ।

#### (क) सञ्चार

सञ्चार अभिव्यक्तिको माध्यम हो । ल्हासा सहरमा सञ्चारको अवस्था सन्तोषजनक र विकसित भएको देखिन्छ । यहाँ बसोबास गर्ने मानिसहरूले प्रायजसो टेलिफोन, मोबाइल, कम्प्युटर, इन्टरनेट जस्ता आधुनिक उपकरणहरूको प्रयोग गर्छन् । "सन् २०२२ को अन्त्यमा, स्थिर र मोबाइल फोन प्रयोगकर्ताहरूको कुल संख्या १३ लाख ८५ हजार पुगेको छ जसमध्ये १ लाख ६२ हजार ६ सय मोबाइल फोन प्रयोगकर्ताहरू भएका छन्" (ल्हासा सहरको राष्ट्रिय आर्थिक तथा सामाजिक विकास तथ्याङ्क रिपोर्ट, सन् २०२३, पृ. ४) । आजकल यस सहरमा ५-जी राम्रो हुँदै गइरहेको देखिन्छ । सन् २०२३ को अन्त्यसम्म तिब्बतको सूचना र सञ्चार उद्योगले ५-जीको निर्माणमा ३ अर्ब २० करोड युआन लगानी भएको छ र कुल ८,७१० ५-जी आधार स्टेशनहरूको निर्माण गरिएको छ । अहिलेसम्म तिब्बतका सबै सहर र गाउँहरूमा ५-जीको पहुँच भएको छ । ५-जी नेटवर्क सेवाको निरन्तर सुधारले पठारको उच्च-गुणस्तरको आर्थिक र सामाजिक विकासमा बलियो प्रोत्साहन दिएको छ । "सन् २०२२ मा ल्हासा हुलाक सेवासँग विभिन्न प्रकारका २८७ ओटा व्यवसायिक स्टेशनहरू छन् जसमा ६८ ओटा ग्रामीण क्षेत्रमा अवस्थित छन् । साथै २०० ओटा एक्सप्रेस डेलिभरी सेवा स्टेशनहरू छन् जसमा २० ओटा ग्रामीण क्षेत्रमा अवस्थित छन् । सहरमा कुल ४९ ओटा हुलाक मार्गहरू छन् जसको कुल लम्बाइ १९,०६८ किलोमिटर रहेको छ । यिनै सञ्चारका माध्यमहरूद्वारा नै ल्हासा सहरको जनताहरूले देश तथा विदेशमा रहेका सूचना तथा समाचारलाई आदानप्रदान गर्न सक्ने भूमिका निर्वाह गरेका छन्" (ल्हासा हुलाक उद्योग विकास तथ्याङ्क रिपोर्ट, सन् २०२३, पृ. २) ।

#### (ख) यातायात

ल्हासा सहरमा रेल, गाडी र कस जस्ता साधन सुविधा पाइन्छन् । ल्हासा सहर पुग्ने रेलहरूमा छिङहाइ-तिब्बत रेलवे, सिचुआन-तिब्बत रेलवे र ल्हासा-सिकात्से रेलवे रहेका छन् । ल्हासा सहरमा ३ ओटा मुख्य रेलवे स्टेशनहरू समावेश भएका छन् : ल्हासा स्टेशन, ल्हासा दक्षिण स्टेशन र ल्हासा पश्चिम स्टेशन । ल्हासा सहरमा ग्रामीण क्षेत्रलगायत सहरभित्रका सबै ठाउँमा यातायातका साधनहरू चल्ने सडक भएका छन् । "सन् २०२२ को अन्त्यसम्म सहरका ग्रामीण सडकहरूको कुल लम्बाइ (राष्ट्रिय र प्रादेशिक सडकहरू बाहेक) ५,३१२.४ किलोमिटर पुगेकोछ । बस सञ्चालन

लाइनहरूको कुल लम्बाइ १,०५७ किलोमिटर छ र वार्षिक बस यात्रु मात्रा ४ करोडभन्दा बढी भएको छ" (ल्हासा सहरको राष्ट्रिय आर्थिक तथा सामाजिक विकास तथ्याङ्क रिपोर्ट, सन् २०२३, पृ. ४) । यहाँका बासिन्दाले निजी तथा सार्वजनिक साधनको भरपुर प्रयोग गर्न पाएका छन् । ल्हासा सहरको यातायातको अवस्था र ल्हासा सहरभित्र रहेका सडकहरूको स्थिति राम्रो हुँदै गएको देखिन्छ ।

**२.३.९ ल्हासा सहरको सांस्कृतिक अवस्था**

ल्हासा सहरमा विभिन्न जातजातिका मानिसहरूको बसोबास रहेको पाइन्छ । यस सहरमा आदिवासीका रूपमा तिब्बती जातिको बसोबास रहेको कारणले यस सहरको प्राचिन सांकृतिक परम्परा तिब्बती समुदायमा जीवित रहेको देखिन्छ । यसका अतिरिक्त हान, हई आदि विभिन्न जातिका मानिसहरूको बसोबास रहेको पाइन्छ । यस सहरमा आदिवासीका रूपमा रहेका तिब्बतीहरू र बाहिरी प्रान्तबाट आएका अन्य जातिहरूको बसोबासका कारणले यहाँ मिश्रित संस्कृति रहेको पाइन्छ । तिब्बती जातिले विशेष गरी स्थानीय तिब्बती ल्होसार नयाँ वर्षका मनाउने गर्दछन् । यसका साथसाथै शोडुन, औंगोर, गाडुनडाछ्यु आदि तिब्बती परम्परागत चाडपर्वहरू पनि मनाउछन् । उनीहरूले ल्होसार नयाँ वर्ष मात्र नभई चिनियाँ नयाँ बर्ष पनि मनाउँछन् । ल्हासामा बस्ने सबै मान्छेहरू तिब्बती ल्होसार र चिनियाँ नयाँ बर्षमा खुसीसँग नाचगान र विभिन्न परिकारका खानेकुराहरू खाएर मनाउने गर्दछन् । अरू प्रान्तमा आएका मानिसहरूले मध्य शरद पर्व, ड्रैगन डुङ्गा पर्व र छिङमिङ पर्व आदि चाडपर्वहरू मनाउँछन् । मिश्रित संस्कृति रहेको यस सहरमा एक अर्काको पर्वमा सबै जातिले भाग लिने गरी रमाइलोसँग मनाउँछन् ।

## २.४ निष्कर्ष

तिब्बत स्वायत्त क्षेत्र धार्मिक एवम पर्यटकीय स्थलका रूपमा महत्त्वपूर्ण क्षेत्र हो । यस क्षेत्रमा तिब्बतीहरूको बाहुल्य रहेको छ भने अन्य विभिन्न प्रकारका जातिहरूको बसोबास रहेका कारण धार्मिक, सांस्कृतिक लगायतका कुरामा विविधता भए पनि यहाँका बासिन्दाहरूमा एकताको भाव रहेको देखिन्छ । तिब्बत स्वायत्त क्षेत्ररमा पोताला दरबार, कैलाश पर्वत, मानसरोवर ताल र जोखाङ मन्दिर आदि पर्यटकीय हिसाबले महत्त्वपूर्ण क्षेत्रहरू रहेका छन् । तिब्बत स्वायत्त क्षेत्रमा पर्ने ७ ओटा स्थानीय तहहरू (६ ओटा सहर र १ ओटा क्षेत्र) मध्ये ल्हासा सहर पनि एक हो यो तिब्बतको सदरमुकाम पनि हो । ल्हासा सहरमा ५ ओटा काउन्टी र ३ ओटा डाउनटाउन क्षेत्र रहेका छन् भने ३ ओटा आर्थिक कार्यात्मक बिशेष क्षेत्रहरू पनि स्थापित भएका छन् । सहरमा जोखाङ मन्दिर, रामोचे मन्दिर, नोर्बुलिङ्का, बर्खोर बजार, ल्हासा नदी र नामत्सो राष्ट्रिय निकुञ्ज आदि धार्मिक र पर्यटकीय हिसाबले महत्त्वपूर्ण क्षेत्रहरू रहेका छन् । ल्हासा सहरमा विभिन्न जातजातिहरूको बसोबास रहेको पाइन्छ । यस सहरमा तिब्बतीहरूको बाहुल्य रहेको छ भने अन्य विभिन्न प्रकारका जातिहरूको बसोबास रहेकाकारण धार्मिक, सांस्कृतिक लगायतका कुरामा विविधता भए पनि यहाँका बासिन्दाहरूमा एकताको भाव रहेको देखिन्छ । ल्हासा सहरमा पोताला दरबार, जोखाङ मन्दिर, रामोचे मन्दिर, नोर्बुलिङ्का, बर्खोर बजार, ल्हासा नदी र नामत्सो राष्ट्रिय

निकुञ्ज आदि पर्यटकीय हिसाबले महत्त्वपूर्ण क्षेत्रहरू रहेका छन् । यहाँ पहिलेको तुलनामा शिक्षा, स्वास्थ्य, यातायात, पूर्वाधार, सञ्चार र आर्थिक लगायतका क्षेत्रहरूको क्रमिक रूपमा विकास हुँदै गइरहेका देखिन्छ । समग्रमा भन्नु पर्दा ल्हासा सहरका प्राकृतिक एवम सांस्कृतिक रूपमा सम्पन्न रहेको छ ।

## तेस्रो परिच्छेद

# तिब्बतको ल्हासा सहरमा प्रचलित लोककथाहरूको वर्गीकरण

### ३.१ विषयपरिचय

प्रस्तुत शोधकार्यको यस परिच्छेदमा ल्हासा सहरका छ्युश्युर काउन्टी, लिन्झाउ काउन्टी र डाङसुङ् काउन्टी मा प्रचलित १४ ओटा लोककथाहरूको सङ्कलन गरी वर्गीकरण गरिएको छ । सङ्कलनको क्रममा उल्लेख भएका तीन ओटा ठाउँमा पुगी लोककथा जानकार र वाचकहरूसँगको प्रत्यक्ष भेट भई सुन्न सुनाउने गरी सङ्कलनको काम गरिएको छ । लोककथाको वर्गीकरण गर्ने क्रममा सैद्धान्तिक आधारहरूलाई लिइएको छ । प्रस्तुत शोधमा नेपाली लोककथाको पहिलो व्यस्थित अध्येता तुलसी दिवसले गरेको वर्गीकरणका आधारहरूलाई प्रयोग गरेर सङ्कलित लोककथाहरूको वर्गीकरण गरिएको छ । यसरी वर्गीकरण गर्ने क्रममा सम्बद्ध क्षेत्रमा प्रचलित लोककथाहरू सांस्कृतिक ऐतिहासिक, अर्तीउपदेशका लोककथा, पशुपक्षीका लोककथा, मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथा, दैवी लोककथा र धार्मिक लोककथाहरू गरी ६ प्रकारका लोककथाहरू भेटिएका छन् ।

### ३.२ लोककथाहरूको सङ्कलन

लोककथाहरू सरल र सामान्य भाषामा स्थानीय भाषिकामा प्रस्तुत हुने गर्दछन् । सहजता र सरलता पनि लोककथाको आफ्नै वैशिष्टय हो । आधुनिकताले ढपक्क ढाकेको समाजमा लोकसाहित्यको सङ्कलन र संरक्षण गरी भोलिका पुस्तालाई हस्तान्तरण गर्नु यो पुस्ताको महत्त्वपूर्ण दायित्व भएको छ । आदिकालदेखि लोककथाको प्रचलन भएको भए पनि आधिकारिक तवरले यसको सङ्कलन कार्य भने धेरैपछि भएको पाइन्छ । आज पनि यस्तो सङ्कलनको काम उत्तिकै महत्त्वपूर्ण रहेको छ । प्राथमिक स्रोतअन्तर्गत क्षेत्रीय कार्य अध्ययन पद्धतिअनुसार तिब्बतको ल्हासा सहरकाका छ्युश्युर काउन्टी, लिन्झाउ काउन्टी र डाङसुङ् काउन्टीमा गरी त्यहाँका विभिन्न उमेरका लोककथा जानकार र वाचकहरूसँग भेटघाट गरी उनीहरूकै मुखबाट छुटेका शब्द र वाक्यहरूलाई जस्ताको तस्तै आवाज रेकर्ड गरिएको छ र यसरी गरिएको आवाजलाई लिपिबद्ध गरी सम्बद्ध क्षेत्रमा प्रचलित १४ ओटा लोककथाको लिखित पाठ तयार गरिएको छ । कथा भन्ने क्रममा महिला र पुरुष दुवैलाई स्थान दिइएको छ ।

सङ्कलित १४ ओटा लोककथाहरू हुन् : (१) घिउ करको उन्मुलन, (२) तिब्बती नुहाउने पर्व, (३) दयालु हुनुपर्छ, (४) अगुदुन्बाको सम्पत्ति, (५) सात ओटा गधा, (६) घोडाको उधारो, (७) दुइटा साथी र सुन, (८) हात्ती र बाँदर, (९) बाँदरबाट मानव, (१०) अगुदुन्बा र मालिकको थाल, (११) सुन र नुन (१२) याक जमिनमा छिऱ्यो, (१३) आकाशबाट सुन पाउने, (१४) चोङ्साई काङ बजारमा स्त्री भूत । यसरी रेकर्ड गरिएका वाचकको नाम, थर, उमेर र ठेगाना आदि तथा उनीहरूद्वारा वाचन गरिएका लोककथाको लिपिबद्ध रूप यसै शोधको परिशिष्टमा राखिएको छ ।

## ३.३ लोककथा वर्गीकरणका आधारहरू

लोकसाहित्य 'लोक' र 'साहित्य' को समासबाट बनेको शब्द हो । यसको अर्थ भनेको लोकको साहित्य हो । लोककथा लोक साहित्यको अत्यन्त प्राचीन आख्यानयक्त विधा हो । लोककथा स्थानीय संस्कृतिको महत्त्वपूर्ण अङ्ग पनि हो । कथाहरू सुनाउँदा स्थानीय संस्कृतिको सारलाई विरासत र प्रवर्द्धन गर्न सकिन्छ जसले मानिसहरूलाई आफ्नो संस्कृतिलाई अझ राम्रोसँग बुझ्न र बुझाउन सक्छ । लोककथा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको पनि देखिन्छ । लोककथालाई विभिन्न विद्वान्हरूले विभिन्न आधारहरूमा वर्गीकरण गरेका छन् । यहाँ पूर्वीय, पाश्चात्य विद्वान्हरूले गरेका वर्गीकरणहरूको संक्षेपमा चर्चा गरिएको छ ।

प्राचीन संस्कृत साहित्यका आचार्यहरूले लोककथालाई पाँचओटा आधारमा वगीकरण गरेका छन् । ती हुन् : "(१) कथा : कल्पनामा आधारित रचना, (२) परिकथा : छोटो इतिवृत्ति वा वृतान्तमा आधारित रचना, (३) खण्डकथा : एकदेशीय अर्थात एक भागको वर्णन भएको लघुरचना (४) आख्यायिका : इतिहासमा आधारित रचना, (५) सकलकथा : कथानकगत सम्पूर्णता भएको रचना" ( शर्मा र लुइटेल, २०६३, पृ. ३८१) ।

तुलसी दिवस (२०३३) ले लोककथाको वार्गीकरण गर्ने क्रममा हरिभद्राचार्यको वर्गीकरण पनि प्रस्तुत गरेका छन् । उनले लोककथालाई चार भागमा विभाजन गरेका छन् । ती हुन् : "(१) अर्थकथा, (२) काम कथा, (३) धर्म कथा र (४) संकीर्ण कथा" (दिवस, २०३३, पृ. २१) ।

बेलायती लोककथा चिन्तक सार्लेट सोफिया वर्नले *द ह्याण्ड बुक अफ फोकलोर* (१९३०) मा लोककथालाई "(१) सत्यका रूपमा भनिने लोककथा र (२) मनोरञ्जनका निम्ति भनिने लोककथा गरी यी दुई वर्गमा विभाजन गरेका छन् । उनले पौराणिक कथा र अनुश्रुति कथा सत्यका रूपमा भनिने लोककथामा समावेश गरेका छन् भने परिकथा, गीतिकथा, पशुपक्षीका कथा, हास्यकथा र उक्ति प्रमाण कथा मनोरञ्जनका निम्ति भनिने लोककथामा राखेका छन्" (पराजुली र गिरी, २०६८, पृ. १८७) ।

नेपाली लोकसाहित्यका विद्वान् चूडामणि बन्धुले *नेपाली लोकसाहित्य* शीर्षकको कृतिमा लोककथालाई "(१) पौराणिक कथा र किवंदन्तीहरू, (२) परी कथा र नीति कथाहरू गरी दुई आधारमा वर्गीकरण गरेका छन्" (बन्धु, २०५८, पृ. २८४-२८६) । बन्धुले लोककथालाई पौराणिक कथा र किंवदन्तीहरू तथा परिकथा र नीति कथा गरी दुई प्रकारमा वर्गीकरण गरेका छन् ।

मोतीलाल पराजुली र जीवेन्द्रदेव गिरीले नेपाली लोककथालाई उद्देश्यगत (प्रयोजनगत) र विषयगत गरी दुई आधारमा वर्गीकरण गरेका छन् । उनीहरूले गरेका वर्गीकरणका आधार र तिनका प्रकारहरू निम्नानुसार छन् : "(१) उद्देश्यगत (प्रयोजनगत) वर्गीकरण : (क) पौराणिक (धार्मिक) लोककथा : मिथक र अनुश्रुति कथा, (ख) मनोरञ्जनमूलक लोककथा : परिकथा, जादु तथा टुनामुनाका कथा, भूतप्रेत तथा राक्षसका कथा, पशुपक्षी तथा सरीसृपका कथा, ठगी तथा चलाखीका कथा, मुर्ख्याइँ तथा विश्वासघातका कथा, हास्य कथा आदि, (२) विषयगत वर्गीकरणः (

क) पौराणिक लोककथाः पूरा कथा, मिथक मिथ, (ख) अनुश्रुति कथा, (ग) सामाजिक लोककथा, (घ) अतिरञ्जित/ अतिकाल्पनिक लोककथा" (पराजुली र गिरी, २०६८, पृ. १८८-१९०) । पराजुली र गिरीले लोककथाको वर्गीकरण दुई आधारमा र छ प्रकारमा गरेका छन् ।

नेपाली लोककथाका पहिलो व्यवस्थित अध्येता तुलसी दिवसले आफ्नो कृति *नेपाली लोककथा : केही अध्ययन*मा लोककथालाई दश प्रकारमा विभाजन गरेका छन् । जसमा "(१) सांस्कृतिक, ऐतिहासिक लोककथाहरू, (२) अर्तीउपदेशका लोककथाहरू, (३) पशुपक्षीका लोकथाहरू, (४) मानवका विशेष स्वाभाव र प्रवृत्तिका लोककथाहरू, (५), अतिमानवीय रूपका लोककथाहरू (६), दैवी लोककथाहरू, (७) फल-फूलका लोककथाहरू, (८) साहस तथा वहादुरीका लोककथाहरू, (९) धार्मिक लोककथाहरू, (१०) विविध लोककथाहरू" रहेका छन्" (दिवस, २०३३, पृ. ३८) । दिवसले लोककथाको वर्गीकरण गर्ने क्रममा लोककथालाई दश प्रकारमा विभाजन गरेका छन् ।

माथि लोककथासम्बन्धी विभिन्न विद्वान्हरूको वर्गीकरणलाई हेर्दा उनीहरूले फरक फरक ढङगले वर्गीकरण गरेका छन् । यसरी हेर्दा विभिन्न विद्वान्हरूको लोककथाको वर्गीकरणसम्बन्धी एकमत रहेको पाइँदैन । त्यसैले ल्हासा सहरका लोककथालाई तुलसी दिवसले गरेको वर्गीकरणको आधारमा वर्गीकरण गरिएको छ ।

## ३.४ ल्हासा सहरमा प्रचलित लोकथाहरूको वर्गीकरण

लोककथा वर्गीकरणको उपर्युक्त मत सर्वेक्षण गर्दै ल्हासा सहरमा प्रचलित तथा सङ्कलित लोककथाहरूको वर्गीकरण तुलसी दिवसको लोककथा वर्गीकरणको आधार उपयोग गरेर यस प्रकारले गरिएको छ ।

### ३.४.१ सांस्कृतिक-ऐतिहासिक लोकथाहरू

सांस्कृतिक-ऐतिहासिक लोककथाहरू विभिन्न देवी देवता र ऐतिहासिक घटनाहरूसँग सम्बन्धित हुन्छन् । "ऐतिहासिक एवम सांस्कृतिक व्यक्ति, स्थान तथा घटनाको विवरण चाडपर्व, उत्सव आदि उत्पत्ति र प्रचलित हुनाको कारण र विभिन्न देवीदेवताका मन्दिर निर्माणको प्रसङ्गसँग सम्बन्धित नेपाली लोकजीवनमा प्रचलित किम्बदन्ती, जनश्रुति, आख्यायिका तथा अवदानहरू सांस्कृतिक ऐतिहासिक कथाअन्तर्गत समाविष्ट हुन्छन्" (दिवस, २०३३, पृ. ३८) । यस्ता कथाहरू सत्य नभए पनि सत्य मानेर सुन्ने र सुनाउने चलन रहि आएको छ ।

ल्हासा सहरमा प्रचलित लोककथाहरूमध्ये 'घिउ करको उन्मुलन' र 'तिब्बती नुहाउने पर्व' शीर्षकका लोककथा सांस्कृतिक-ऐतिहासिक लोककथा हुन् । यी कथाहरू के कसरी सांस्कृतिक-ऐतिहासिक लोककथाभित्र पर्दछ भन्ने प्रसङ्गलाई निम्नानुसार देखाइएको छ :

## (अ) घिउ करको उन्मुलन

'घिउ करको उन्मुलन' लोककथामा नेडोङ क्षेत्रका बासिन्दाहरूले टाउकोको कपालभन्दा बढी चर्को कर र विविध करहरू तिर्नुपर्थ्यो जसमध्ये घिउ कर पनि एक हो । घिउ कर भनेको बासिन्दाहरूले गाईवस्तुबाट निचोरेको दूधलाई परिणत गरी घिउ बनाएर नेडोङ राजालाई बुझाउनुपर्थ्यो । निछ्युसाम्बु नामका एक युवाले करबाट मुक्त हुने उपाय खोज्छ ।

नेडोङ राजा छतमा हिंडिरहेको बेला निछ्युसाम्बु वरिपरि पुगेर जुत्ताको फेदको मर्मत गर्ने बहाना गर्दा एउटा सानो गधा दूध पिउन त्यसको आमाको मुनि आउँछ । निछ्युसाम्बुले त्यो देखेर गधा सबै दूध पियो भने राजालाई घिउ कर कसरी तिर्ने भनी कराउँछ । उसले कराएको कुरा सुनेर नेडोङ राजा त्यहाँबाट बुझाएको घिउ गधाको हो भन्ने थाहा पाएर साह्रै रिसाउँछन् । निछ्युसाम्बु डराउँदै गाउँमा याकको दूध नभएको र गधाको दुध मात्र भएको राजालाई बताउँछ । राजाले गधाको घिउ खाएको मानिस मुर्ख बन्छ भन्ने विश्वास गरेकोले निछ्युसाम्बुलाई छिट्टै गोदाममा गएर गधाको घिउ सबै फालिदे भन्ने आदेश दिन्छन् । पछि निछ्युसाम्बुले गरिब गाउँलेहरूलाई गोदामको ढोकातिर बोलाएर आफू ढोकाभित्र पसेर त्यहाँका सबै घिउ एक-एक गरी ढोकाबाहिर फाल्छ । यसरी निछ्युसाम्बुले गोदाममा रहेको सबै घिउ गाउँका गरिब बासिन्दाहरूलाई बाँड्छ । त्यस घटनादेखि नेडोङ राजाले नेडोङ क्षेत्रबाट घिउको सङ्कलन गर्ने छोडे र घिउ करको उन्मुलन भयो ।

'घिउ करको उन्मुलन' लोककथामा साधारण बासिन्दाहरूले घिउ कर तिर्नुपरेको, निछ्युसाम्बु घिउ करबाट मुक्त गराउन खोजेको, नेडोङ राजाले आफूलाई तिर्ने घिउ गधाको हो भन्ने थाहा पाउँदा गाली गरेको र रिसाउँदै सबै घिउ बाहिर फाल्ने आदेश गरेको र अन्त्यमा नेडोङ क्षेत्रबाट घिउ करको उन्मुलन भएको प्रसङ्गबाट यस लोककथाले तत्कालीन समाजमा साधारण मानिसहरूले शासकलाई विविध प्रकारका कर तिर्नु पर्ने बाध्यता र शासकले साधारण मानिसहरूलाई दिएको शोषण देखाउँछ र घिउ कर तिर्ने ऐतिहासिक घटनासँग पनि घनिष्ठसँग जोडिएको देखिन्छ । त्यसो भनेको हुनाले 'घिउ करको उन्मुलन' लोककथालाई सांस्कृतिक तथा ऐतिहासिक लोककथाभित्र समावेश गरिएकोछ ।

## (आ) तिब्बती नुहाउने पर्व

'तिब्बती नुहाउने पर्व' लोककथामा युन्डन गोन्बु प्रसिद्ध डाक्टर हुन् । उनले सबै कठिन र जटिल रोगहरू निको पार्न सक्छन् । तिब्बतका राजा ट्रिसोङ डेत्सेनले उनलाई दरबारभित्र राख्छन् र शाही डाक्टर मान्छेन् । दरबारमा बसे पनि उनले बेलाबेलामा घाँसे मैदानमा बस्ने बासिन्दाहरूको रोगको उपचारको लागि जडिबुटीको संकलन गर्न जान्छन् ।

एक वर्षमा भयानक महामारी फैलिँदा धेरै गोठालाहरू विरामी छन् र कोहीले ज्यान गुमाउँछन् । युन्डन गोन्बुले थाहा पाएपछि गोठालाहरूको उपचार गर्न दौड्छन् । धेरै बिरामीहरू उनले बनाएको औषधि खाएपछि निको हुन्छन् । त्यतिबेलादेखि गोठालाहरूले उनलाई औषधि राजा मान्छन् । युन्डन गोन्बुको निधनपछि अर्को भयानक महामारीले घाँसे मैदानमा आक्रमण गर्यो र धेरै

मानिसहरू मर्छन् र मरिरहेका गोठालाहरूले आकाशतिर प्रार्थना गर्न थाल्छन् । एक रात एउटी गम्भीर बिरामी भएकी महिलाको सपनामा डाक्टर युन्डन गोन्बु देखा पऱ्यो र त्यस महिलालाई भोलिपल्ट राति जब दक्षिणपूर्वी आकाशमा चम्किलो तारा देखिन्छ तब तिमी जिछ्यु नदीमा जाऊ र त्यहाँ नुहाएपछि रोग निको हुन्छ भनेर भन्छन् । त्यो महिलाले नुहाएपछि रोग तुरुन्तै हट्छ । महिलाको अनुभव फैलिएपछि सबै बिरामीहरू जिछ्यु नदीमा नुहाउन आउँछन् र नुहाएका सबै बिरामीहरू निको भएर फर्कन्छन् । मानिसहरू भन्छन् कि डाक्टर युन्डन गोन्बुले आफूलाई एउटा चम्किलो तारा रुपान्तरण गरेर ताराको प्रकाश भएका सात दिनमा नदीको पानीलाई औषधि पानी परिवर्तन गरेका छन् । यस्तो औषधि पानीमा नुहाएका मानिसहरूको रोग निको पार्न सकिन्छ भन्छन् । त्यसैबेलादेखि तिब्बती जनताले यी सात दिनलाई नुहाउने पर्वको रूपमा तोकेका छन् ।

'तिब्बती नुहाउने पर्व' लोककथामा महामारी आउँदा युन्डन गोन्बुले धेरै साधारण बासिन्दाहरूलाई उपचार गरेको, बासिन्दाहरूले उनलाई औषधि राजा मानेका, आफू निधन भएपछि पनि एक जना महिलाको सपनामा देखा परेको र निको पार्ने सल्लाह दिएको, विरामीहरू उनको निर्देशनमा निको भएका र अन्त्यमा स्वस्थ्य हुन नुहाउने पर्व भएको प्रसङ्गबाट यस लोककथाले तत्कालीन तिब्बती प्रसिद्ध चिकित्सक युन्डन गोन्बुले घाँसे मैदानका साधारण बासिन्दाहरूको लागि गरेको योगदान र तिब्बती नुहाउने पर्वको उद्‌भव देखाउँछ र तिब्बतको ऐतिहासिक व्यक्ति र परम्परागत चाडपर्वसँग घनिष्ठसँग जोडिएको पनि देखिन्छ । त्यसो भनेको हुनाले 'तिब्बती नुहाउने पर्व' लोककथालाई सांस्कृतिक तथा ऐतिहासिक लोककथाभित्र समावेश गरिएको छ ।

### ३.४.२ अर्तीउपदेशका लोककथाहरू

अर्तीउपदेशका लोककथाहरूले जसले धैर्य, लगनशील र सहनशीलताका साथ काम गर्न सक्छ उसले जीवनमा कहिल्यै हार वेहोर्नु पर्दैन भन्ने नैतिक शिक्षा प्रदान गर्दछन् । "नेपाली लोक जीवनमा उपयुक्त र आवश्यक मानिएका, जीवन सफल पार्ने निदेशन र समस्या समधानका विधिहरू अर्तीउपदेशका कथाहरूमा पाइन्छन" (दिवस, २०३३, पृ. ४१) । यस्ता कथाहरूमा हामी मानव भएर मानवको झैं गुण व्यवहार हुनुपर्छ भन्ने अर्तीउपदेश प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा देखा परेको पाइन्छ ।

ल्हासा सहरमा प्रचलित लोककथाहरूमध्ये 'दयालु हुनुपर्छ', 'अगुदुन्बाको सम्पत्ति', 'सात ओटा गधा', 'घोडाको उधारो' र 'दुइटा साथी र सुन' शीर्षकका लोककथाहरू अर्तीउपदेशका लोकथाहरू हुन् । यी कथाहरू के कसरी अर्तीउपदेशका लोकथाहरूभित्र पर्छन् भन्नका लागि तिनीहरूको प्रसङ्ग निम्नानुसार देखाइएको छ :

#### (अ) दयालु हुनुपर्छ

'दयालु हुनुपर्छ' लोककथामा बूढी आमा र तीन जना छोरी हुन्छन् । जेठी छोरी धूर्त छे र कहिल्यै शिर झुकाउँदिन र कुनै दुख झेल्दिन । माहिली छोरी अरुको ईर्ष्या र शङ्का गर्न मन पराउँछे र कहिल्यै पनि अलिकति दुख झेल्दिन । कान्छी छोरीको स्वभाव कोमल, दयालु, सुन्दर र अरूलाई मद्दत गर्ने छ । बूढी आमाले आफ्ना तीन छोरीहरूलाई हरेक दिन छुट्टाछुट्टै याक चराउन दिन्छिन् ।

एक दिन बूढी आमाले जेठी छोरीलाई याक चराउनू भन्छिन् । राति उसले त्साम्पा खाजा माग्ने एक तिब्बती मास्टिफ (तिब्बती पठोरमा बस्ने अग्लो, बलियो र डर लाग्दो स्थानीय कुकुर) भेट्छे । उसले त्साम्पा नदीएपछि भूत भेट्छे र भूतले उसलाई खान्छ । दोस्रो दिन जेठी छोरीलाई खोज्न आमाले माहिली छोरीलाई पठाउँछिन् । माहिली छोरीले पनि रातमा उस्तै तिब्बती मास्टिफ भेट्छ र आफ्नो त्साम्पा फेरि नदीएपछि भूत भेट्छे र भूतले उसलाई खान्छ । तेस्रो दिन जेठी छोरी र माहिली छोरी खोज्न आमाले कान्छी छोरीलाई पठाउँछिन् । कान्छी छोरीले पनि रातमा त्यस तिब्बती मास्टिफ भेट्छे । उसले आफ्नो त्साम्पा तिब्बती मास्टिफलाई दिन्छे र भूत फेरि आउँछ । मास्टिफले कान्छी छोरीलाई भूतबाट भाग्ने उपाय र बाटो देखाउँछ र कान्छी छोरी छिटै भागेर आफ्नो ज्यान बचाउँछे ।

'दयालु हुनुपर्छ' लोककथामा जेठी छोरी, माहिली छोरी र कान्छी छोरी छुट्टा छुट्टै गरी उस्तै त्साम्पा खाजा माग्ने तिब्बती मास्टिफ भेटे पनि कान्छी छोरीले मात्र आफ्नो त्साम्पा तिब्बती मास्टिफलाई दिएको छे । अन्त्यमा जेठी छोरी र माहिली छोरी दुवैलाई भूतले खान्छ र कान्छी छोरीले तिब्बती मास्टिफको सहयोग पाएर भागेर ज्यान बचाउँछे । यसकथाले जे जति छ त्यो मिलाउँदा दयालु भएर चाहिनेहरूसँग बाँड्नुपर्छ र सहयोग गर्नुपर्छ भने धुर्त्याइँ, ईर्ष्या र शङ्का हुँदैन भन्ने नैतिक शिक्षा दिएको हुनाले यो लोककथालाई अर्तीउपदेशका कथाभित्र राखिएको छ ।

### (आ) अगुदुन्बाको सम्पत्ति

'अगुदुन्बाको सम्पत्ति' लोककथामा अगुदुन्बा नामका एक चलाख काका र दुई चार जना गरिब गाउँले साथीहरू गाउँमा बस्छन् । गाउँमा जीवन एकदम गाह्रो भएकोले सुखमय जीवन खोज्न गरिब गाउँले साथीहरूले अगुदुन्बालाई सहयोग माग्छन् ।

अगुदुन्बाले गरिब गाउँले साथीहरूलाई जङ्गलमा लिएर सानो खोलाको छेउमा एउटा ठूलो जमिन भेट्टाएर मेरो यहाँ एउटा ठूलो सम्पत्ति गहिरोसम्म गाडिएको छ । तिमीहरू खनेर पत्ता लगाएमा म तिमीहरूलाई दिन्छु भन्छन् । अगुदुन्बाको कुरा सुनेर गरिब गाउँले साथीहरू सबैजना उत्साहित भए र दिनरात चर्को घाममुनि र पिठ्युँमा पसिना लिएर खन्छन् । तिनीहरूले खन्दा खन्दै झन्डै पानी पनि निस्कन थाल्छ र पूरै जमिन खन्ने काम भैसके पनि सम्पति भेटिन्दैन । अगुदुन्बाले चुपचापमा भुइँमा एउटा ढुङ्गा लुकाएर गाड्छन् र सम्पत्ति यहाँ रहेछ कराउँछन् । गरिब गाउँले साथीहररूलाई अगुदुन्बाले अब जमिनमा पानी दिने र बिउ छर्ने सल्लाह दिन्छन् । गरिब गाउँले साथीहररूले अगुदुन्बाले भनेको जस्तै गरेसकेपछि शरद ऋतु आउँदा सबैले धेरै अन्न पाउँछन् र जीवनको चिन्ता पनि जान्छ । तिनीहरूले थाहा पाउँछन् कि काका अगुदुन्बाले सबैलाई सिकाएको कुरा के हो भने सबैले काम गर्नुपर्छ, परिश्रम गर्नुपर्छ र खेती गर्नुपर्छ । पछि किसानहरूले जोत्दा सधैं दुई चार ओटा ढुङ्गा लिएर अगुदुन्बाले दिएको सम्पत्तिको रूपमा खेतमा राख्छन् ।

'अगुदुन्बाको सम्पत्ति' लोककथामा सुखमय जीवन खोज्ने गरिब गाउँले साथीहरूले अगुदुन्बाको कुरा सुनेर परिश्रम गरी खेती गरेको, अन्त्यमा अन्न पाएको र जीवनको चिन्ता पनि

गएको देखिन्छ । सबैले आफ्नो हातले काम गर्नुपर्छ, परिश्रम गर्नुपर्छ र यसो गरेपछि राम्रो नजिता पाउन सकिन्छ भन्ने अर्तीउपदेश यस लोककथाले दिएको हुँदा यो कथालाई अर्तीउपदेशात्मक लोककथाअन्तर्गत समावेश गरिएको छ ।

### (इ) सात ओटा गधा

'सात ओटा गधा' लोककथामा एकजना युवक र उनका सात ओटा गधा हुन्छन् । युवकले गधाहरूको प्रयोग गरेर गाउँ र बजारबिचमा जाने आउने गरी सामानको ढुवानी गर्छ ।

एक दिन युवक बजारबाट काम सकिएर फर्किंदा एउटा गधामा चढेर अरू ६ ओटा गधाको पछाडि घरतिर जान्छ । उसले सबै गधा आफूसँगै छन् कि भनेर गणना गर्छ । तर एक, दुई, तीन, चार, पाँच, छ गरेपछि अझ एउटाको अभाव रहेछ । उसले आउने बाटोतिर फर्केर त्यो हराएको गधा खोज्छ । खोज्दा एक अधबैंसे किसानसँग भेट्छ र हराएको गधा देख्नुभएको छ कि भन्ने सोध्छ । किसानले युवकको समस्या बुझेपछि युवक आफैंले चढेको गधाको गन्ती नगरेको भन्छ । भनेपछि युवकले अचानक थाहा पाउँछ कि आफैंले चढेको गधाको गन्ती नगरेकोले गणनाको गल्ति भएको रहेछ ।

'सात ओटा गधा' लोककथामा युवकले आफैं 'हराएको गधा' खोज्न नसकेको, किसानले युवकको समस्या बुझ्दा युवकले चढेको एउटा गधाको गन्ती नगरेकोले गणनाको गल्ति औंल्याएको र अबदेखि गधामा चढ्दै गधा खोज्ने काम नगर्नू भनेको र अन्त्यमा युवकले किसानको कुरा सुनेर पनि आफ्नो गल्ति थाहा पाएको र लाज लागेको जस्ता घटनाहरूबाट यस लोककथाले आफ्नो काममा होसियार हुनुपर्छ भन्ने अर्तीउपदेश दिएको हुँदा यो कथालाई अर्तीउपदेशात्मक लोककथाअन्तर्गत समावेश गरिएको छ ।

### (ई) घोडाको उधारो

'घोडाको उधारो' लोककथामा जियाङला र जिला दुइटा छिमेकी हुन्छन् । जियाङला गरिब, पातलो तर चलाख छ भने जिला धनी, मोटो तर मूर्ख छ । जिला दिनभरि नराम्रा विचारहरू सोच्थ्यो तर हरेक पटक जियाङलाबाट पराजित हुन्थ्यो ।

जियाङला र जिला सहर जाँदा सामान किनेर घरतिर फर्किरहेका हुन्छन् । बाटोमा जिला मोटो र अल्छी भएर हिँड्दा हिँड्दै गुनासो गरेर बाटोको छेउमा बस्छ र हिँड्न छोड्छ । जियाङलाले उसलाई अगाडि गाउँमा मेरो छोराबाट तिम्रो लागि एउटा घोडा उधारो लिन्छु भनेपछि जिला तुरुन्तै भुइँबाट उठेर जियाङलासँग अगाडिको गाउँतिर हिँड्छ । अगाडि पुग्दा जियाङला एक नचिनेको अग्लो बलियो पुरुषलाई देखेर ठूलो स्वरले मेरो प्यारो छोरा मलाई एउटा घोडा उधारो दिनू कराउँछ । त्यो पुरुषले सुनेर एकदम रिसाउँदै आफ्नो नितम्ब मुनिको प्याड निकाल्छ र तिनीहरूलाई खेद्छ । जियाङलाले तुरुन्तै जिलालाई समातेर भाग्छन् । आफ्नो ज्यान जोगाउन जिलाले दुवै हातले आफ्नो टाउको समाएर जियाङलाको पछि घरतिर छिटै दौडन्छ । उनीहरू आफ्नो गाउँमा पुग्दा जिलाले

जियाङलालाई घोडा उधारो नभएर ज्यान गुमाउने गुनासो गर्छ । जियाङलाले त्यो पुरुषले समातेको प्याड त उधारो लिएको घोडा हो भन्ने उत्तर दिन्छ ।

'घोडाको उधारो' लोककथामा जियाङला र जिला बजारमा गएर घर फर्किंदा जिला अल्छि भएर अगाडि हिंड्न छोडेको, जियाङलाले अगाडि घोडाको उधारो लिन सकिन्छ भन्ने झुट बोलेर जिलालाई अगाडि हिंड्न लगाउने उपाय खोजेको, घोडाको उधारोको सट्टा अग्लो बलियो पुरुषले नितम्ब मुनिको प्याड निकालेर तिनीहरूलाई खेदेको र अन्त्यमा घोडा नभए पनि जिला छिटो घर पुगेको यी विभिन्न घटनाहरूबाट यस लोककथाले आवश्यक परिस्थितिमा मान्छेको क्षमता आफ्नो कल्पनाभन्दा बढी हुन्छ भन्ने अर्तीउपदेश दिएको हुँदा यो कथालाई अर्तीउपदेशात्मक लोककथाअन्तर्गत समावेश गरिएको छ ।

### (उ) दुइटा साथी र सुन

'दुइटा साथी र सुन' लोककथामा रेजी र जेहान दुईजना युवा साथी हुन्छन् । दुई जना सानैदेखि सँगै दाउरा काट्ने गर्छन् । दुःखमा पर्दा सधैं आपसमा सहयोग गर्छन् ।

एक दिन तिनीहरूले जङ्गलमा काठ काट्दै गर्दा एउटा सुन भरिएको माटोको भाँडा भेट्छन् । रेजीले आधा-आधामा बाँड्ने प्रस्ताव गर्छ भने जेहानले सुन देख्दै उसको मनमा स्वार्थ उठेर यो सुन देवताले राखेको हो वा शैतानले लुकाएको अहिले थाहा नभएको भनेर आफ्नो घरमा केही दिन राख्ने प्रस्ताव गर्छ । रेजीले सहमति जनाएर तिनीहरू घरतिर फर्कन्छन् । जेहान घर पुगेपछि एउटा बक्समा सुन राखी ताला लगाउनका साथै गाढा पहेँलो सडेको काठका केही टुक्रा ल्याएर माटोको भाँडोमा हाल्छ । तीन दिनपछि रेजी जेहानको घरमा पुग्दा जेहानले उदास भएर अस्ति जङ्गलमा भेटेको माटोको भाँडामा रहेको सुन सडेका काठ बनेको भन्छ । रेजीले मनमा त्यसलाई साँचो नमाने पनि आफ्नो घरमा जान्छ । रेजीले जेहानलाई पाठ सिकाउने विचार गर्छ । उनले जंगलमा गएर दुई ओटा साना बाँदर समातेर जेहानका दुई छोरा डौवा डौझियोङको नामबाट ती बाँदरहरूको नाम राख्छ र तालिम दिन्छ । अन्त्यतः बाँदरहरू राम्रोसँग तालिमे भएपछि उसले तिनीहरूलाई पालनपोषणको लागि आफन्तको घरमा पठाउँछ । केही दिनपछि रेजीले जेहानलाई आफ्नो घरमा छ्याङ (रक्सी) पिउन बोलाउँदा घरमा हालैको खाना निकै राम्रो भएकोले जेहानका दुई छोरालाई मीठो खाना खुवाउने निम्तो गर्छ । भोलिपल्ट जेहानले आफ्ना दुई छोरालाई रेजीको घरमा पठाउँछ । रेजीले चुपचाप गरी बच्चाहरूलाई आफन्तहरूकहाँ पठाउँछ र एकै समयमा दुई साना बाँदरहरूलाई लिएर घरमा राख्छ । तीन दिनपछि जेहान खुसी हुँदै आफ्नो बच्चालाई लिन रेजीको घरमा आउँदा रेजीले जेहानलाई छोराहरू बाँदर बनेका भन्छ र डौवा र डौझियोङ नामक बाँदरलाई बोलाउँछ र खेल्न लगाएर देखाउँछ । जेहानले भन्यो कि मान्छे कसरी बाँदर बनेको छ । रेजीले हतारमा थप्यो कि हो नि सुन कसरी काठ बनेको छ । जेहानले आफ्नो गल्ती बुझ्छ र तुरुन्तै घरबाट सुन निकालेर आधा रेजीलाई दिन्छ भने रेजीले पनि जेहानका दुई छोरा डौवा र डौझियोङलाई आफन्तको घरबाट फिर्ता लिएर जेहानको घरमा पठाउँछ ।

'दुइटा साथी र सुन' लोककथामा रेजी र जेहान जङ्गलमा सुन भेटेको, जेहानले सुना आफ्नो स्वामित्वमा राख्न सोचेको र बहाना खोजेर सुन आफ्नो घरमा राखेको, पछि जेहानले सुन सडेका काठ बनेको भ्कुट रेजीलाई भनेको, रेजी पनि बाँदरको प्रयोग गरी जेहानलाई पाठ सिकाएको, अन्त्यमा जेहानले आफ्नो गल्ति बुझेको र दुईजना सुन र छोराहरू फिर्ता दिएर फेरि साथि भएका यिनै विभिन्न घटनाहरूबाट यस लोककथाले साथीप्रति वफादार हुनुपर्छ र साथीलाई ठग्नु हुँदैन भन्ने अर्तीउपदेश दिएको हुँदा यो कथालाई अर्तीउपदेशात्मक लोककथाअन्तर्गत समावेश गरिएको छ ।

### ३.४.३ पशुपक्षीसम्बन्धी लोककथाहरू

पशुपक्षीसम्बन्धी लोककथाहरूमा घरपालुवा र जङ्गली दुवै प्रकारका पशुपक्षीहरू मुख्य पात्रका रूपमा आएका हुन्छन् । "पशुपक्षीका कथाहरूमा पशुपक्षी पात्रहरू हुन्छन् । वस्तु पात्र र प्रशिक्षणको दृष्टिकोणले पशुपक्षीका नेपाली लोककथाहरू रोचक र रमाइला छन् । पशुपक्षीका सबै जसो कथाहरूमा कुनै न कुनै शिक्षा वा उपदेश स्पष्ट नभए पनि अपरोक्ष रूपले अन्त्यर्निहित हुन्छन्" ( दिवस, २०३३, पृ. ४३) । यस्ता कथाहरू छोटा, रोचक र व्यावहारिक हुन्छन् ।

ल्हासा सहरमा प्रचलित लोककथाहरूमध्ये 'हात्ती र बाँदर' र 'बाँदरबाट मानव' शीर्षकको लोककथा पशुपक्षीका लोककथाभित्र पर्छन् । यी कथा के कसरी पशुपक्षीका लोककथाभित्र पर्छन् भनेर तिनीहरूको प्रसङगलाई निम्नानुसार देखाइएको छ :

### (अ) हात्ती र बाँदर

'हात्ती र बाँदर' लोककथामा हात्ती र बाँदर हुन्छन् । तिनीहरू असल साथीहरू भएर एकजुट र मिलनसार हुन्छन् । तिनीहरू जहिले पनि एकअर्कालाई मद्दत गर्छन् ।

एक दिन हात्ती र बाँदर टाढासम्म जाँदा एउटा ठूलो खोला भेट्छन् । बाँदर होचो र पौडिन पनि नसकेकोले निराश भएर किनारमा बस्छ । हात्तीले बाँदरको समस्या बुझेर बाँदरलाई आफ्नो पिठ्युँमा चढ्न लगाउँछ र सहजै नदी पार गर्छ । खोला पार गरेपछि तिनीहरु अगाडि बढ्छन् । गर्मी ऋतुमा आकाशमा घाम चर्किरहेकोले हात्ती र बाँदर हिँड्दा धेरै तिर्खा लाग्छ तापनि पिउने पानी छैन । क्रमशः तिनीहरूले थुप्रा अग्ला स्याउका रूखहरू देख्छन् । हात्तीले स्याउ हेरेर खान साह्रै मन लाग्छ तर रूख धेरै अग्लो भएकोले चढ्न नसकेर रुखमुनि बसेर सास फेर्छ । बाँदरले हात्तीको समस्या बुझेर उसका लागि मीठो स्याउ टिपेर ल्याउँछ । त्यसपछि हात्तीले खुसीसँग मीठो स्याउ खान पाउँछ । बाटोमा सँधै एकजुट भएर एकअर्कालाई सहयोग गर्ने भएकाले विभिन्न अप्ठ्यारा पर्दा पनि अन्त्यतः सहज रूपमा बाँदर र हात्ती गन्तव्यमा पुग्छन् ।

'हात्ती र बाँदर' लोककथामा हात्ती र बाँदर मुख्य पात्र रहेको, सम्पूर्ण घटनाहरू हात्ती र बाँदरकै केन्द्रीयतामा अगाडि बढेको, स्पष्ठ रूपमा शिक्षा पनि सिकाएको, आयामका रूपमा छोटो र विषयका रूपमा रोचक कुराहरू भएकाले 'हात्ती र बाँदर' लोककथालाई पशुपक्षीका लोककथाभित्र समावेश गरिएको छ ।

### (आ) बाँदरबाट मानव

'बाँदरबाट मानव' लोककथामा धेरै पहिले संसारमा मानिसहरू थिएनन् । एउटा बाँदर र एक चट्टान केटी (जंगली) सँगै बस्छन् । समय बित्दै जाँदा तिनीहरूले छ ओटा साना बाँदरहरूको जन्म दिए ।

त्यसछि बूढो बाँदरले तिनीहरूलाई फलहरू भएको जङ्गलमा बस्न पठाउँछ । केही वर्षपछि बूढो बाँदर आफ्ना बच्चाहरूलाई हेर्न जङ्गलमा जान्छ । जङ्गलमा जाँदा चार पाँच सय बाँदरहरू देख्छ जुन सबै उसका सन्तानका सन्तानहरू रहेछन् । पर्याप्त खाने कुरा नहुँदा ती सयौं बाँदरहरू आपसमा झगडा र लडाइँ गर्छन् । कसैको कान काटिएको, कसैको अनुहार कुचिएको, कसैको हात भाँचिएको हुँदा तिनीहरू अलमलमा पर्छन् । बूढो बाँदर आएको देखेर तिनीहरूले उसलाई घेरेर धेरै भोक लागेको भन्दै खाना माग्छन् । बूढो बाँदरले तिनीहरुलाई भोकै परेको देखेर दयालु भई तिनीहरुलाई बालीनाली फलेको एउटा पाखोमा लग्छ । त्यसपछि त्यो बूढो बाँदरले पाखोमा रहेको अन्न औंल्याउँदै साना बाँदरहरुलाई ती पाखोमा भएका अन्नहरू पनि खाने कुरा भएकोले तिमीहरू अबदेखि यस प्रकारको खाने कुरा खान सुरु गर भनेर भन्छ । त्यसपछि बाँदरहरूले दाना खान थाल्छन् । तिनीहरूको कपाल बिस्तारै छोटो हुन्छ र पुच्छर पनि गायब हुन्छ । तिनीहरू बोल्न पनि सिक्न थाल्छन् र क्रमशः मानव बन्छन् ।

'बाँदरबाट मानव' लोककथामा बाँदर मुख्य पात्र रहेको, सम्पूर्ण घटनाहरू बाँदरकै केन्द्रीयतामा अगाडि बढेको आयामका रूपमा छोटो र विषयका रूपमा रोचक कुराहरू भएकाले 'बाँदरबाट मानव' लोककथालाई पशुपक्षीका लोककथाभित्र समावेश गरिएको छ ।

## ३.४.४ मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरू

मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरूमा मान्छेले गर्ने व्यवहार र उसका स्वभावहरूको चित्रण गरिएको हुन्छ । "मानवका विशेष स्वभाव र विशेष प्रकृतिको परिचय उल्लेख व्याख्या तथा तिनीहरूमा आधारित व्यङ्ग्य, हस्यौली प्रस्तुत गरिएका हुन्छन् । यस्ता कथाहरूमा ठगी तथा चलाखी, मुख्याइँ, लोभी तथा कन्जुस र विश्वासघातका लोककथाहरू पर्छन्" (दिवस, २०३३, पृ. ४३) । मानवका विशेष स्वाभाव र प्रवृत्तिका लोककथाहरूका पात्रहरूले विशेष गरी कसरी हुन्छ एकआपसमा अरूलाई ठगी गरेरै छोडछन् ।

ल्हासा सहरमा प्रचलित लोककथाहरूमध्ये 'अगुदुन्बा र मालिकको थाल', 'सुन र नुन' र 'याक जमिनमा छिर्‍यो' लोककथा मानवका विशेष स्वाभाव र प्रवृत्तिका लोककथाहरू हुन् । यी कथाहरू के कसरी मानवका विशेष स्वाभाव र प्रवृत्तिका लोककथाहरूभित्र पर्छन् भन्नका लागि तिनीहरूको प्रसङगलाई निम्नानुसार देखाइएको छः

### (अ) अगुदुन्बा र मालिकको थाल

'अगुदुन्बा र मालिकको थाल' लोककथामा अगुदुन्बा नामका एकजना चलाख युवक र छुच्चो मालिक हुन्छन् । अगुदुन्बा मालिकको घरमा काम गर्छ । तर उसले जतिसुकै कडा परिश्रम गरे पनि उसको मालिकले व्यक्तिगत रूपमा उसको प्रशंसा गरेको छैन ।

यसरी दिनदिनै मालिकले मीठो खाना खान्छ भने अगुदुन्बाले सरल निरस खाना खान्छ । एक दिउँसो मालिक दिनको लागि व्यापार यात्रामा जान्छ । जानुअघि उसले अगुदुन्बालाई बैठक कोठाको टेबुलमा स्वादिष्ट खानाले भरिएको दुइटा थाल राख्नू आदेश गर्छ र त्यस थालमा रहेको त्साम्पा र अण्डा खान नपाइने भन्ने बारम्बार भन्छ । अनि उसले यदि एउटा थालभित्रको त्साम्पा लुकाएर खाने हो भने तुरुन्तै मरिन्छ भने अर्को अण्डा भरिएको थालको ढक्कन खोल्ने हो भने त्यस थालबाट धेरै चल्लाहरू तुरुन्तै उडेर जानेछन् भन्ने झुट चेतावनीका रूपमा अगुदुन्बालाई बोल्छ । मालिक घरबाट निस्किने बित्तिकै अगुदुन्बाले पहिलो थालमा भरिएका सबै त्साम्पा खान्छ र त्यसपछि अर्को थालका अण्डा पनि खान्छ । केही दिनपछि मालिक घर फर्केर थालको ढक्कन खोल्दा दुवै थाल खाली रहेको देखेर अगुदुन्बालाई त्साम्पा र अण्डा खै त भनेर रिसाउँदै सोध्छ । अगुदुन्बाले आज बिहान थालीमा चल्लाहरू चिच्याइरहेकाले आफैंले ढक्कन खोलेको, ढक्कन खोल्ने बित्तिकै चल्लाहरू यताउता उडेर गएका, त्यस दृश्य हेर्दा आफैं हतोत्साही भई डराएको, अपराधको दोषी महसुस भएको, हताशमा त्यो थालमा रहेको त्साम्पा खाएर आत्महत्या गर्न खोजेको तर दुर्भाग्य भई आफू अझै जिउँदै रहेको भनेर बताउँछ । अगुदुन्बाको कुरा सुनेर मालिक निःशब्द हुन्छ ।

'अगुदुन्बा र मालिकको थाल' लोककथामा छुच्चो मालिकले बाहिर जानुभन्दा अगाडि झुटो कुरा बनाएर अगुदुन्बालाई थालभित्रको खाना खान नपाइने भनेको, मालिकले बाहिर निस्कने बित्तिकै अगुदुन्बा थालभित्रका सबै खानेकुरा खाएको, मालिक घर फर्किंदा सिसाएको देख्दा अगुदुन्बाले "मैले त्यो थालमा रहेको त्साम्पा खाएर आत्महत्या गर्न खोजें । अरे! तर दुर्भाग्य रहेछ, म अझै जिउँदै छु" भन्दै व्याखा गरेको आदि यस्तै ठगी तथा चलाखी, हस्यौली र व्यङ्ग्य घटनाहरूले गर्दा 'अगुदुन्बा र मालिकको थाल' लोककथालाई मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरूभित्र समावेश गरिएको छ ।

### (आ) सुन र नुन

'सुन र नुन' लोककथामा एक वृद्ध दम्पती, एक भिक्षु र अगुदुन्बा हुन्छ्न । एक वृद्ध दम्पती र एक भिक्षु छिमेकी हुन्छन् भने अगुदुन्बा गाउँको अधिकारी हुन्छ ।

एक दिन भिक्षुले अर्को ठाउँमा तीर्थयात्रा गर्न जानुभन्दाअगाडि उसको सुन भरिएको झोला लिएर छिमेकी वृद्ध दम्पतीको घरमा आएर झोलामा नुन रहेको भनेर नासोको रूपमा राख्छ । केही महिना पछि वृद्ध दम्पतीको घरमा नुन सकिएर भिक्षुको झोला खोल्छन् र सुन देख्छन् । उनीहरूले सुन निकालेर झोलामा नुन राख्छन् । पछि भिक्षु छिमेकीको घरमा झोला फिर्ता लिन आउँदा वृद्ध दम्पतीले नुन भरिको झोला दिन्छन् । भिक्षुले झोलामा पहिले सुन भएको भने पनि वृद्ध दम्पती

मान्दैनन् । भिक्षुले सरकारी अधिकारी अगुदुन्बाबाट मद्दत खोज्छ । अगुदुन्बाले भिक्षु र वृद्ध जोडीलाई छुटाछुटै गरी दुइटा काठको बक्स दुइटा फरक दिशामा रहेका प्यागोडातिर लैजानू अनि प्यागोडा घेरेपछि फर्केर आउनू भन्ने आदेश गर्छन् । उनीहरू फर्केपछि सबै मान्छेको अगाडि अगुदुन्बाले दुईओटा काठको बक्स खोल्छन् । दुवै बक्समा मान्छे बसेको रहेछन् । अगुदुन्बाले काठको बक्समा भएका मान्छेलाई सबैको अगाडि बाटोमा सुनेको सबै कुरा एक शब्द पनि नछाडी भन्न लगाउँछन् । सत्य स्पष्ट भएपछि अगुदुन्बाले वृद्ध दम्पतीलाई भिक्षुको सुन फिर्ता दिने आदेश गर्छन् ।

'सुन र नुन' लोककथामा भिक्षुले सुन भरिएको झोला छिमेली वृद्ध दम्पतीको घरमा नुन भनेर नासोको रूपमा राखेको, वृद्ध दम्पती झोला खोलेपछि सुन र सनु सारेको र भिक्षुलाई नदीएको, भिक्षु अगुदुन्बाबाट सहयोग खोजेको, अगुदुन्बा दुइटा बक्सको प्रयोग गरी सत्य खोजेको र भिक्षुलाई सुन फिर्ता दिने आदेश गरेको आदि यस्तै ठगी तथा चलाखी, हस्यौली घटनाहरूले गर्दा 'सुन र नुन' लोककथालाई मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरूभित्र समावेश गरिएको छ ।

### (इ) याक जमिनमा छिऱ्यो

'याक जमिनमा छिऱ्यो' लोककथामा अगुदुन्बा र लोभी मालिक हुन्छन् । लोभी मालिकका अनगिन्ती गाईवस्तु, भेडाहरू र विशाल जमिन भए पनि उसलाई सन्तुष्टि लग्दैन भने अगुदुन्बासँग न गाईवस्तु छ न पैसा छ ।

एक दिन केही गरिब साथीहरू अगुदुन्बाको घरमा आएर गफ गर्दा अगुदुन्बालाई याकको मासु खान मन लागेको भन्छन् । अगुदुन्बाले साथीहरूलाई आज राति सबैलाई याकको मासु खुवाउने भन्छ । त्यसपछि अगुदुन्बा दौडेर मालिकको घरमा पुगेर याक भाडामा लिने भन्छ । मालिक अहंकारले अगुदुन्बालाई अहिले खेतीपातीको व्यस्त बेलामा गाईवस्तुको प्रयोग गर्न भाडा दोब्बर तिर्नुपर्छ भनेर भन्छ । अगुदुन्बा सहमत भएर मालिकको गोठमा गएर एउटा ठूलो र मोटो याक डोऱ्याउँछ । धेरै टाढा नगइकन उसले मालिकको घरमा फर्किएर हजुरको याक जमिनमा छिर्न खोजिरहेको गुनासो गर्छ । अगुदुन्बाको कुरा मालिकले विश्वास नगरी त्यो साँचो हो भने म त्यो याक छाडिदिन्छु भन्छ । अगुदुन्बाले मालिकको कुरा सुनेपछि छिट्टै याक डोऱ्याउँदै घरतिर जान्छ । घर पुग्ने बित्तिकै याक काट्छ र गरिब साथीहरू र छिमेकीहरू लाई मासु खुवाउँछ । भोलिपल्ट खेतमा हिँड्दा अगुदुन्बाले मालिकलाई देखेर याकको पुच्छरको एउटा छेउ जमिनमा हाल्छ र अर्को छेउ आफ्नो हातमा राख्छ । उसले मालिकलाई हजुरको याक जमिनमा पसेको अनि छिटो आएर सँगै तान्नौं भन्छ । मालिकको हात त्यो पुच्छर छुने बित्तिकै याकको पुच्छर जमिनबाट निस्किन्छ । अगुदुन्बाले आज हजुरले पनि देखेर थाहा पाउनुभयो याक जमिनमा छिऱ्यो भन्छ । मालिक लोभलाग्दो आँखाले याकको पुच्छर हेर्दै निराश भएर रुन थाल्छ ।

'याक जमिनमा छिऱ्यो' लोककथामा अगुदुन्बाले लोभी मालिकको घरमा पुगेर याक भाडामा लिएको, मालिकले व्यस्त बेलामा गाईवस्तुको भाडा दोब्बर तिर्नुपर्छ भनेको, अगुदुन्बाले मालिकको याक याक जमिनमा छिर्न खोजिरेहको गुनासो गरेको, मालिकले विश्वास नगरेको, पछि याक काटिएको र सबै गरिबहरू त्यसका मासु खाएको, याकको पुच्छर मात्र मालिकको हातमा पुगेको र

अन्त्यमा मालिक निराश भएको आदि यस्तै चलाखी, हस्यौली र लोभी घटनाहरूले गर्दा यस लोककथालाई मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरूभित्र समावेश गरिएको छ ।

### ३.४.५ दैवी लोककथाहरू

दैवी लोककथाहरूमा अन्यायमा परेका दु:ख पाएकाहरूलाई भगवान्ले विभिन्न रूपधारण गरेर उनीहरूको सेवा गर्ने गर्छन् । "नेपाली लोककथाका पात्रहरू आफूलाई भाग्यले या काकतालीले साथ दिएको या ईश्वर आफ्नो दाहिने भएको कुरो आफै थाहा पाउँदैनन । उनीहरूले आफूलाई परेको अन्याय तथा आपत टार्न ईश्वरको अनुग्रह खोजिरहनु पर्दैन । भगवान् आफैँ विभिन्न रूप विशेष गरेर पशु (स्याल, भालू) आदिको रूप लिएर या चमत्कारपूर्ण कार्यहरू गरेर आफ्ना भक्तहरूको उद्धार गर्दछन्" (दिवस, २०३३, पृ. ५२) । यस्ता लोककथाहरूमा बेसाहारा भएर दु:ख पाएका पात्रहरूलाई भगवान्ले थाहै नदीई रूप परिवर्तन गरेर चमत्कारपूर्ण तरिकाले उनीहरूको सेवा गर्छन् ।

ल्हासा सहरमा प्रचलित लोककथाहरूमध्ये 'आकाशबाट सुन पाउने' शीर्षकको लोककथा दैवी लोककथा हो । यो कथा के कसरी दैवी लोककथा भित्र पर्दछ भनेर यसको प्रसङगलाई निम्नानुसार देखाइएको छ :

**आकाशबाट सुन पाउने**

'आकाशबाट सुन पाउने' लोककथा दैवी लोककथाअन्तर्गत पर्छ । यस कथामा असल गरिब आमा, लोभी चिम्टे मालिक र सेतो दाह्री भएका दयालु बुढा (देवता) हुन्छन् ।

आमाले मालिकको घरमा ऊनी कपडा बनाउँछिन् भने उनका छोराछोरीले मालिकको घरमा नोकरको रूपमा घरायसी काम गर्छन् र भेडा चराउँछन् । तर आमा र छोराछोरीले जति धेरै गाह्रो काम गरे पनि भेडाको सामु खान र न्यानो लुगा लगाउन पाएका हुँदैनन् । उनीहरू चिसो, कुटपिट र गालीमा पर्छन् । एक दिन आमा मालिकको घरमा गइरहएका बेला एक्कासी बाटोमा आँधी उड्छ । बलियो हावाले आमालाई आकाशमा उडाएर सुन्दर पहाडमा पठाउँछ । त्यहाँ सेतो दाह्री भएको एक जना दयालु बुढा पहाडमा आउँछन् । बुढाले आमाको जीवनबारे सोधेपुछ गरेर आमाको दु:ख थाहा पाएका छन् र उनलाई सुनको एक टुक्रा दिन्छन् । लोभी मालिकले थाहा पाएपछि भोलिपल्ट दासको लुगा लगाएर आमा हिँडेको बाटोमा हिँड्छ । बलियो बतासले उसलाई पनि आकाशतिर उडाउँछ । सेतो दाह्री भएको बुढा देखा पर्छ । बुढाले मालिकलाई कुनै प्रश्न नसोधिकन सिधै उसलाई तिमी कति लोभी छौ, तिमीलाई सजाय हुनुपर्छ भन्छन् । भनेपछि बुढाले मालिकको टाउकोमा लट्ठीले पिट्छ । मालिक लट्ठी खाएपछि आकाशबाट खस्छ र समुद्रमा डुब्छ । गरिब आमाले सेतो दाह्री भएको बुढाको सहयोग पाएपछि उनको जीवन बिस्तारै धनी हुँदै जान्छ ।

'आकाशबाट सुन पाउने' लोककथामा अन्यायमा परेर आमा र तिनका बच्चाहरू लोभी चिम्टे मालिकको घरमा गाह्रो काम गरेको, आफ्नो जीवन दु:खी भएको, आकाशमा सेतो दाह्री भएको

दयालु बूढाले थाहा पाएर आमालाई सुनको टुक्रा दिएको, पछि लोभी मालिकले पनि सुन पाउन आमाले गरेको जस्तै गरेको, तापनि सुन नपाएको र मरेको यी घटनाहरूको प्रसङ्गबाट यस लोककथालाई दैवी लोककथाभित्र समावेश गरिएको छ ।

### ३.४.६ धार्मिक लोककथाहरू

धर्म, कर्म र व्रतसम्बन्धी आस्था र विश्वास राखेर भन्ने र सुन्ने कथाहरू धार्मिक लोककथा हुन् । "धार्मिक कर्मलाई नेपाली लोकले आफ्नो जीवन तथा व्यवहारमा सदा निर्वाह गर्न खोजेको पाइन्छ । यिनै धार्मिक भाव तथा उद्देश्य राखेर श्रवण तथा मनन गरिने, व्रत, उपवास, धार्मिक विधान तथा मूल्यमान्यता र आदेशसँग सम्बन्धित हाम्रा कथाहरू धार्मिक लोककथाहरू हुन्" (दिवस, २०३३, पृ. ६५) । धार्मिक लोककथाहरूमा धर्मकर्मसम्बन्धी बासिन्दाको आस्था र विश्वस पाइन्छ ।

ल्हासा सहरमा प्रचलित 'चोङ्साई काङ बजारमा स्त्री भूत' शीर्षकको लोककथा धार्मिक लोककथाअन्तर्गत पर्छ । यो कथा के कसरी धार्मिक लोककथा भित्र पर्छ भनेर यसको प्रसङगलाई निम्नानुसार देखाइएको छ :

**चोङ्साई काङ बजारमा स्त्री भूत**

'चोङ्साई काङ बजारमा स्त्री भूत' लोककथामा एक सानो भिक्षु, धार्मिक गुरु, मासु पसले साहुनी र भिखारी बूढी (स्त्री भूत) हुन्छन् । सानो भिक्षु र धार्मिक गुरु ल्हासाको सेरा गुम्बामा धार्मिक अध्ययन गर्छन् भने स्त्री भूतहरू रातमा मान्छेलाई खोजेर खान्छन् ।

एक दिन गुरुले सानो भिक्षुलाई चोङ्साई काङ बजार गएर मासु किन्ने भन्छन् । जानुअघि गुरुले सानो भिक्षुलाई त्याहाँ बजारमा जति दिन्छ त्यति मात्र किनेर लिने र थप कुरा नगर्ने जस्तो चेतावनी दिन्छन् । तर जब सानो भिक्षु चोङ्साई काङ बजार पुग्दा मासु पसले साहुनीसँग मोलतोल गर्दागर्दै अलि बढी कुरा गर्छ र साहुनीबाट मासु थप्ने माग्छ । सानो भिक्षुले सेरा गुम्बामा फर्केपछि गुरुले उसको हातको हत्केलामा एउटा नयाँ निशान देख्छन् । त्यो एक दुष्ट स्त्री भूतको चिन्ह रहेछ जसलाई सागाबमु भनिन्छ । गुरुले सानो भिक्षुलाई अब तुरुन्तै ल्हासा गएर रामोचे मन्दिरको छेउमा पुगी त्यहाँ एउटा सानो पालमा बस्ने र भीख माग्ने ८० वर्षकी बूढी भिखारीलाई भेट्नू, उनलाई त्साम्पा र घिउ हाल्नू र उनको पालमा एक रात बस्न माग्नू भन्छन् । सानो भिक्षु छिटो बाहिर निस्कियो र अन्त्यतः साँझमा बूढी भिखारी भेट्छ । उसले दुई चार पटक आफ्नो कुरा गर्ने प्रयास गरे पनि बूढीले वेवास्ता गर्छिन् । उसले रुँदा रुँदै त्साम्पा र घिउ मिसाएर टुक्रा टुक्रा पारेर बूढीलाई दिन्छ । अन्त्यतः बूढीले सानो भिक्षुलाई आफ्नो पालभित्रको ठूलो भाँडोमा लुक्न दिन्छिन् । वास्तवमा यो बूढी भिखारी पनि एउटा शक्तिशाली सागबमु हो । तर त्यो बूढी भिखारी (सागबमु) ले यसपटक उसको रक्षा गरेकी रहेछ । भोलिपल्ट बिहान सानो भिक्षु निस्किएपछि बूढी भिखारीले भन्छिन् कि बुद्ध धर्मको जप गर्ने अभ्यासले गर्दा आफूमा करुणाको भाव भएको छ र यही करुणाले तिमीलाई बचाएको हो ।

'चोङ्साई काङ बजारमा स्त्री भूत' लोककथामा सानो भिक्षु धार्मिक गुरुको निर्देशनअनुसार आफ्नो ज्यान बचाएको र बूढी भिखारी (सागबमु, स्त्री भूत) ले पनि बुद्ध धर्मको जप गर्ने अभ्यासले गर्दा आफूमा करुणाको भाव भएको जस्त प्रसङ्गबाट हामीले धर्मको विश्वस गर्नुपर्छ र जो भए पनि धर्मको अध्ययन गर्न सकिन्छ भन्ने 'चोङ्साई काङ बजारमा स्त्री भूत' लोककथालाई धार्मिक लोककथामा समावेश गरिएकोछ ।

## ३.५ निष्कर्ष

ल्हासा सहरबाट सङ्कलित १४ ओटा लोककथाहरूमध्ये सांस्कृतिक वा ऐतिहासिक लोककथामा 'घिउ करको उन्मुलन' र 'तिब्बती नुहाउने पर्व कर्मको फल' लोककथा पर्छन् । यी कथामा ऐतिहासिक तथा सांस्कृतिक विषयवस्तुको प्रयोग भएकाले यस वर्गअन्तर्गत समावेश गरिएको हो । अर्तीउपदेशका लोककथाहरूको वर्गअन्तर्गत 'दयालु हुनुपर्छ', 'अगुदुन्बाको सम्पत्ति', 'सात ओटा गधा', 'घोडाको उधारो' र 'दुइटा साथी र सुन' लोककथाहरू पर्छन् । यी लोककथाहरूमा लोकका लागि कुनै न कुनै अर्तीउपदेश दिइएको हुनाले यस वर्गअन्तर्गत समावेश गरिएको छ । पशुपक्षीका लोककथाको वर्गअन्तर्गत 'हात्ती र बाँदर' र 'बाँदरबाट मानव' पर्छन् । यी कथामा पात्र जनावर नै रहेका र सम्पूर्ण घटनाक्रमहरू जनावरको केन्द्रीयतामा अगाडि बढेको हुनाले यस वर्गअन्तर्गत समावेश गरिएको छ । मानवका विशेष स्वाभाव र प्रवृत्तिका लोककथाहरूअन्तर्गत 'अगुदुन्बा र मालिकको थाल', 'सुन र नुन' र 'याक जमिनमा छिऱ्यो' लोककथाहरू पर्छन् । यी कथाहरूमा ठगी तथा चलाखी र लोभी तथा कन्जुस विषयवस्तुको प्रयोग भएकाले यस वर्गअन्तर्गत समावेश गरिएको छ । दैवी लोककथामा 'आकाशबाट सुन पाउने' लोककथा पर्छ । यो कथामा देवताको शक्तिको प्रयोग भएको हुनाले यस वर्गअन्तर्गत समावेश गरिएको छ । धार्मिक लोककथाको वर्गअन्तर्गत 'चोङ्साई काङ बजारमा स्त्री भूत' लोककथा पर्छ । यो कथामा धार्मिक भाव तथा व्रतसम्बन्धी आस्था र लोकविश्वासको प्रयोग भएको हुनाले यस वर्गअन्तर्गत समावेश गरिएको छ । ल्हासा सहरका छ्युश्युर काउन्टी, लिन्झाउ काउन्टी र डाङ्सुङ् काउन्टीबाट सङ्कलित यी १४ ओटा लोककथाहरूमा उपर्युक्त ६ वर्गका लोककथाहरू रहेका छन् ।

# चौथो परिच्छेद

# तिब्बतको ल्हासा सहरमा प्रचलित लोककथाहरूको विधातात्त्विक विश्लेषण

## ४.१ विषयपरिचय

प्रस्तुत शोधकार्यको यस परिच्छेदमा ल्हासा सहरमा प्रचलित १४ ओटा कथाहरूको विश्लेषण गरिएको छ । यस क्रममा 'घिउ करको उन्मुलन', 'तिब्बती नुहाउने पर्व', 'दयालु हुनुपर्छ', 'अगुदुन्बाको सम्पत्ति', 'सात ओटा गधा', 'घोडाको उधारो', 'दुइटा साथी र सुन', 'हात्ती र बाँदर', 'बाँदरबाट मानव', 'अगुदुन्बा र मालिकको थाल', 'सुन र नुन', 'याक जमिनमा छिऱ्यो', 'आकाशबाट सुन पाउने' र 'चोङ्साई काङ बजारमा स्त्री भूत' लाई वर्गीकरणको क्रममा विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा यी लोककथालाई लोककथाका विधातत्त्व कथानक, अभिप्राय, पात्र, उद्देश्य, परिवेश र भाषाशैलीलाई आधार बनाइएको छ ।

## ४.२ लोककथा विश्लेषणका आधारहरू

विश्लेशषणका आधारहरू भनेका लोककथाका विधागत तत्त्वहरू नै हुन् । यहाँ लोककथाका विधागत तत्त्वहरूको सङ्क्षिप्त चर्चा गरिएको छ :

### ४.२.१ कथानक

कथानक भनेको कथामा घटित शृङखलित घटनाहरूका विन्यासको समष्टि हो । लोककथामा पनि विभिन्न घटनाहरू आएका हुन्छन् र यिनैले कथालाई गति दिएको हुन्छ । यसलाई कथावस्तु पनि भनिन्छ । "लोककथाको कथानकमा घटनाहरू कालक्रमिक सम्बन्धबाट परस्पर गाँसिएका हुन्छन् । कथानक अघि बढ्दै जाने हुँदा यसमा घटनाहरूको कालक्रमिक विन्यासले बढी महत्त्व पाएको हुन्छ" (शर्मा र लुइटेल, २०६३, पृ. ३७५) । लोककथाको कथानक सुखान्त पनि पाइन्छ दुःखान्त पनि पाइन्छ । लोककथाको कथानक प्रायः सरल हुन्छ र लोकजीवनसँग घनिष्ठ जोडिएको हुन्छ । लोककथाको कथानक प्रायः छोटो, सरल, प्रभावकारी र रोचक हुन्छ । लोककथामा पौराणिक, काल्पनिक, स्वैरकाल्पनिक, अतिप्राकृतिक, सामाजिक, मानवेतर आदि कथावस्तु ग्रहण गरिएको हुन्छ । कथानक लोककथाको लागि अनिवार्य आधारभूत तत्त्व मानिन्छ । कथानक नभएमा कथा पूर्ण हुँदैन । त्यसैले लोककथामा कथानक विशेष भूमिका खेल्छ र विशेष स्थानमा रहेको देखिन्छ । लोककथाको मुख्य आकर्षण पनि यही नै हो ।

### ४.२.२ अभिप्राय

अभिप्राय पनि लोककथाको अर्को महत्त्वपूर्ण तत्त्व हो । अभिप्राय भनेको लोककथामा प्रयोग हुने त्यस्ता घटना, कार्य, चरित्र र विश्वास हुन् जुन संसारभरका लोककथामा बारम्बार दोहोरिएर आएका हुन्छन् । "सामान्यतः विशिष्ट वा असामान्य घटना, चरित्र, कार्य तथा विश्वासहरू मात्र अभिप्राय हुन्" (पराजुली र गिरी, २०६८, पृ. १८२) । लोककथामा अभिप्रायको भूमिका महत्त्वपूर्ण

भएको देखिन्छ । निर्माण कार्य गर्दा निर्माण सामग्री अर्थात् ढुङ्गा, बालुवा, इँट आदि जति महत्त्वपूर्ण हुन्छन् लोककथामा पनि अभिप्राय त्यति नै महत्त्वपूर्ण मानिन्छ । यस्तो महत्त्वपूर्ण भूमिका खेलेकोले अभिप्राय लोककथाको अनिवार्य तत्त्व पनि हो । कथालाई रोचक र कौतुहलता प्रदान गर्ने काम अभिप्रायले गर्छ । लोककथामा दोहोरिएर आउने तर जीवनजगत्को यथार्थभन्दा भिन्न तत्त्व अभिप्राय हो । अभिप्राय घटना, पात्र, परिवेश र वस्तुमा देखापर्दछ ।

### ४.२.३ पात्र

लोककथामा घटना गराउने, कार्य र विचारको संवहन गर्ने व्यक्तिलाई पात्र भनिन्छ । यसलाई चरित्र पनि भनिन्छ । लोककथामा मानव र मानवेतर पात्रहरूको प्रयोग गरिएको हुन्छ । "यस्ता पात्रमा मानिस, मावनवेतर प्राणी, देवीदेवता, राक्षस, भूतप्रेत, बोक्सी, वनस्पति तथा पदार्थलाई पात्र बनाउने प्रचलन पाइन्छ । मानवेतर प्राणी र पदार्थलाई पनि मानिसको जस्तै स्वभाव, गुण र विशेषताहरू हुन्छन् भन्ने लोक मान्यताले यस्ता पात्रहरू प्रयोगमा आएका हुन्" (पराजुली र गिरी, २०६८, पृ. १८२) । यस्तै विभिन्न प्रकारका पात्र र तिनको चरित्रका माध्यमद्वारा नै लोककथाको कथानक अगाडि जान्छ । पात्र वा चरित्रले कथानकलाई अगाडि बढाउने कार्य गर्छ । कथानकका सम्पूर्ण घटनाहरूलाई बोक्ने कार्य पनि यसले गर्छ । त्यसैले लोककथामा पात्रको महत्त्वपूर्ण स्थान पनि रहेको छ ।

### २.२.४ परिवेश

लोककथामा घटना हुने स्थल, समय र त्यसको पर्यावरणलाई परिवेश भनिन्छ । "लोककथाको परिवेश लौकिक र अलौकिक गरी दुई किसिमको हुन्छ । पृथ्वीलोक र यसभित्रको सामाजिक तथा प्राकृतिक परिवेशको चित्रण लौकिक परिवेशमा रहको हुन्छ । धार्मिक तथा अतिरञ्जित लोककथामा अलौकिक परिवेशको चित्रण गरिएको हुन्छ" (पराजुली र गिरी, २०६८, पृ. १८४-१८५) । लोककथामा रहेको लौकिक र परिवेश तत्कालीन लोकजीवनसँग घनिष्ठ जोडिएको हुन्छ भने अपत्यारिला, स्वैरकाल्पनिक स्थान, समय र वातावरणको चित्रण अलौकिक परिवेशमा रहेको हुन्छ । परिवेशले लोककथाको स्थान, काल र सन्दर्भको चित्रण गरेकोले लोकथामा त्यसको विशेष भूमिका रहेको छ ।

### ४.२.५ उद्देश्य

लोककथामा उद्देश्य भनेको कथा सिर्जनापछाडिको कारण नै हो । सबै साहित्यिक रचनाको उद्देश्य हुन्छ । त्यस्तै लोककथामा पनि उद्देश्य राखिएको हुन्छ । उद्देश्य नभएमा लोककथा सार्थक हुँदैन । लोककथाहरू मुख्यतः मनोरञ्जनका उद्देश्यले सिर्जिएका हुन्छन् । "लोककथाले बालकदेखि बृद्धसम्म सबै उमेर समूहका मानिसलाई मनोविद प्रदान गरी साद्देश्य पूरा गर्दछ । मनोरञ्जनका अतिरिक्त लोककथाको नीति, उपदेश, शिक्षा दिने उद्देश्य पनि पूरा गरेको पाइन्छ" (शर्मा र लुइटेल, २०६३, पृ. ३७६-३७७) । यसबाट के बुझिन्छ भने लोककथाको उद्देश्य मानिसलाई नैतिक शिक्षा, मनोरञ्जन, पौराणिक र सांस्कृतिक विषयवस्तु आदिको ज्ञान दिनु हो ।

### ४.२.६ भाषाशैली

लोकजीवनमा प्रचलित लोककथामा प्रायः लोकभाषाको प्रयोग गरिन्छ । लोककथा तत्कालीन सामाजिक, परम्परागत र भौगोलिक आदि स्थितिबाट स्वभाविक रूपमा प्रभावित हुन्छ । तत्कालीन स्थानमा प्रचलित भाषा भाषिकाको प्रभाव लोककथामा पनि परेको हुन्छ । "यो कथ्यभाषामा प्रस्तुत गरिन्छ । स्थानीय स्तरमा प्रचलित उखान टुक्का, गाउँखाने कथा र ठेट लोकशब्दहरूको प्रयोग हुने हुँदा लोककथाको भाषा विशेष महत्त्व रहेको हुन्छ" (पराजुली र गिरी, २०६८, पृ. १८६) । लोककथाको मुख्य भाषिक विशेषता स्थानीयताको प्रभाव हो । लोककथा प्रस्तुत गर्ने तरिकालाई शैली भनिन्छ । लोककथाको शैली त्यसका वाचकका आधारमा निर्धारित हुन्छ । त्यसैले लोककथाको विषयवस्तु उस्तै भए पनि वाचकको कथा सुनाउने भिन्न-भिन्न तरिकाले गर्दा लोककथामा फरक स्वाद पनि देखिन्छ । भाषाशैलीले लोककथालाई रोचक बनाउने हुँदा लोककथामा भाषाशैलीको महत्त्वपूर्ण र विशेष भूमिका रहेको छ ।

## ४.३ सांस्कृतिक-ऐतिहासिक लोककथाहरूको विश्लेषण

यहाँ लोककथाका उपर्युक्त विधातत्त्वका आधारमा ल्हासा सहरमा प्रचलित सांस्कृतिक-ऐतिहासिक लोककथाहरूको विश्लेषण गरिएको छ ।

### ४.३.१ 'घिउ करको उन्मुलन' लोककथाको विश्लेषण

प्रस्तुत 'घिउ करको उन्मुलन' लोककथा ल्हासा सहरमा प्रचलित सास्कृतिक-ऐतिहासिक लोककथा हो । यो कथा ल्हासा सहरको छ्युश्युर काउन्टीका निवासी पुबु छिरिङबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को नं. १ मा सङग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्व कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

**(अ) कथानक**

प्रस्तुत 'घिउ करको उन्मुलन' लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

'घिउ करको उन्मुलन' लोककथामा धेरै पहिले नेडोङ क्षेत्रका बासिन्दाहरूले टाउकोको कपालभन्दा बढी चर्को कर र विविध करहरू तिर्नुपर्छ जसमध्ये घिउ कर पनि एक हो । घिउ कर भनेको बासिन्दाहरूले गाईबस्तुबाट निचोरेको दूधलाई परिणत गरी घिउ बनाएर नेडोङ राजालाई बुझाउनुपर्छ । निछ्युसाम्बु नामका एक युवाले करबाट मुक्त हुने उपाय खोज्छ । नेडोङ राजा छतमा हिंडिरहेको बेला निछ्युसाम्बु वरिपरि पुगेर जुत्ताको फेदको मर्मत गर्ने बहाना गर्दा एउटा सानो गधा दूध पिउन त्यसको आमाको मुनि आउँछ । निछ्युसाम्बुले त्यो देखेर गधाले सबै दूध पियो भने राजालाई घिउ कर कसरी तिर्ने भनी कराउँछ । उसले कराएको कुरा सुनेर नेडोङ राजा त्यहाँबाट बुझाएको घिउ गधाको हो भन्ने थाहा पाएर साह्रै रिसाउँछन् । निछ्युसाम्बु डराउँदै गाउँमा याकको

दूध नभएको र गधाको दुध मात्र भएको राजालाई बताउँछ । राजाले गधाको घिउ खाएको मानिस मुर्ख बन्छ भन्ने विश्वास गरेकोले निछ्युसाम्बुलाई छिट्टै गोदाममा गएर गधाको घिउ सबै फालिदे भन्ने आदेश दिन्छन् । पछि निछ्युसाम्बुले गरिब गाउँलेहरूलाई गोदामको ढोकातिर आउने बोलाएर आफू ढोकाभित्र पसेर त्यहाँका सबै घिउ एक-एक गरी ढोकाबाहिर फाल्छ । यसरी निछ्युसाम्बुले गोदाममा रहेको सबै घिउ गाउँका गरिब बासिन्दाहरूलाई बाँड्छ । त्यस घटनादेखि नेडोङ राजाले नेडोङ क्षेत्रबाट घिउको सङ्कलन गर्ने छोडे र घिउ करको उन्मुलन भयो ।

'घिउ करको उन्मुलन' लोककथामा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । प्रस्तुत कथाको कथानकमा रहेका घटनाहरूको आदि मध्य र अन्त्यको क्रम यस प्रकार छ :

**(क) आदिभाग**

नेडोङ क्षेत्रका बासिन्दाहरूले घिउलगायत चर्को कर नेडोङ राजालाई तिर्नुपर्नु, निछ्युसाम्बु नामका एक युवाले करबाट मुक्त हुने उपाय खोज्नु, एक दिन नेडोङ राजा छतमा हिंडिरहेको बेला निछ्युसाम्बु वरिपरि पुग्नुसम्मका घटनाक्रमलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

नेडोङ राजा वरिपरि पुग्दा निछ्युसाम्बु एउटा सानो गधा दूध पिउन त्यसको आमाको मुनि आएको देख्नु, उसले गधा सबै दूध पियो भने राजालाई घिउ कर कसरी तिर्ने भनेर कराउनु, उसले कराएको कुरा सुनेर नेडोङ राजा त्यहाँबाट बुझाएको घिउ गधाको हो भन्ने थाहा पाउनु र साह्रै रिसाउनु, निछ्युसाम्बुले तर्साउँदै गाउँमा याकको दूध नभएको र गधाको दुध मात्र भएको राजालाई बताउनु, राजाले गधाको घिउ खाएको मानिस मुर्ख बन्छ भन्ने विश्वास गरेकोले निछ्युसाम्बुलाई छिट्टै गोदाममा गएर गधाको घिउ सबै फालिदे भन्ने आदेश दिनुसम्मका घटनाक्रमलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

पछि निछ्युसाम्बुले गरिब गाउँलेहरूलाई बोलाएर गोदामभित्रको सबै घिउ एक-एक गरी ढोकाबाहिर फाल्नु । निछ्युसाम्बुले गोदाममा रहेको सबै घिउ गाउँका गरिब बासिन्दाहरूलाई बाँड्नु । त्यस घटनादेखि नेडोङ राजाले नेडोङ क्षेत्रबाट घिउको सङ्कलन गर्ने छोड्नु र घिउ करको उन्मुलन हुनुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

प्रस्तुत लोककथा सामाजिक जनजीवनसँग सम्बद्ध छ । लोकसमाजको यथार्थ चित्रण कथामा उतारेर नेडोङ राजा र निछ्युसाम्बुको माध्यमबाट प्रस्तुत गरिएको यस लोककथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलाबद्ध क्रममा आबद्ध भएकाले सुगठित छ ।

**(आ) अभिप्राय**

प्रस्तुत 'घिउ करको उन्मुलन' लोककथामा विभिन्न अभिप्रायको प्रयोग गरिएको छ । यस कथामा प्रयोग भएको नेडोङ राजा र चलाख निछ्युसाम्बु अभिप्रायका रूपमा रहेका छन् ।

निछ्युसाम्बुले गधाको घिउ राजालाई तिर्ने बहाना गर्नु, राजाले गधाको घिउ खाएको मानिस मुर्ख बन्ने विश्वास गर्नु र सबै त्यस्तो घिउ फाल्ने आदेश दिनु र नेडोङ क्षेत्रबाट घिउ करको उन्मुलन हुनुजस्ता घटनाक्रमहरू यस लोककथामा अभिप्रायका रूपमा आएका छन् । यिनले कथालाई रोचक बनाएका छन् ।

**(इ) पात्र**

प्रस्तुत लोककथामा मानवीय र मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएको छ । मानवीय पात्रअन्तर्गत निछ्युसाम्बु, नेडोङ राजा र गरिब गाउँलेहरू रहेका छन् भने मानवेतर पात्रका रूपमा गधा रहेको छ । यस लोककथामा प्रमुख पात्र निछ्युसाम्बु र नेडोङ राजा छन् भने सहायक पात्रको रूपमा गधा र गाउँलेहरू आएका छन् । यस कथाको मुख्य पात्र निछ्युसाम्बुले गधाको प्रयोग गरी नेडोङ क्षेत्रबाट घिउ करको उन्मुलन भएको प्रसङ्गहरूबाट ऊ चलाख र दयालु सतचरित्रको रूपमा रहेको छ भने नेडोङ राजा साधारणहरूको शोषण गर्ने असतचरित्र रहेको छ । यस कथामा प्रमुख र सहायक दुईजना पात्रहरूको भूमिका उत्तिकै महत्त्वपूर्ण रहेको छ ।

**(इ) परिवेश**

प्रस्तुत लोककथाको परिवेश लौकिक रहेको छ । लौकिक परिवेशका रूपमा ग्रामीण समाज, गाउँ, छत र गोदाम रहेका छन् । तत्कालीन ग्रामीण समाजमा रहेको आर्थिक र सांस्कृतिक भिन्नताका कारणले साधारण मानिसहरूले शासकलाई विविध प्रकारका कर तिर्नु पर्ने बाध्यता र शासकले साधारण मानिसहरूलाई दिएको शोषण यसमा देखिएको छ । समग्रमा यस लोककथा परिवेश सबल रहेको छ ।

**(उ) उद्देश्य**

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको अन्याय र दमन परेका साधारण मानिसहरूले आफ्नो उपायबाट बुद्धिमानी रूपमा बिरोध गर्नुपर्छ भन्ने सन्देशसहित मनोरञ्जन दिनु रहेको छ । यस लोककथामा साधारण बासिन्दाहरूले नेडोङ राजालाई घिउलगायत विविध कर तिर्नुपरेको, निछ्युसाम्बुले घिउ करबाट मुक्त गराउन खोजेको, नेडोङ राजाले आफूलाई तिर्ने घिउ गधाको हो भन्ने थाहा पाउँदा रिसाउँदै सबै घिउ बाहिर फाल्ने आदेश गरेको र अन्त्यमा नेडोङ क्षेत्रबाट घिउ करको उन्मुलन भएको अवस्थामा पुगेको देखिन्छ । यसले नै यस लोककथाको मूल उद्देश्य सार्थक बाएको पाइन्छ । यसरी हेर्दा यस कथाको उद्देश्य जसरी हुन्छ अन्याय र शोषणबाट मुक्त हुने उपायको खोजी गर्नुपर्दछ भन्ने हो ।

**(ऊ) भाषाशैली**

प्रस्तुत लोककथामा सरल, सहज र सरस भाषाको प्रयोग गरिएको छ भने वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । यस कथामा “गधाको घिउ धेरै दिनसम्म राख्न सकिँदैन, समय बित्दै पहेँलो भइहाल्छ ! फ्याँकिदेऊ ! फालिदेऊ !” जस्तो स्थानीय लयको प्रयोग पनि गरिएको पाइन्छ ।

सरल वाक्यगठन, सहज अर्थ सम्प्रेषण र सरस भावमयता, वर्णनात्मकता यस लोककथाको भाषाशैलीगत विशेषता हुन ।

### ४.३.२ 'तिब्बती नुहाउने पर्व' लोककथाको विश्लेषण

प्रस्तुत 'तिब्बती नुहाउने पर्व' लोककथा ल्हासा सहरमा प्रचलित सास्कृतिक-ऐतिहासिक लोककथा हो । यो कथा ल्हासा सहरको छ्युश्युर काउन्टीका निवासी टाशीबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को नं. २ मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्व कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

**(अ) कथानक**

प्रस्तुत 'तिब्बती नुहाउने पर्व' लोककथामा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । प्रस्तुत कथाको कथानकमा रहेका घटनाहरूको आदि मध्य र अन्त्यको क्रम यस प्रकार छ :

'तिब्बती नुहाउने पर्व' लोककथामा युन्डन गोन्बु प्रसिद्ध डाक्टर हुन् । उनले सबै कठिन र जटिल रोगहरू निको पार्ने गर्छन् । तिब्बतका राजा ट्रिसोङ डेत्सेनले उनलाई दरबारभित्र राख्छन् र शाही डाक्टर मान्छेन् । दरबारमा बसे पनि उनले बेलाबेलामा घाँसे मैदानमा बस्ने बासिन्दाहरूको रोगको उपचारको लागि जडिबुटीको संकलन गर्न जान्छन् । एक वर्षमा भयानक महामारी फैलिँदा धेरै गोठालाहरू बिरामी छन् र कोहीले ज्यान गुमाउँछन् । युन्डन गोन्बुले थाहा पाएपछि गोठालाहरूको उपचार गर्न दौड्छन् । धेरै बिरामीहरू उनले बनाएको औषधि खाएपछि निको भएका छन् । त्यतिबेलादेखि गोठालाहरूले उनलाई औषधि राजा मान्छेन् । युन्डन गोन्बुको निधनपछि अर्को भयानक महामारीले घाँसे मैदानमा आक्रमण गर्यो र धेरै मानिसहरू मर्छन् र मरिरहेका गोठालाहरूले आकाशतिर प्रार्थना गर्न थाल्छन् । एक रात एउटी गम्भीर बिरामी भएकी महिलाको सपनामा डाक्टर युन्डन गोन्बुको देखा पर्‍यो र त्यस महिलालाई भोलिपल्ट राति जब दक्षिणपूर्वी आकाशमा चम्किलो तारा देखिन्छ तब तिमी जिछ्यु नदीमा जाऊ र त्यहाँ नुहाएपछि रोग निको हुन्छ भनेर भन्छन् । त्यो महिलाले नुहाएपछि रोग तुरुन्तै हट्छ । महिलाको अनुभव फैलिएपछि सबै बिरामीहरू जिछ्यु नदीमा नुहाउन आउँछन् र नुहाएका सबै बिरामीहरू निको भएर स्वास्थ्यमा फर्कन्छन् । मानिसहरू भन्छन् कि डाक्टर युन्डन गोन्बुले आफूलाई एउटा चम्किलो तारामा रुपान्तरण गरेर ताराको प्रकाश भएका सात दिनमा नदीको पानीलाई औषधि पानीमा परिवर्तन गरेका छन् । यस्तो औषधि पानीमा नुहाएका मानिसहरूको रोग निको पार्न सकिन्छ भन्छन् । त्यसैबेलादेखि तिब्बती जनताले यी सात दिनलाई नुहाउने पर्वको रूपमा तोकेका छन् ।

**(क) आदिभाग**

'तिब्बती नुहाउने पर्व' लोककथामा युन्डन गोन्बु प्रसिद्ध डाक्टर हुनु, उनले सबै कठिन र जटिल रोगहरू निको पार्ने गर्नु, तिब्बतका राजा ट्रिसोङ डेत्सेनले उनलाई दरबारभित्र राख्नु, बेलाबेलामा उनले

साधारण बासिन्दाहरूको रोगको उपचारको लागि जडिबुटीको संकलन गर्न बाहिर जानुसम्मका घटनाक्रमलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

एक वर्षमा भयानक महामारी फैलिँदा धेरै गोठालाहरू विरामी हुनु र कोहीले ज्यान गुमाउनु, युन्डन गोन्बुले थाहा पाएपछि गोठालाहरूको उपचार गर्नु, धेरै बिरामीहरू उनले बनाएको औषधि खाएपछि निको हुनु, त्यतिबेलादेखि गोठालाहरूले उनलाई औषधि राजा मान्नु, युन्डन गोन्बुको निधनपछि अर्को भयानक महामारीले घाँसे मैदानमा आक्रमण गर्दा धेरै मानिसहरू मर्नु, मरिरहेका गोठालाहरूले आकाशतिर प्रार्थना गर्नु, एक रात एउटी गम्भीर बिरामी भएकी महिलाको सपनामा डाक्टर युन्डन गोन्बुको देखा पर्नु र त्यसमहिलालाई भोलिपल्ट राति जब दक्षिणपूर्वी आकाशमा चम्किलो तारा देखिन्छ तब तिमी जिछ्यु नदीमा जाऊ र त्यहाँ नुहाएपछि रोग निको हुन्छ भनेर भन्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

त्यो महिलाले नुहाएपछि रोग तुरुन्तै हट्नु, महिलाको अनुभव फैलिएपछि सबै बिरामीहरू जिछ्यु नदीमा नुहाउन आउनु, नुहाएका सबै बिरामीहरू निको भएर स्वस्थ्य अवस्थामा फर्कनु, डाक्टर युन्डन गोन्बुले आफूलाई एउटा चम्किलो तारा रुपान्तरण गरेर ताराको प्रकाश भएका सात दिनमा नदीको पानीलाई औषधि पानी परिवर्तन गरेका भनेर भन्नु, त्यसैबेलादेखि तिब्बती जनताले यी सात दिनलाई नुहाउने पर्वको रूपमा तोक्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

प्रस्तुत लोककथा जनजीवनको चाड संस्कृतिसँग सम्बद्ध छ । लोककथाको लोककथाको कथानक सबल र सुगठित छ । यस लोकथामा घटनाहरू सिलसिलाबद्ध रूपमा घटित भएकाले कथानक रैखिक ढाँचामा आबद्ध रहेको छ ।

**(आ) अभिप्राय**

प्रस्तुत 'तिब्बती नुहाउने पर्व' लोककथामा विभिन्न अभिप्रायको प्रयोग गरिएको छ । यस कथामा प्रयोग भएको औषधि राजा युन्डन गोन्बु र नदीमा नुहाएर निको भएकी महिला अभिप्रायका रूपमा रहेका छन् । युन्डन गोन्बुको निधनपछि फेरि महामारी आउँदा धेरै मानिसहरू मरेका र मरिरहेका, एउटी गम्भीर बिरामी भएकी महिलाले सपनामा डाक्टर युन्डन गोन्बुलाई देखेकी, युन्डन गोन्बुले त्यस महिलालाई भोलिपल्ट राति जब दक्षिणपूर्वी आकाशमा चम्किलो तारा देखिन्छ तब तिमी जिछ्यु नदीमा जाऊ र त्यहाँ नुहाएपछि रोग निको हुन्छ भनेको, महिलाले त्यसैअनुसार नुहाएर निको भएकी, मानिसहरूले थाहा पाएपछि युन्डन गोन्बुले एउटा चम्किलो तारा रुपान्तरण गरेर ताराको प्रकाश भएका सात दिनमा नदीको पानीलाई औषधि पानी परिवर्तन गरेका भन्न थालेका जस्ता घटनाक्रमहरू यस लोककथामा अभिप्रायका रूपमा आएका छन् । यिनले कथालाई रोचक बनाएका छन् ।

**(इ) पात्र**

प्रस्तुत लोककथामा मानवीय पात्रहरूको मात्र प्रयोग गरिएको छ । यस लोककथामा प्रमुख पात्रको रूपमा औषधि राजा डाकटर युन्डन गोन्बु, सहायक पात्रको रूपमा बिरामी भएकी महिला र गौण पात्रको रूपमा घाँसे मैदानका साधारण बासिन्दाहरू आएका छन् । प्रमुख पात्र युन्डन गोन्बुले दयालु भएर घाँसे मैदानका साधारण बासिन्दाहरूलाई उपचार गरेको, आफू मरेपनि सहायक पात्र एक बिरामी महिलाको सपनामा देखा पर्दा नदीमा नुहाएर निको हुन्छ भनेको, गौण पात्र घाँसे मैदानका साधारण बासिन्दाहरू नुहाउने पर्व बनाएका जस्ता घटनाहरू यस कथालाई अगाडि बढाउनको लागि यी पात्रहरूको भूमिका उत्तिकै महत्त्वपूर्ण रहेको छ ।

**(इ) परिवेश**

प्रस्तुत लोककथाको परिवेश लौकिक र अलौकिक दुवै रहेको छ । लौकिक परिवेशका रूपमा घाँसे मैदान, दरबार, नदी रहेका छन् भने अलौकिक परिवेशमा बिरामी महिलाको सपना रहेको छ । बिरामी महिलाले सपना देखेर अलौकिक परिवेशलाई देखाएको छ । विशेष नदीमा नुहाएर सबै रोग निको हुन्छ भन्ने एउटा अन्धविश्वासी परिवेश पनि यसमा रहेको पाइन्छ । समग्रमा एउटा लोककथाको लागि आवश्यक पर्ने लौकिक र अलौकिक परिवेशहरू प्रस्तुत भएकाले लोककथा परिवेशका रूपमा सबल रहेको छ ।

**(उ) उद्देश्य**

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको मानिसहरूलाई तिब्बती नुहाउने पर्वको सांस्कृतिक उद्भव बुझाउनु र तिब्बती ऐतिहासिक व्यक्ति औषधि राजा डाकटर युन्डन गोन्बुको प्रशंसा गर्नु रहेको छ । यसका साथै सपनाबाट कथा अगाडि बढाएकोमा मनोरञ्जन दिनु पनि यस लोककथाको उद्देश्य रहेको छ ।

**(ऊ) भाषाशैली**

प्रस्तुत कथामा सरल र सहज भाषाको प्रयोग भएको छ । यस कथाको अभिव्यक्तिगत शैली वर्णनात्मक नै रहेको देखिन्छ । लोककथामा स्थानीय अभिव्यक्तिको प्रयोग पनि गरिएको पाइन्छ । सरल वाक्यगठन, सहज अर्थ सम्प्रेषण र वर्णनात्मकता यस लोककथाको भाषाशैलीगत विशेषता हुन् ।

## ४.४ अर्तीउपदेशका लोककथाको विश्लेषण

प्रस्तुत सन्दर्भमा ल्हासा सहरमा मा प्रचलित लोककथाहरूमा अर्ती-उपदेशका कथाहरू पनि रहेका छन् । यहाँ ती लोककथाहरूको विश्लेषण गरिएको छ ।

### ४.४.१ 'दयालु हुनुपर्छ' लोककथाको विश्लेषण

प्रस्तुत 'दयालु हुनुपर्छ' लोककथा ल्हासा सहरमा प्रचलित सास्कृतिक-ऐतिहासिक लोककथा हो । यो कथा ल्हासा सहरको छ्युश्युर काउन्टीका निवासी छिवाङबाट सङ्कलन गरिएको हो । प्रस्तुत

कथालाई यसै शोधको परिशिष्ट 'क' को नं ३ मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्व कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

**(अ) कथानक**

प्रस्तुत 'दयालु हुनुपर्छ' लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

'दयालु हुनुपर्छ' लोककथामा बूढी आमा र तीन जना छोरी हुन्छन् । जेठी छोरी धूर्त छे र कहिल्यै शिर झुकाउँदिन र कुनै दुख झेल्दिन । माहिली छोरी अरुको ईर्ष्या र शङ्का गर्ने मन पराउँछे र कहिल्यै पनि अलिकति दुख झेल्दिन । कान्छी छोरीको स्वभाव कोमल, दयालु, सुन्दर र अरूलाई मद्दत गर्ने गर्छे । बूढी आमाले आफ्ना तीन छोरीहरूलाई हरेक दिन छुट्टाछुट्टै याक चराउन दिन्छिन् । बूढी आमाले जेठी छोरीलाई याक चराउनू भन्छिन् । राति उसले त्साम्पा खाजा माग्ने एक तिब्बती मास्टिफ (तिब्बती पठोरमा बस्ने अग्लो, बलियो र डर लाग्दो स्थानीय कुकुर) भेट्छे । उसले त्साम्पा नदीएपछि भूत भेट्छ र भूतले उसलाई खान्छ । दोस्रो दिन जेठी छोरीलाई खोज्न आमाले माहिली छोरीलाई पठाउँछिन् । माहिली छोरीले पनि रातमा उस्तै तिब्बती मास्टिफ भेट्छ र आफ्नो त्साम्पा फेरि नदीएपछि भूत भेट्छे र भूतले उसलाई खान्छ । तेस्रो दिन जेठी छोरी र माहिली छोरी खोज्न आमाले कान्छी छोरीलाई पठाउँछिन् । कान्छी छोरीले पनि रातमा त्यस तिब्बती मास्टिफ भेट्छे । उसले आफ्नो त्साम्पा तिब्बती मास्टिफलाई दिन्छे र भूत फेरि आउँछ । मास्टिफले कान्छी छोरीलाई आकाशतिर हेर्दा चन्द्रमालाई बचाउनुहोस् भन्नू भनेर भन्छ । कान्छी छोरीले चन्द्रमालाई छिटो बचाउनुहोस् भनेपछि अप्रत्याशित रूपमा चन्द्रमाले एउटा लामो डोरी छोडिदिन्छ । कान्छी छोरी छिटै डोरी समातेर मास्तिर चढेर भाग्छे ।

'दयालु हुनुपर्छ' लोककथामा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । प्रस्तुत कथाको कथानकमा रहेका घटनाहरूको आदि मध्य र अन्त्यको क्रम यस प्रकार छ :

**(क) आदिभाग**

'दयालु हुनुपर्छ' लोककथामा बूढी आमा र तीन जना छोरी हुनु, बूढी आमाले आफ्ना तीन छोरीहरूलाई हरेक दिन छुट्टाछुट्टै याक चराउन दिनुसम्मका घटनाक्रमलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

बूढी आमाले जेठी छोरीलाई याक चराउनू भन्नू । पहलो दिन जेठी छोरी त्साम्पा खाजा माग्ने एक तिब्बती मास्टिफ भेट्नु, उसले त्साम्पा नदीएपछि भूत भेट्नु, भूतले उसलाई खानु, दोस्रो दिन जेठी छोरीलाई खोज्न आमाले माहिली छोरीलाई पठाउनु, माहिली छोरीले रातमा पनि उस्तै तिब्बती मास्टिफ भेट्नु, आफ्नो त्साम्पा फेरि नदीएपछि भूत भेट्नु र भूतले उसलाई खानु, तेस्रो दिन जेठी छोरी र माहिली छोरी खोज्न आमाले कान्छी छोरीलाई पठाउनु । कान्छी छोरीले पनि

रातमा त्यो तिब्बती मास्टिफ भेट्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

कान्छी छोरीले आफ्नो त्साम्पा तिब्बती मास्टिफलाई दिनु, भूत फेरि आउनु, मास्टिफले कान्छी छोरीलाई भूतबाट भाग्ने उपाय र बाटो देखाउनु, कान्छी छोरी छिटै भागेर आफ्नो ज्यान बचाउनुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

प्रस्तुत लोककथाको कथानक सुगठित छ । आदि, मध्य र अन्त्यको शृङ्खलाबद्ध क्रममा आबद्ध भएकाले यस कथाको कथानक रैखिक ढाँचाको देखिन्छ ।

**(आ) अभिप्राय**

प्रस्तुत 'दयालु हुनुपर्छ' लोककथामा विभिन्न अभिप्रायको प्रयोग गरिएको छ । यस कथामा प्रयोग भएको तिब्बती त्साम्पा खाजा माग्ने मास्टिफ र कान्छी छोरीलाई बचाउन लामो डोरी दिएको चन्द्रमा अभिप्रायका रूपमा रहेका छन् ।

**(इ) पात्र**

प्रस्तुत लोककथामा मानवीय र मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएको छ । मानवीय पात्रअन्तर्गत आमा, जेठी छोरी, माहिली छोरी र कान्छी छोरी रहेका छन् भने मानवेतर पात्रका रूपमा तिब्बती मास्टिफ, चन्द्रमा र याकहरू रहेका छन् । छोरीहरूले चराउने याकहरू यस कथाका गौण पात्र रहेका छन् । यस कथाको प्रमुख पात्र कान्छी छोरी र तिब्बती मास्टिफ रहेका छन् भने आमा, जेठी छोरी, माहिली छोरी र चन्द्रमा सहायक पात्रका रूपमा रहेका छन् । यस कथाका घटनाहरूलाई अगाडि बढाउनको लागि प्रमुख र सहायक सबै पात्रहरूको महत्त्वपूर्ण भूमिका रहेको छ ।

**(इ) परिवेश**

प्रस्तुत लोककथाको परिवेश लौकिक र अलौकिक दुवै रहेको छ । लौकिक परिवेशका रूपमा घाँसे मैदान, घाँसेका पहाडहरू, रात र साँझ रहेका छन् भने अलौकिक परिवेशमा छोरीलाई डोरी दिएको आकाशको चन्द्रमा रहेको छ । चन्द्रमा मानिसलाई बचाउने एउटा अन्धविश्वासी परिवेश पनि यसमा रहेको पाइन्छ । समग्रमा एउटा लोककथाको लागि आवश्यक पर्ने लौकिक र अलौकिक परिवेशहरू प्रस्तुत भएकाले लोककथा परिवेशका रूपमा सबल रहेको छ ।

**(उ) उद्देश्य**

प्रस्तुत लोककथाको मुख्य उद्देश्य भनेको जे जति छ त्यसलाई मिलाउँदा दयालु भएर चाहिनेहरूसँग बाँड्नुपर्छ र सहयोग गर्नुपर्छ र यस्तै गरेमा पछि अर्को तरिकाले प्रतिफल पाउन सकिन्छ भन्नु हो । नैतिक शिक्षा दिनुसहित मनोरञ्जन दिनु पनि यस लोककथाको उद्देश्य रहेको छ ।

**(ऊ) भाषाशैली**

प्रस्तुत कथामा सरल, सहज र सरस भाषाको प्रयोग भएको छ । यस कथाको अभिव्यक्तिगत शैली वर्णनात्मक नै रहेको देखिन्छ । यस लोककथामा तिब्बती स्थानीय भाषाको प्रभाव पनि रहेको छ । यसमा तिब्बती स्थानीय शब्दहरू त्साम्पा (तिब्बती खाजा) र तिब्बती मास्टिफ (तिब्बती कुकुर) आदिको प्रयोग भएको देखिन्छ ।

**४.४.२ 'अगुदुन्बाको सम्पत्ति' लोककथाको विश्लेषण**

प्रस्तुत 'अगुदुन्बाको सम्पत्ति' लोककथा ल्हासा सहरमा प्रचलित सास्कृतिक-ऐतिहासिक लोककथा हो । यो कथा ल्हासा सहरको छ्युश्युर काउन्टीका निवासी छिसोङबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को नं ४ मा सङग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्व कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

**(अ) कथानक**

प्रस्तुत 'अगुदुन्बाको सम्पत्ति' लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

'अगुदुन्बाको सम्पत्ति' लोककथामा अगुदुन्बा नामका एक चलाख काका र दुई चार जना गरिब गाउँले साथीहरू गाउँमा बस्छन् । गाउँमा जीवन एकदम गाह्रो भएकोले सुखमय जीवन खोज्न गरिब गाउँले साथीहरूले अगुदुन्बालाई सहयोग माग्छन् । अगुदुन्बाले गरिब गाउँले साथीहरूलाई जङ्गलमा लिएर सानो खोलाको छेउमा एउटा ठूलो जमिन भेट्टाएर मेरो यहाँ एउटा ठूलो सम्पत्ति गहिरोसम्म गाडिएको र तिमीहरू खनेर पत्ता लगाएमा म तिमीहरूलाई दिन्छु भन्छन् । अगुदुन्बाको कुरा सुनेर गरिब गाउँले साथीहरू सबैजना उत्साहित भए र दिनरात चर्को घाममुनि र पिठ्युँमा पसिना लिएर खन्छन् । तिनीहरूले खन्दा खन्दै झन्डै पानी पनि निस्कन थाल्छ र पूरै जमिन खन्ने काम भैसके पनि सम्पति भेटिएको छैन । अगुदुन्बाले चुपचापमा भुइँमा एउटा ढुङ्गा लुकाएर गाड्छन् र सम्पत्ति यहाँ रहेछ कराउँछन् । गरिब गाउँले साथीहररूलाई अगुदुन्बाले अब जमिनमा पानी दिने र बिउ छर्ने सल्लाह दिन्छन् । गरिब गाउँले साथीहररूले अगुदुन्बाले भनेको जस्तै गरेसकेपछि शरद ऋतु आउँदा सबैले धेरै अन्न पाउँछन् र जीवनको चिन्ता पनि जान्छ । तिनीहरूले थाहा पाउँछन् कि काका अगुदुन्बाले सबैलाई सिकाएको कुरा के हो भने सबैले काम गर्नुपर्छ, परिश्रम गर्नुपर्छ र खेती गर्नुपर्छ । पछि किसानहरूले जोत्दा सधैं दुई चार ओटा ढुङ्गा लिएर अगुदुन्बाले दिएको सम्पत्तिको रूपमा खेतमा राख्छन् ।

'अगुदुन्बाको सम्पत्ति' लोककथामा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । प्रस्तुत कथाको कथानकमा रहेका घटनाहरूको आदि मध्य र अन्त्यको क्रम यस प्रकार छ :

**(क) आदिभाग**

'अगुदुन्बाको सम्पत्ति' लोककथामा अगुदुन्बा काका र दुई चार जना गरिब गाउँले साथीहरू बस्नु, गाउँमा जीवन एकदम गाह्रो भएकोले सुखमय जीवन खोज्न गरिब गाउँले साथीहरूले अगुदुन्बालाई सहयोग माग्नुसम्मका घटनाक्रमलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

अगुदुन्बाले गरिब गाउँले साथीहरूलाई जङ्गलमा लिएर सानो खोलाको छेउमा एउटा ठूलो जमिन भेट्टाएर मेरो यहाँ एउटा ठूलो सम्पत्ति गहिरोसम्म गाडिएको र तिमीहरू खनेर पत्ता लगाएमा म तिमीहरूलाई दिन्छु भन्नु, अगुदुन्बाको कुरा सुनेर गरिब गाउँले साथीहरू सबैजना उत्साहित भए र दिनरात चर्को घाममुनि र पिठ्युँमा पसिना लिएर खन्नु, तिनीहरूले खन्दा खन्दै पूरै जमिन खन्ने काम भैसके पनि सम्पति नभेटिनु, अगुदुन्बाले चुपचापमा भुइँमा एउटा ढुङ्गा लुकाएर गाड्नु र सम्पत्ति यहाँ रहेछ भनेर कराउनुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

अगुदुन्बाले गरिब गाउँले साथीहररूलाई जमिनमा पानी दिने र बिउ छर्ने सल्लाह दिनु, गरिब गाउँले साथीहररूले अगुदुन्बाले भनेको जस्तै गरेसकेपछि शरद ऋतु आउँदा सबैले धेरै अन्न पाउनु, पछि किसानहरूले जोत्दा सधैं दुई चार ओटा ढुङ्गा लिएर अगुदुन्बाले दिएको सम्पत्तिको रूपमा खेतमा राख्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

प्रस्तुत लोककथा सामाजिक ग्रामीण जनजीवनसँग सम्बद्ध छ । लोकसमाजको खेती चित्रलाई कथामा उतारेर कथानकका घटनाहरू शृङ्खलाबद्ध रूपमा घटित भएकाले कथानक रैखिक ढाँचामा सुगठित रूपमा रहेको छ ।

**(आ) अभिप्राय**

प्रस्तुत 'अगुदुन्बाको सम्पत्ति' लोककथामा विभिन्न अभिप्रायको प्रयोग गरिएको छ । यस कथामा प्रयोग भएका चलाख अगुदुन्बा र सम्पतिको रूपमा जमिनमा गाडिएको ढुङ्गा अभिप्रायका रूपमा रहेका छन् । यिनले कथालाई रोचक बनाएका छन् ।

**(इ) पात्र**

प्रस्तुत लोककथामा मानवीय पात्रहरूको मात्र प्रयोग गरिएको छ । यस लोककथामा प्रमुख पात्रको रूपमा अगुदुन्बा र सहायक पात्रको रूपमा गरिब गाउँले साथीहरू आएका छन् । प्रमुख पात्र अगुदुन्बाले सम्पतिको रूपमा जमिनमा ढुङ्गा राखेको र सहायक पात्र गरिब गाउँले साथीहरूले मिहिनेत गरी खेती गरेका प्रसङ्गबाट यस कथालाई अगाडि बढाउनको लागि प्रमुख र सहायक सबै पात्रहरूको महत्त्वपूर्ण भूमिका रहेको छ ।

**(इ) परिवेश**

प्रस्तुत लोककथाको परिवेश लौकिक रहेको छ । लौकिक परिवेशका रूपमा ग्रामीण समाज, गाउँ, जङ्गल र शरद ऋतु रहेका छन् । गाउँलेहरूले मिहिने गरी जमिन खन्नेका, जमिनमा पानी खन्याएर बिउ छरेका जस्ता घटनाहरूको प्रसङ्गबाट लौकिक परिवेशलाई देखिएको छ । यस लोककथामा अलौकिक परिवेश नभेटिए पनि लोककथाको लौकिक परिवेशका रूपमा सबल रहेको छ ।

**(उ) उद्देश्य**

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको सबैले आफ्नो हातले काम गर्नुपर्छ, परिश्रम गर्नुपर्छ र यसो गरेपछि प्रतिफल पाउन सकिन्छ भन्ने रहेको साथै विशेष ढङ्गाको माध्यमबाट मनोरञ्जन दिनु पनि यस लोककथाको उद्देश्य रहेको छ ।

**(ऊ) भाषाशैली**

प्रस्तुत लोककथामा सरल, सहज र सरस भाषाको प्रयोग गरिएको छ भने वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

### ४.४.३ 'सात ओटा गधा' लोककथाको विश्लेषण

प्रस्तुत 'सात ओटा गधा' लोककथा ल्हासा सहरमा प्रचलित सास्कृतिक-ऐतिहासिक लोककथा हो । यो कथा ल्हासा सहरको छ्युश्युर काउन्टीका निवासी छितनबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को नं ५ मा सङग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्व कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

**(अ) कथानक**

प्रस्तुत 'सात ओटा गधा' लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

'सात ओटा गधा' लोककथामा एक जना युवक, उनका सात ओटा गधा र अधबैंसे किसान हुन्छन् । युवकले गधाहरूको प्रयोग गरेर गाउँ र बजारबीचमा जाने आउने गरी सामानको ढुवानी गर्छ । एक दिन युवक बजारबाट काम सकिएर फर्किंदा एउटा गधामा चढेर अरू ६ ओटा गधाको पछाडि घरतिर जान्छ । उसले सबै गधा आफूसँगै छन् कि भनेर गणना गर्छ । तर एक, दुई, तीन, चार, पाँच, छ गरेपछि अझ एउटाको अभाव रहेछ । उसले आउने बाटोतिर फर्केर त्यो हराएको गधा खोज्छ । खोज्दा एक अधबैंसे किसानसँग भेट्छ र हराएको गधा देख्नुभएको छ कि भन्ने सोध्छ । किसानले युवकको समस्या बुझेपछि युवक आफैंले चढेको गधाको गन्ती नगरेको भन्छ । भनेपछि युवकले अचानक थाहा पाउँछ कि आफैंले चढेको गधाको गन्ती नगरेकोले गणनाको गल्ति भएको रहेछ ।

'सात ओटा गधा' लोककथामा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । प्रस्तुत कथाको कथानकमा रहेका घटनाहरूको आदि मध्य र अन्त्यको क्रम यस प्रकार छ :

**(क) आदिभाग**

'सात ओटा गधा' लोककथामा एक जना युवक, उनका सात ओटा गधा र अधबैंसे किसान हुनु र युवकले गधाहरूको प्रयोग गरेर गाउँ र बजारबीचमा जाने आउने गरी सामानको ढुवानी गर्नुसम्मका घटनाक्रमलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

एक दिन युवक बजारबाट काम सकिएर फर्किंदा एउटा गधामा चढेर अरू ६ ओटा गधाको पछाडि घरतिर जानु, उसले सबै गधा आफूसँगै छन् कि भनेर गणना गर्दा एउटाको अभाव महसुस हुनु, उसले आउने बाटोतिर फर्केर त्यो हराएको गधा खोज्दा एक अधबैंसे किसानसँग भेट्नु र हराएको गधा देख्नुभएको छ कि भन्ने सोध्नु र किसानले युवकको समस्या बुझ्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

किसानले युवक आफैंले चढेको गधाको गन्ती नगरेको भन्नु, भनेपछि युवकले आफैंले चढेको गधाको गन्ती नगरेको थाहा पाउनुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

प्रस्तुत लोककथा छोटो भए पनि कथानकका घटनाहरू शृङ्खलाबद्ध रूपमा घटित भएकाले कथानक सुगठित रूपमा रहेको छ ।

**(आ) अभिप्राय**

प्रस्तुत 'सात ओटा गधा' लोककथामा अभिप्रायको प्रयोग गरिएको छ । यस कथामा होसियार नभएको युवक र युवकले आफैं गधा चढेर गधा खोजेको घटना अभिप्रायका रूपमा रहेका छन् । यिनले यस लोक कथालाई रोचक बनाएका छन् ।

**(इ) पात्र**

प्रस्तुत लोककथामा मानवीय र मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएको छ । मानवीय पात्रअन्तर्गत युवक र किसान रहेका छन् भने मानवेतर पात्रका रूपमा गधा रहेको छ । यस कथाको प्रमुख पात्र युवक छ भने किसान र गधा सहायक पात्रका रूपमा रहेका छन् । होसियार नभएको युवकले आफैं गधा चढेर गधा खोजेको र किसानले उसको गल्ति औंल्याएको जस्ता घटनाहरूले यस कथालाई अगाडि बढाउनको लागि प्रमुख र सहायक पात्रहरूको महत्त्वपूर्ण भूमिका रहेको छ ।

### (इ) परिवेश

प्रस्तुत लोककथाको परिवेश लौकिक रहेको छ । लौकिक परिवेशका रूपमा ग्रामीण समाज, सहर र बाटो रहेका छन् । गाउँका मान्छेले सामान लिएर सहरमा बेचेको जस्तो घटनाको प्रसङ्गबाट लौकिक परिवेशलाई देखिएको छ । यस लोककथामा अलौकिक परिवेश भेटिएको छैन ।

### (उ) उद्देश्य

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको आफ्नो काममा होसियार हुनुपर्छ भन्ने रहेको साथै विशेष ढुङ्गाको माध्यमबाट मनोरञ्जन दिनु पनि यस लोककथाको उद्देश्य रहेको छ ।

### (ऊ) भाषाशैली

प्रस्तुत लोककथामा सरल, सहज भाषाको प्रयोग गरिएको छ र छोटो वाक्यको अभिव्यक्ति गरिएको छ । यस लोककथामा वर्णनात्मक शैलीको प्रयोग पनि गरिएको छ ।

## ४.४.४ 'घोडाको उधारो' लोककथाको विश्लेषण

प्रस्तुत 'घोडाको उधारो' लोककथा ल्हासा सहरमा प्रचलित सास्कृतिक-ऐतिहासिक लोककथा हो । यो कथा ल्हासा सहरको लिन्भाउ काउन्टीका निवासी छिरिङ भ्युजोङबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को नं ६ मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्व कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

### (अ) कथानक

प्रस्तुत 'घोडाको उधारो' लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

'घोडाको उधारो' लोककथामा जियाङला र जिला दुइटा छिमेकी हुन्छन् । जियाङला गरिब, पातलो तर चलाख छ भने जिला धनी, मोटो तर मूर्ख छ । जिला दिनभरि नराम्रो विचारहरू सोच्थे तर हरेक पटक जियाङलाबाट पराजित हुन्थ्यो । एक दिन जियाङला र जिला सहर जाँदा सामान किनेर घरतिर फर्किरहेका छन् । बाटोमा जिला मोटो र अल्छी भएर हिँड्दा हिँड्दै गुनासो गरेर बाटोको छेउमा बस्छ र हिँड्न छोड्छ । जियाङलाले उसलाई अगाडि गाउँमा मेरो छोराबाट तिम्रो लागि एउटा घोडा उधारो लिन्छु भनेपछि जिला तुरुन्तै भुइँबाट उठेर जियाङलासँग अगाडिको गाउँतिर हिँड्छ । अगाडि पुग्दा जियाङला एक नचिनेको अग्लो बलियो पुरुषलाई देखेर ठूलो स्वरले मेरो प्यारो छोरा मलाई एउटा घोडाको उधारो दिनू भनेर कराउँछ । त्यो पुरुषले सुनेर एकदम रिसाउँदै आफ्नो नितम्ब मुनिको प्याड निकाल्छ र तिनीहरूलाई खेद्छ । जियाङलाले तुरुन्तै जिलालाई समातेर भाग्छन् । आफ्नो ज्यान जोगाउन जिलाले दुवै हातले आफ्नो टाउको समाएर जियाङलाको पछि घरतिर छिटै दौड्छ । उनीहरू आफ्नो गाउँमा पुग्दा जिलाले जियाङलालाई घोडा उधारो नभएर ज्यान गुमाउने गुनासो गर्छ । जियाङलाले त्यो पुरुषले समातेको प्याड त उधारो लिएको घोडा हो भन्ने उत्तर दिन्छ ।

‘घोडाको उधारो’ लोककथामा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । प्रस्तुत कथाको कथानकमा रहेका घटनाहरूको आदि मध्य र अन्त्यको क्रम यस प्रकार छ :

**(क) आदिभाग**

‘घोडाको उधारो’ लोककथामा जियाङला र जिला दुइटा छिमेकी हुनु, जियाङला गरिब पातलो तर चलाख छ भने जिला धनी मोटो तर मूर्ख हुनु, एकदिन जियाङला र जिला सहर जाँदा सामान किनेर घरतिर फर्किरहनुसम्मका घटनाक्रमलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

बाटोमा जिला मोटो र अल्छी भएर हिँड्दा हिँड्दै गुनासो गर्नु र बाटोको छेउमा बसेर हिँड्न छोड्नु, जियाङलाले उसलाई अगाडि गाउँमा मेरो छोराबाट तिम्रो लागि एउटा घोडा उधारो लिन्छु भन्नु, त्यो सुनेर जिला तुरुन्तै भुइँबाट उठेर जियाङलासँग अगाडिको गाउँतिर हिँड्नु । अगाडि पुग्दा जियाङला एक नचिनेको अग्लो बलियो पुरुषलाई देखेर ठूलो स्वरले मेरो प्यारो छोरा मलाई एउटा घोडाको उधारो दिनू कराउनु, त्यो पुरुषले सुनेर रिसाउँदै आफ्नो नितम्ब मुनिको प्याड निकालेर तिनीहरूलाई खेद्नु, जियाङलाले तुरुन्तै जिलालाई समातेर भाग्नु र जिलाले दुवै हातले आफ्नो टाउको समाएर जियाङलाको पछि घरतिर छिटै दौड्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

उनीहरू आफ्नो गाउँमा पुग्दा जिलाले जियाङलालाई घोडा उधारो नभएर ज्यान गुमाउने गुनासो गर्नु र जियाङलाले त्यो पुरुषले समातेको प्याड त उधारो लिएको घोडा हो भन्ने उत्तर दिनुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

प्रस्तुत लोककथाको कथानक सबल र सुगठित छ । यस लोकथामा घटनाहरू सिलसिलाबद्ध रूपमा घटित भएकाले कथानक रैखिक ढाँचामा आबद्ध रहेको छ ।

**(आ) अभिप्राय**

प्रस्तुत ‘घोडाको उधारो’ लोककथामा अभिप्रायको प्रयोग गरिएको छ । यस कथामा चलाख जियाङला र नचिनेको पुरुषलाई आफ्नो छोरा मानेर काल्पनिक घोडाको उधारो लिने बहाना गरेको घटना अभिप्रायका रूपमा रहेका छन् । यिनले यस लोक कथालाई रोचक बनाएका छन् ।

**(इ) पात्र**

प्रस्तुत लोककथामा मानवीय र मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएको छ । मानवीय पात्रअन्तर्गत जियाङला, जिला र अग्लो बलियो पुरुष रहेका छन् भने मानवेतर पात्रका रूपमा घोडा रहेको छ । यस कथाको प्रमुख पात्र जियाङला र जिला छ भने अग्लो बलियो पुरुष सहायक पात्रका रूपमा रहेका छन् । घोडालाई काल्पनिक पात्र भएर यस कथाको गौण पात्रको

रूपमा मानिन्छ । यस कथालाई अगाडि बढाउनको लागि सबै पात्रहरूको महत्त्वपूर्ण भूमिका रहेको छ ।

**(इ) परिवेश**

प्रस्तुत लोककथाको परिवेश लौकिक र अलौकिक दुवै रहेको छ । लौकिक परिवेशका रूपमा गाउँ, माटोको झुपडी, ठूलो घर र बाटो रहेका छन् भने काल्पनिक उधारो लिएको घोडाले अलौकिक परिवेशलाई देखाएको छ । समग्रमा एउटा लोककथाको लागि आवश्यक पर्ने लौकिक र अलौकिक परिवेशहरू प्रस्तुत भएकाले लोककथा परिवेशका रूपमा सबल रहेको छ ।

**(उ) उद्देश्य**

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको आवश्यक परिस्थितिमा मान्छेको क्षमता आफ्नो कलपनाभन्दा बढी हुन्छ भन्ने उपदेश दिनु हो । घोडाको उधारोको सट्टा अग्लो बलियो पुरुषले नितम्ब मुनिको प्याड निकालेर तिनीहरूलाई खेदेको र अन्त्यमा घोडा नभए पनि जिला छिटो घर पुगेको जस्तै घटनाबाट हँसाउने रूपमा हाँस्य-व्यङ्ग्यको प्रस्तुति दिनुका साथै मनोरञ्जन दिनु पनि यस लोककथाको उद्देश्य रहेको छ ।

**(ऊ) भाषाशैली**

प्रस्तुत लोककथामा सरल, सहज र सरस भाषाको प्रयोग गरिएको छ भने वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । यस लोककथामा "साँच्चै कुरा के हो भने यता गाईको गोबर लिन नसकेको, त्यता टोकरी पनि हराएको" जस्तो तिब्बती स्थानीय उखान टुक्का पनि प्रयोग गरिएको देखिन्छ ।

### ४.४.५ 'दुइटा साथी र सुन' लोककथाको विश्लेषण

प्रस्तुत 'दुइटा साथी र सुन' लोककथा ल्हासा सहरमा प्रचलित सांस्कृतिक-ऐतिहासिक लोककथा हो । यो कथा ल्हासा सहरको लिन्झाउ काउन्टीका निवासी फुन्टसोकबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को नं ७ मा सङग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्व कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

**(अ) कथानक**

प्रस्तुत 'दुइटा साथी र सुन' लोककथामा बलियो कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

'दुइटा साथी र सुन' लोककथामा रेजी र जेहान दुईजना युवा साथी हुन्छन् । दुईजना सानैदेखि सँगै दाउरा काट्ने गर्छन् । दुःखमा पर्दा सधैं आपसमा सहयोग गर्छन् । एक दिन तिनीहरूले जङ्गलमा काठ काट्दै गर्दा एउटा सुन भरिएको माटोको भाँडा भेट्छन् । रेजीले आधा-आधामा बाँड्ने प्रस्ताव गर्छ भने जेहानले सुन देख्दै उसको मनमा स्वार्थ उठेर यो सुन देवताले

राखेको हो वा शैतानले लुकाएको अहिले थाहा नभएको भनेर आफ्नो घरमा केही दिन राख्ने प्रस्ताव गर्छ । रेजीले सहमति जनाएर तिनीहरू घरतिर फर्कन्छन् । जेहान घर पुगेपछि एउटा बक्समा सुन राखी ताला लगाउनुका साथै गाढा पहेँलो सडेको काठका केही टुक्रा ल्याएर माटोको भाँडोमा हाल्छ । तीन दिनपछि रेजी जेहानको घरमा पुग्दा जेहानले उदास भएर अस्ति जङ्गलमा भेटेको माटोको भाँडामा रहेको सुन सडेका काठ बनेको भन्छ । रेजीले मनमा त्यसो नमाने पनि आफ्नो घरमा जान्छ । रेजीले जेहानलाई पाठ सिकाउने विचार गर्छ । उनले जंगलमा गएर दुईओटा साना बाँदर समातेर जेहानका दुई छोरा डौवा र डौझियोडको नामबाट ती बाँदरहरूको नाम राख्छ र तालिम दिन्छ । अन्त्यतः बाँदरहरू राम्रोसँग तालिम भएपछि उसले तिनीहरूलाई पालनपोषणको लागि आफन्तको घरमा पठाउँछ । केही दिनपछि रेजीले जेहानलाई आफ्नो घरमा छ्याङ (रक्सी) पिउन बोलाउँदा घरमा हालैको खाना निकै राम्रो भएकोले जेहानका दुई छोरालाई मीठो खाना खुवाउने निम्तो गर्छ । भोलिपल्ट जेहानले आफ्ना दुई छोरालाई रेजीको घरमा पठाउँछ । रेजीले चुपचाप गरी बच्चाहरूलाई आफन्तहरूकहाँ पठाउँछ र एकै समयमा दुई साना बाँदरहरूलाई लिएर घरमा राख्छ । तीन दिनपछि जेहान खुसी हुँदै आफ्नो बच्चालाई लिन रेजीको घरमा आउँदा रेजीले जेहानलाई छोराहरू बाँदर बनेका भन्छ र डौवा र डौझियोङ नामक बाँदरलाई बोलाउँछ र खेल्न लगाए देखाउँछ । जेहानले आफूलाई भन्यो कि मान्छे कसरी बाँदर बनेको छ । रेजीले हतारमा थप्यो कि हो नि सुन कसरी काठ बनेको छ । जेडानले आफ्नो गल्ती बुझ्छ र तुरुन्तै घरबाट सुन निकालेर आधा रेजीलाई दिन्छ भने रेजीले पनि जेडानका दुई छोरा डौवा र डौझियोडलाई आफन्तको घरबाट फिर्ता लिएर जेहानको घरमा पठाउँछ ।

'दुइटा साथी र सुन' लोककथामा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । प्रस्तुत कथाको कथानकमा रहेका घटनाहरूको आदि मध्य र अन्त्यको क्रम यस प्रकार छ :

**(क) आदिभाग**

'दुइटा साथी र सुन' लोककथामा रेजी र जेहान दुईजना युवा साथी हुनु, दुई जना सानैदेखि सँगै दाउरा काट्ने गर्नु र सधैं आपसमा सहयोग गर्नु, एक दिन तिनीहरूले जङ्गलमा काठ काट्दै गर्दा एउटा सुन भरिएको माटोको भाँडा भेट्नुसम्मका घटनाक्रमलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

रेजीले सुन आधा-आधामा बाँड्ने प्रस्ताव गर्नु, जेहानले सुन आफ्नो घरमा केही दिन राख्ने प्रस्ताव गर्नु, रेजीले सहमति जनाएर तिनीहरू घरतिर फर्कनु, जेहान घर पुगेपछि एउटा बक्समा सुन राखी ताला लगाउनका साथै गाढा पहेँलो सडेको काठका केही टुक्रा ल्याएर माटोको भाँडोमा हाल्नु, तीन दिनपछि रेजी जेहानको घरमा पुग्दा जेहानले उदास भएर अस्ति जङ्गलमा भेटेको माटोको भाँडामा रहेको सुन सडेका काठ बनेको भन्नु, रेजीले मनमा त्यसो नमाने पनि आफ्नो घरमा जानु, रेजीले जेहानलाई पाठ सिकाउने विचार गर्नु, उनले जंगलमा गएर दुईओटा साना बाँदर समातेर

जेहानका दुई छोरा डौवा र डौभियोङको नामबाट ती बाँदरहरूको नाम राख्नु र तालिम दिनु, अन्त्यतः बाँदरहरू राम्रोसँग तालिमे भएपछि उसले तिनीहरूलाई आफन्तको घरमा पठाउनु, केही दिनपछि रेजीले जेहानलाई उसका दुई छोरालाई मीठो खाना खुवाउने निम्तो गर्नु । भोलिपल्ट जेहानले आफ्ना दुई छोरालाई रेजीको घरमा पठाउनु, रेजीले चुपचाप गरी बच्चाहरूलाई आफन्तहरूकहाँ पठाउनु र दुई साना बाँदरहरूलाई लिएर घरमा राखनु, तीन दिनपछि जेहान खुसी हुँदै आफ्नो बच्चालाई लिन रेजीको घरमा आउनु, रेजीले जेहानलाई छोराहरू बाँदर बनेका भन्नु र डौवा र डौभियोङ नामक बाँदरलाई बोलाएर खेल्न लगाए देखाउनुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

जेहानले निराश भएर मान्छे कसरी बाँदर बनेको सोध्नु, रेजीले पनि सुन कसरी काठ बनेको छ सोध्नु, जेडानले आफ्नो गल्ती बुझ्नु र तुरुन्तै घरबाट सुन निकालेर आधा रेजीलाई दिन्नु, रेजीले पनि जेडानका दुई छोरा डौवा र डौभियोङलाई आफन्तको घरबाट फिर्ता लिएर जेहानको घरमा पठाउनुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

प्रस्तुत लोककथाको कथानक सबल र सुगठित छ । यस लोकथामा घटनाहरू सिलसिलाबद्ध रूपमा घटित भएकाले कथानक रैखिक ढाँचामा आबद्ध रहेको छ ।

**(आ) अभिप्राय**

प्रस्तुत 'दुइटा साथी र सुन' लोककथामा अभिप्रायको प्रयोग गरिएको छ । यस कथामा चलाख रेजी र बाँदरलाई जेहानका दुईजना छोराको नाममा राखेको जस्ता घटना अभिप्रायका रूपमा रहेका छन् । यिनले यस लोक कथालाई रोचक बनाएका छन् ।

**(इ) पात्र**

प्रस्तुत लोककथामा मानवीय र मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएको छ । मानवीय पात्रअन्तर्गत रेजी, जेहान, जेहानका दुई छोरा डौवा र डौभियोङ रहेका छन् भने मानवेतर पात्रका रूपमा बाँदरहरू रहेका छन् । यस कथाको प्रमुख पात्र रेजी र जेहान छन् भने जेडानका दुई छोरा डौवा र डौभियोङ र बाँदरहरू सहायक पात्रका रूपमा रहेका छन् । यस कथालाई अगाडि बढाउनको लागि सबै पात्रहरूको महत्त्वपूर्ण भूमिका रहेको छ ।

**(इ) परिवेश**

प्रस्तुत लोककथाको परिवेश लौकिक रहेको छ । लौकिक परिवेशका रूपमा ग्रामीण समाज, गाउँ, रेजीको घर, जेहानको घर, आफन्तको घर, झ्याल रहेका छन् । गाउँमा रेजी र जेहान सँगै जङ्गलमा सुन भेटेका, रेजी जेहानको घरमा सुन लिन गएको र जेहान रेजीको घरमा छोरा पठाउन-लिन गएको जस्ता घटनाहरूले लौकिक परिवेशलाई देखाएका छन् । समग्रमा यस लोककथा परिवेश सबल रहेको छ ।

**(उ) उद्देश्य**

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको साथीप्रति वफादार हुनुपर्छ र साथीलाई ठग्नु हुँदैन भन्ने अर्तीउपदेश दिनु हो । जेहानले सुन सडेका काठ बनेको भुट रेजीलाई भनेको र रेजीले पनि बाँदरको प्रयोग गरी जेहानलाई पाठ सिकाएको प्रसङ्ग व्यङ्ग्यको रूपमा आएर मनोरञ्जन दिनु पनि यस लोककथाको उद्देश्य रहेको छ ।

**(ऊ) भाषाशैली**

प्रस्तुत लोककथामा सरल, सहज र सरस भाषाको प्रयोग गरिएको छ भने वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । यस लोककथामा स्थानीय तिब्बती भाषाको शब्दहरूको प्रयोग पनि गरिएको पाइन्छ जस्तैः श्यो (दही) र छ्याङ (रक्सी) । त्यसैले यस लोककथामा तिब्बती स्थानीय भाषाको प्रभाव पनि देखिन्छ ।

## ४.५ पशुपक्षीसम्बन्धी लोककथाको विश्लेषण

प्रस्तुत सन्दर्भमा ल्हासा सहरमा मा प्रचलित लोककथाहरूमा पशुपक्षीसम्बन्धी लोककथाहरू पनि रहेका हुनाले तिनको विश्लेषण यहाँ गरिएको छ ।

### ४.५.१ 'हात्ती र बाँदर' लोककथाको विश्लेषण

प्रस्तुत 'हात्ती र बाँदर' लोककथा ल्हासा सहरमा प्रचलित सांस्कृतिक-ऐतिहासिक लोककथा हो । यो कथा ल्हासा सहरको लिन्भाउ काउन्टीका निवासी धोन्डुपबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को नं. ८ मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्व कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

**(अ) कथानक**

प्रस्तुत 'हात्ती र बाँदर' लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

'हात्ती र बाँदर' लोककथामा हात्ती र बाँदर हुन्छन् । तिनीहरू असल साथीहरू भएर एकजुट र मिलनसार हुन्छन् । तिनीहरू जहिले पनि एकअर्कालाई मद्दत गर्छन् । एक दिन हात्ती र बाँदर टाढासम्म जाँदा एउटा ठूलो खोला भेट्छन् । बाँदर होचो र पौडिन पनि नसकेकोले निराश भएर किनारमा बस्छ । हात्तीले बाँदरको समस्या बुझेर बाँदरलाई आफ्नो पिठ्युँमा चढ्न लगाउँछ र सहजै खोला पार गर्छ । खोला पार गरेपछि तिनीहरु अगाडि बढ्छन् । गर्मी ऋतुमा आकाशमा घाम चर्किरहेकोले हात्ती र बाँदर हिँड्दा धेरै तिर्खा लाग्छ तापनि पिउने पानी छैन । क्रमशः तिनीहरूले थुप्रै अग्ला स्याउका रूखहरू देख्छन् । हात्तीले स्याउ हेरेर खान साह्रै मन गर्छ तर रूख धेरै अग्लो भएकोले चढ्न नसकेर रुखमुनि बसेर सास फेर्छ । बाँदरले हात्तीको समस्या बुझेर उसका लागि मीठो स्याउ टिपेर ल्याउँछ । त्यसपछि

हात्तीले खुसीसँग मीठो स्याउ खान पाउँछ । बाटोमा सँधै एकजुट भएर एकअर्कालाई सहयोग गर्ने भएकाले विभिन्न अप्ठ्यारा पर्दा पनि अन्त्यतः सहज रूपमा बाँदर र हात्ती गन्तव्यमा पुग्छन् ।

'हात्ती र बाँदर' लोककथामा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । प्रस्तुत कथाको कथानकमा रहेका घटनाहरूको आदि मध्य र अन्त्यको क्रम यस प्रकार छ :

**(क) आदिभाग**

'हात्ती र बाँदर' लोककथामा हात्ती र बाँदर हुनु, तिनीहरू असल साथीहरू भएर एकजुट र मिलनसार हुनु, तिनीहरू जहिले पनि एकअर्कालाई मद्दत गर्नु, एक दिन हात्ती र बाँदर टाढासम्म जाँदा एउटा ठूलो खोला भेट्नुसम्मका घटनाक्रमलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

बाँदर होचो र पौडिन पनि नसकेकोले निराश भएर किनारमा बस्नु, हात्तीले बाँदरको समस्या बुझेर बाँदरलाई आफ्नो पिठ्युँमा चढ्न लगाएर सहजै खोला पार गर्नु, खोला पार गरेपछि गर्मी ऋतुमा आकाशमा घाम चर्किरहेकोले हात्ती र बाँदर हिँड्दा धेरै तिर्खा लाग्नु, तर पिउने पानी नहुनु, तिनीहरूले थुप्रा अग्ला स्याउका रूखहरू देख्नु, हात्तीले स्याउ हेरेर खान साह्रै मन लाग्नु तर रूख धेरै अग्लो भएकोले चढ्न नसकेर सास फेर्नु, बाँदरले हात्तीको समस्या बुझेर उसका लागि मीठो स्याउ टिप्नु, त्यसपछि हात्तीले खुसीसँग मीठो स्याउ खान पाउनुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

बाटोमा सँधै एकजुट भएर एकअर्कालाई सहयोग गर्नु, अन्त्यतः सहज रूपमा बाँदर र हात्ती गन्तव्यमा पुग्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

प्रस्तुत लोककथाको कथानक छोटो भए पनि सुगठित छ । आदि, मध्य र अन्त्यको शृङ्खलाबद्ध क्रममा आबद्ध भएकाले यस कथाको कथानक रैखिक ढाँचाको देखिन्छ ।

**(आ) अभिप्राय**

प्रस्तुत 'हात्ती र बाँदर' लोककथामा अभिप्रायको प्रयोग भेटिएको छैन ।

**(इ) पात्र**

प्रस्तुत लोककथामा मानवेतर पात्रहरूको मात्र प्रयोग गरिएको छ । यस लोककथाका प्रमुख पात्र हात्ती र बाँदर रहेका छन् । कथाका सम्पूर्ण घटनाहरू हात्ती र बाँदरकै केन्द्रीयतामा अगाडि बढेको देखिन्छ । सानो बच्चाहरूका लागि सुनाउने यस छोटो कथामा सहायक पात्रको प्रयोग गरिएको छैन । तापनि प्रमुख पात्रको माध्यमबाट स्पष्ठ रूपमा शिक्षा सिकाएको पाइन्छ ।

**(इ) परिवेश**

प्रस्तुत लोककथाको परिवेश लौकिक रहेको छ । लौकिक परिवेशका रूपमा जङ्गलमा खोला, खोलाको किनार, हात्तिको पिठ्युँ रगर्मी ऋतु रहेका छन् । जङ्गली वातावरणमा जनावरहरूबीचमा घटेका घटनाहरूले यस लोककथाको लौकिक परिवेश देखाएको छ ।

**(उ) उद्देश्य**

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको एक अर्काको पूरक भएर आपसमा सहयोग गर्नुपर्छ भन्ने शिक्षा दिनु र देखाउनु हो ।

**(ऊ) भाषाशैली**

प्रस्तुत लोककथा बालकथा पनि मान्न सकिन्छ । यस कथामा सरल, सहज र बालकको भाषाको प्रयोग गरिएको छ । शब्द सजिलो र वाक्य छोटो भएर सजिलैसँग बुझ्न सक्ने भाषाशैलीको माध्यमबाट यस लोककथाको अगाडि बढेको छ ।

### ४.५.२ 'बाँदरबाट मानव' लोककथाको विश्लेषण

प्रस्तुत 'बाँदरबाट मानव' लोककथा ल्हासा सहरमा प्रचलित सास्कृतिक-ऐतिहासिक लोककथा हो । यो कथा ल्हासा सहरको लिन्झाउ काउन्टीका निवासी देचेनबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को नं. ९ मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्व कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

**(अ) कथानक**

प्रस्तुत 'बाँदरबाट मानव' लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

'बाँदरबाट मानव' लोककथामा धेरै पहिले संसारमा मानिसहरू छैनन्, एउटा बाँदर र एक चट्टान केटी (जंगली) सँग बस्छ । समय बित्दै तिनीहरूले छ ओटा साना बाँदरहरूको जन्म दिए । त्यसछि बूढो बाँदरले तिनीहरूलाई फलहरू भएको जङ्गलमा बस्न पठाउँछ । केही वर्षपछि बूढो बाँदर आफ्ना बच्चाहरूलाई हेर्न जङ्गलमा जान्छ । जङ्गलमा जाँदा चार पाँच सय बाँदरहरू देख्छ जुन सबै उसका सन्तानका सन्तानहरू रहेछन् । पर्याप्त खाने कुरा नहुँदा ती सयौं बाँदरहरू आपसमा झगडा र लडाइँ गर्छ । कसैको कान काटिएको, कसैको अनुहार कुचिएको, कसैको हात भाँचिएको हुँदा तिनीहरू अलमलमा पर्छन् । बूढो बाँदर आएको देखेर तिनीहरूले उसलाई घेरेर धेरै भोक लागेको भन्दै खाना माग्छन् । बूढो बाँदरले तिनीहरुलाई भोकै परेको देखेर दयालु भई तिनीहरुलाई बालीनाली फलेको एउटा पाखोमा लग्छ । त्यसपछि त्यो बूढो बाँदरले पाखोमा रहेको अन्न औंल्याउँदै साना बाँदरहरुलाई ती पाखोमा भएका अन्नहरू पनि खाने कुरा भएकोले तिमीहरू अबदेखि यस प्रकारको खाने कुरा खान सुरु

गर भनेर भन्छ । त्यसपछि बाँदरहरूले दाना खान थाल्छन् । तिनीहरूको कपाल बिस्तारै छोटो हुन्छ र पुच्छर पनि गायब हुन्छ । तिनीहरू बोल्न पनि सिक्न थाल्छन् र क्रमशः मानव बनेका छन् ।

'बाँदरबाट मानव' लोककथामा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । प्रस्तुत कथाको कथानकमा रहेका घटनाहरूको आदि, मध्य र अन्त्यको क्रम यस प्रकार छ :

**(क) आदिभाग**

'बाँदरबाट मानव' लोककथामा धेरै पहिले संसारमा मानिसहरू नहुनु, एउटा बाँदर र एक चट्टान केटी (जंगली) सँग बस्नु । तिनीहरूले छ ओटा साना बाँदरहरूको जन्म दिनु र त्यसछि बूढो बाँदरले तिनीहरूलाई जङ्गलमा बस्न पठाउनुसम्मका घटनाक्रमलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

केही वर्षपछि बूढो बाँदर आफ्ना बच्चाहरूलाई हेर्न जङ्गलमा जानु, जङ्गलमा जाँदा चार पाँच सय बाँदरहरू देख्नु, ती सबै उसका सन्तानका सन्तानहरू थाहा पाउनु, पर्याप्त खाने कुरा नहुँदा ती सयौं बाँदरहरू आपसमा झगडा गर्नु, बूढो बाँदर आएको देखेर तिनीहरूले उसलाई घेरेर धेरै भोक लागेको भन्नु र खाना माग्नु, बूढो बाँदरले तिनीहरुलाई भोकै परेको देखेर दयालु भई तिनीहरुलाई बालीनाली फलेको एउटा पाखोमा लग्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

बूढो बाँदरले पाखोमा रहेको अन्न औंल्याउँदै साना बाँदरहरुलाई अबदेखि यस प्रकारको खाने कुरा खान सुरु गर भन्नु, त्यसपछि बाँदरहरूले दाना खान थाल्नु, तिनीहरूको कपाल बिस्तारै छोटो हुनु र पुच्छर पनि गायब हुन्नु, तिनीहरू बोल्न पनि सिक्न थाल्नु र क्रमशः मानव बन्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

प्रस्तुत लोककथाको कथानक सुगठित छ । आदि, मध्य र अन्त्यको शृङ्खलाबद्ध क्रममा आबद्ध भएकाले यस कथाको कथानक रैखिक ढाँचाको देखिन्छ ।

**(आ) अभिप्राय**

प्रस्तुत 'बाँदरबाट मानव' लोककथामा विभिन्न अभिप्रायको प्रयोग गरिएको छ । यस कथामा प्रयोग भएका बूढो र दूरदर्शी बाँदर र चट्टान केटी(जंगली) अभिप्रायका रूपमा रहेका छन् । बूढो र दूरदर्शी बाँदर र चट्टान केटी(जंगली)ले बच्चा बाँदरहरू जन्माएका, बूढो र दूरदर्शी बाँदरले बच्चा बाँदरहरू जङ्गलबाट पाखोमा लगेका जस्ता घटनाक्रमहरू यस लोककथामा अभिप्रायका रूपमा आएका छन् । यिनले कथालाई रोचक बनाएका छन् ।

**(इ) पात्र**

प्रस्तुत लोककथामा मानवेतर पात्रहरूको मात्र प्रयोग गरिएको छ । यस कथाको प्रमुख पात्र बूढो बाँदर रहेको छ भने उनका श्रीमती चट्टान केटी(जंगली) र सन्तान बच्चा बाँदरहरू सहायक पात्रका रूपमा रहेका छन् । यस लोककथालाई अगाडि बढाउनको लागि प्रमुख र सहायक सबै पात्रहरूको महत्त्वपूर्ण भूमिका रहेको छ ।

**(इ) परिवेश**

प्रस्तुत लोककथाको परिवेश लौकिक र अलौकिक दुवै रहेका छन् । लौकिक परिवेशका रूपमा फलहरू भएको जङगल र बालीनाली फलेको एउटा पाखो रहेका छन् भने अलौकिक परिवेशमा मानव नभएको असभ्य संसार रहेको छ । बाँदरबाट मानवसम्म हुने यस कथाको परिवेश कथानक अगाडि बढ्नेसँगै अलौकिक परिवेशदेखि लौकिक परिवेशसम्म गएको देखिन्छ । समग्रमा एउटा लोककथाको लागि आवश्यक पर्ने लौकिक र अलौकिक परिवेशहरू प्रस्तुत भएकाले लोककथा परिवेशका रूपमा सबल रहेको छ ।

**(उ) उद्देश्य**

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको बाँदरबाट कसरी बिस्तारै मानव बनेको भन्ने कुरा साधारणहरूलाई बताउनु हो । समाज सुव्यवस्थित हुनका लागि असभ्यबाट सभ्य हुनुपर्ने भन्ने सन्देशसहित उपदेश दिनु पनि यस लोककथाको उद्देश्य रहेको छ ।

**(ऊ) भाषाशैली**

प्रस्तुत लोककथामा सरल, सहज र सरस भाषाको प्रयोग गरिएको छ भने वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । शिक्षणीय र औपदेशिक सन्देश दिनका लागि यस कथाको अभिव्यक्ति सजिलैसँग प्रस्तुत गरिएको देखिन्छ ।

## ४.६ मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरूको विश्लेषण

प्रस्तुत शोधकार्यअन्तर्गत यहाँ ल्हासा सहरमा प्रचलित तथा सङ्कलित मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरूको विश्लेषण गरिएको छ ।

### ४.६.१ 'अगुदुन्बा र मालिकको थाल' लोककथाको विश्लेषण

प्रस्तुत 'अगुदुन्बा र मालिकको थाल' लोककथा ल्हासा सहरमा प्रचलित सांस्कृतिक-ऐतिहासिक लोककथा हो । यो कथा ल्हासा सहरको लिन्झाउ काउन्टीका निवासी जियाङयाङ वाङ्मोबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को नं. १० मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्व कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

**(अ) कथानक**

प्रस्तुत 'अगुदुन्बा र मालिकको थाल' लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

'अगुदुन्बा र मालिकको थाल' लोककथामा अगुदुन्बा नामका एकजना चलाख युवक हुन्छ । ऊ एकजना मालिकको घरमा काम गर्छ । तर जति काम गरे पनि उसको प्रशंसा छैन । मालिकले मीठो खाना खान्छ र अगुदुन्बाले सरल खाना खान्छ । एक दिउँसो मालिक केही दिनको लागि व्यापार यात्रामा जान्छ । जानुअघि उसले अगुदुन्बालाई बैठक कोठाको टेबुलमा स्वादिष्ट खानाले भरिएको थाल राख्न आदेश गर्छ र त्यस थालमा रहेको त्साम्पा खान सक्दैनस् भन्छ । अनि अगुदुन्बालाई यो त्साम्पा लुकाएर खाइस् भने तुरुन्तै मर्न सक्छस् भनेर तर्साउँछ । उसले अर्को थालमा रहेको अण्डा छुन पनि सक्दैनस् भन्छ । अनि अगुदुन्बालाई त्यो थालको ढक्कन खोलिस् भने ती अण्डाबाट चल्लाहरू तुरुन्तै उडेर जानेछन् भनेर तर्साउँछ । यस्तो चेतावनी गरेपछि मालिक बाहिर जान्छ । मालिक घरबाट निस्किने बित्तिकै अगुदुन्बाले पहिलो थालमा भरिएका सबै त्साम्पा खान्छ र त्यसपछि अर्को थालका अण्डा पनि खान्छ । केही दिनपछि मालिक घर फर्किँछ । थालको ढक्कन खोल्दा दुवै थाल खाली रहेको देखेर अगुदुन्बालाई रिसाउँदै त्साम्पा र अण्डा कहाँ हराए भनेर सोध्छ । अगुदुन्बाले मालिकलाई बिहान थालमा चल्लाहरू चिच्याइरहँदा आफैं नजिकबाट हेर्न ढक्कन खोलेको भन्छ । अनि ढक्कन खोल्ने बित्तिकै चल्लाहरू यताउता उडेर गए भन्छ । त्यी दृश्य हेर्दा आफैं डराएको र अक्षम्य अपराधको दोषी महसुस भएको भन्छ । हताश भएर आफैंले थालमा रहेको त्साम्पा खाएर आत्महत्या गर्न खोजेकोसमेत भन्छ । तर दुर्भाग्य भई आफैं अझै जिउँदै रहेको पनि भन्छ । अगुदुन्बाको व्याख्या सुनेर मालिक निःशब्द हुन्छ ।

'अगुदुन्बा र मालिकको थाल' लोककथामा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । प्रस्तुत कथाको कथानकमा रहेका घटनाहरूको आदि, मध्य र अन्त्यको क्रम यस प्रकार छ :

**(क) आदिभाग**

अगुदुन्बा मालिकको घरमा काम गर्नु, जति काम गरे पनि उनको प्रशंसा नहुनु, मालिकले मीठो खाना खानु र अगुदुन्बाले सरल खाना खानुसम्मका घटनाक्रमलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

एक दिउँसो मालिक केही दिनको लागि व्यापार यात्रामा जानु, जानुअघि उनले अगुदुन्बालाई बैठक कोठाको टेबुलमा स्वादिष्ट खानाले भरिएका थालमा रहेको त्साम्पा र अण्डा खान नसक्ने भन्नु, अगुदुन्बालाई त्साम्पा र लुकाएर खाइस् भने तुरुन्तै मर्ने र अर्को अणडा भरिएको थालको ढक्कन खोलिस् भने ती बाट चल्लाहरू तुरुन्तै उडेर जाने तर्साउनु, मालिक घरबाट निस्किने बित्तिकै अगुदुन्बाले थालमा भरिएका सबै त्साम्पा र अण्डा खानु, केही दिनपछि मालिक घर फर्किनु, थालको

ढक्कन खोल्दा दुवै थाल खाली रहेको देखेर अगुदुन्बालाई रिसाउँदै त्साम्पा र अण्डा कहाँ हराएका सोध्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

अगुदुन्बाले मालिकलाई थालमा चल्लाहरू चिच्याइरहँदा आफैं नजिकबाट हेर्न ढक्कन खोलेको र खोल्ने बित्तिकै चल्लाहरू यताउता उडेर गएका उत्तर दिनु, त्यस दृश्य हेर्दा आफैं डराउँदा अक्षम्य अपराधको दोषी महसुस लागेकोले हताश भएर आफैंले थालमा रहेको त्साम्पा खाएर आत्महत्या गर्न खोजे तापनि दुर्भाग्य भई आफैं अझै जिउँदै रहेको भन्नु, अगुदुन्बाको व्याख्या सुनेर मालिक निःशब्द हुनुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

प्रस्तुत लोककथाको कथानक सुगठित छ । आदि, मध्य र अन्त्यको शृङ्खलाबद्ध क्रममा आबद्ध भएकाले यस कथाको कथानक रैखिक ढाँचाको देखिन्छ ।

**(आ) अभिप्राय**

प्रस्तुत 'अगुदुन्बा र मालिकको थाल' लोककथामा विभिन्न अभिप्रायको प्रयोग गरिएको छ । यस कथामा प्रयोग भएको को चलाख अगुदुन्बा र चिम्टे मालिक अभिप्रायका रूपमा रहेका छन् । कहिल्यै मीठो खाना नदीने मालिकका थालमा रहेका त्साम्पा र अण्डा सबै खाएपछि मालिक फर्किंदा सोधेका बेलामा अगुदुन्बा थालमा चल्लाहरू यताउता उडेको हेर्दा आफैं डराउँदा अक्षम्य अपराधको दोषी महसुस लागेकोले हताश भएर आफैंले थालमा रहेको त्साम्पा खाएर आत्महत्या गर्न खोजेता पनि दुर्भाग्य भई आफैं अझै जिउँदै रहेको जस्ता घटनाक्रमहरू यस लोककथामा अभिप्रायका रूपमा आएका छन् । यिनले कथालाई रोचक बनाएका छन् ।

**(इ) पात्र**

प्रस्तुत लोककथामा मानवीय पात्रहरूको मात्र प्रयोग गरिएको छ । यस लोककथामा प्रमुख पात्रको रूपमा अगुदुन्बा र सहायक पात्रको रूपमा मालिक र चल्लाहरू आएका छन् । चलाख युवक अगुदुन्बा चिम्टे मालिकको घरमा जति काम गरे पनि प्रशंसा र मीठो खाना कहिल्यै पनि पाउँदैन । मालिक बाहिर जानुअघि अगुदुन्बालाई टेबुलमा स्वादिष्ट खानाले भरिएको थालमा रहेको त्साम्पा र अण्डा खान नसक्ने भन्छ र खाएमा तुरून्तै मरिन्छ र चल्लाहरू पनि उडेर जाने छन् भनी तर्साउँछ । मालिकको झुटो बोलीको सिधै बिरोध नगरी बरु उनको झुटो तर्कको प्रयोग गरी सबै मीठो खाना खान्छ । मालिक घर फर्किंदा थाल खाली रहेको देखेर अगुदुन्बालाई रिसाउँदै सोध्छ । अगुदुन्बा आफैंले गलत गरेकोले आत्महत्या गर्न खोजे तापनि दुर्भाग्य भई अझै जिउँदै रहेको व्याख्या गर्छ । अगुदुन्बाको व्याख्या सुनेर मालिक निःशब्द छ । यस कथामा प्रमुख र सहायक दुईजना पात्रहरूको भूमिका उत्तिकै महत्त्वपूर्ण रहेको छ ।

### (इ) परिवेश

प्रस्तुत लोककथाको परिवेश लौकिक रहेको छ । लौकिक परिवेशका रूपमा ग्रामीण समाज, घर, टेबुल र थाल रहेका छन् । ग्रामीण समाजमा रहेको आर्थिक भिन्नताका कारणले मालिकले जे बोलेको छ त्यही मानुपर्ने एउटा साधारण मान्यता पनि यसमा देखिएको छ । समग्रमा यस लोककथा परिवेश सबल रहेको छ ।

### (उ) उद्देश्य

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको अरूले बोलेको सबै कुरा पूर्ण रूपमा विश्वास नगरी आफ्नो फैसला हुनुपर्छ र अन्यायमाथि अरूको कमजोर तर्कको प्रयोग गरी बुद्धिमानी रूपमा बिरोध गर्नुपर्छ भन्ने सन्देशसहित मनोरञ्जन दिनु पनि यस लोककथाको उद्देश्य रहेको छ । यस लोककथामा चिम्टे मालिकले अगुदुन्बालाई अन्याय व्यवहार गरेको, झुटो बोलेका, तर्साएका छन् भने चलाख अगुदुन्बाले मालिकको सिधै विरोद्ध नगरी बुद्धिमानी रूपमा मालिकको कमजोर तर्कको प्रयोग गरी अन्यायको स्थितिको बिरोध गरेको अवस्थामा पुगेको देखिन्छ । यसले नै यस लोककथाको मूल उद्देश्य सार्थक बनाएको पाइन्छ ।

### (ऊ) भाषाशैली

प्रस्तुत लोककथामा सरल, सहज र सरस भाषाको प्रयोग गरिएको छ भने वर्णनात्मक शैलीको प्रयोग पनि गरिएको छ ।

## ४.६.२ 'सुन र नुन' लोककथाको विश्लेषण

प्रस्तुत 'सुन र नुन' लोककथा ल्हासा सहरमा प्रचलित सास्कृतिक-ऐतिहासिक लोककथा हो । यो कथा ल्हासा सहरको डाङ्सुङ् काउन्टीका निवासी साम्बुबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को नं. ११ मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्व कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

### (अ) कथानक

प्रस्तुत 'सुन र नुन' लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

'सुन र नुन' लोककथामा एक वृद्ध दम्पती, एक भिक्षु र अगुदुन्बा हुन्छन । एक वृद्ध दम्पती र एक भिक्षु छिमेकी हुन्छन् भने अगुदुन्बा गाउँको अधिकारी हुन्छ । एक दिन भिक्षुले अर्को ठाउँमा तीर्थयात्रा गर्न जानुभन्दाअगाडि उसको सुन भरिएको झोला लिएर छिमेकी वृद्ध दम्पतीको घरमा आएर झोलामा नुन रहेको भनेर नासोको रूपमा राख्छ । केही महिना पछि वृद्ध दम्पतीको घरमा नुन सकिएर भिक्षुको झोला खोल्छन् र सुन देख्छन् । उनीहरूले सुन निकालेर झोलामा नुन राख्छन् । पछि भिक्षु छिमेकीको घरमा झोला फिर्ता लिन आउँदा वृद्ध दम्पतीले नुन भरिको झोला दिन्छन् । भिक्षुले झोलामा पहिले सुन भएको

भने पनि वृद्ध दम्पती मान्दैनन् । भिक्षुले सरकारी अधिकारी अगुदुन्बाबाट मद्दत खोज्छ । अगुदुन्बाले भिक्षु र वृद्ध जोडीलाई छुटाछुटै गरी दुइटा काठको बक्स दुइटा फरक दिशामा रहेका प्यागोडातिर लैजानू अनि प्यागोडा घेरेपछि फर्केर आउनू जस्तो आदेश गर्छन् । उनीहरू फर्केपछि सबै मान्छेको अगाडि अगुदुन्बाले दुईओटा काठको बक्स खोल्छन् । दुवै बक्समा मान्छे बसेको रहेछन् । अगुदुन्बाले काठको बक्समा भएका मान्छेलाई सबैको अगाडि बाटोमा सुनेको सबै कुरा एक शब्द पनि नछाडी भन्न लगाउँछन् । सत्य स्पष्ट भएपछि अगुदुन्बाले वृद्ध दम्पतीलाई भिक्षुको सुन फिर्ता दिने आदेश गर्छन् ।

'सुन र नुन' लोककथामा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । प्रस्तुत कथाको कथानकमा रहेका घटनाहरूको आदि, मध्य र अन्त्यको क्रम यस प्रकार छ :

**(क) आदिभाग**

वृद्ध दम्पती र भिक्षु छिमेकी हुनु, अगुदुन्बा गाउँको अधिकारी हुनु, एक दिन भिक्षुले अर्को ठाउँमा तीर्थयात्रा गर्न जानुभन्दाअगाडि उसको सुन भरिएको झोला लिएर छिमेकी वृद्ध दम्पतीको घरमा आएर झोलामा नुन रहेको भनेर नासोको रूपमा राख्नुसम्मका घटनाक्रमलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

केही महिना पछि वृद्ध दम्पतीको घरमा नुन सकिएर भिक्षुको झोला खोल्नु र सुन देख्नु, उनीहरूले सुन निकालेर झोलामा नुन राख्नु, पछि भिक्षु छिमेकीको घरमा झोला फिर्ता लिन आउनु, वृद्ध दम्पतीले नुन भरिको झोला दिनु, भिक्षुले झोलामा पहिले सुन भएको भने पनि वृद्ध दम्पती नमान्नु, भिक्षुले सरकारी अधिकारी अगुदुन्बाबाट मद्दत खोज्नु, अगुदुन्बाले भिक्षु र वृद्ध जोडीलाई छुटाछुटै गरी दुइटा काठको बक्स दुइटा फरक दिशामा रहेका प्यागोडातिर लैजानू अनि प्यागोडा घेरेपछि फर्केर आउनू जस्तो आदेश गर्नु, उनीहरू फर्केपछि सबै मान्छेको अगाडि अगुदुन्बाले दुईओटा काठको बक्स खोल्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

दुवै बक्सबाट मान्छे निस्कनु, अगुदुन्बाले काठको बक्समा भएका मान्छेलाई सबैको अगाडि बाटोमा सुनेको सबै कुरा भन्न लगाउनु, सत्य स्पष्ट भएपछि अगुदुन्बाले वृद्ध दम्पतीलाई भिक्षुको सुन फिर्ता दिने आदेश गर्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

प्रस्तुत लोककथाको कथानक सबल र सुगठित छ । यस लोकथामा घटनाहरू सिलसिलाबद्ध रूपमा घटित भएकाले कथानक रैखिक ढाँचामा आबद्ध रहेको छ ।

**(आ) अभिप्राय**

प्रस्तुत 'सुन र नुन' लोककथामा विभिन्न अभिप्रायको प्रयोग गरिएको छ । यस कथामा प्रयोग भएको चलाख अगुदुन्बा र मान्छे लुकाउने बक्स अभिप्रायका रूपमा रहेका छन् । चलाख अगुदुन्बाले

दुइटा मान्छे लुकाएर राखिएको बक्सको प्रयोग गरी सत्य थाहा पाएको घटना यस लोककथामा अभिप्रायका रूपमा आएको छ । त्यसले गर्दा कथा रोचक भएको छ ।

**(इ) पात्र**

प्रस्तुत लोककथामा मानवीय पात्रहरूको मात्र प्रयोग गरिएको छ । यस लोककथामा प्रमुख पात्रको रूपमा वृद्ध दम्पती र भिक्षु रहेका छन् भने सहायक पात्रको रूपमा अगुदुन्बा र बक्समा बसेको मान्छे रहेको छ । मुख्य पात्रको वृद्ध दम्पती र भिक्षुबीचको मुद्दाको समाधान खोज्न सहायक पात्र अगुदुन्बाले मान्छे भएको बक्सद्वारा सत्य खोजेको प्रसङ्गबाट यस कथामा रहेका सबै पात्रहरूको भूमिका उत्तिकै महत्त्वपूर्ण रहेको छ ।

**(इ) परिवेश**

प्रस्तुत लोककथाको परिवेश लौकिक रहेको छ । लौकिक परिवेशका रूपमा ग्रामीण समाज, गाउँ, तीर्थयात्रा गर्ने ठाउँ, प्यागोडा रहेको ठाउँ, झोला र बक्स रहेका छन् । यस्ता लौकिक परिवेशको प्रयोग गर्दा ग्रामीण समाजमा रहेको मानवका विशेष स्वभाव देखिएको छ । समग्रमा यस लोककथा परिवेश सबल रहेको छ ।

**(उ) उद्देश्य**

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको मानवको स्वार्थी स्वभाव र प्रवृत्ति देखाउनु हो । छिमेकीबीचमा इमानदार हुनुपर्छ, ठग्नु हुँदैन भन्ने सन्देशसहित मनोरञ्जन दिनु पनि यस लोककथाको उद्देश्य रहेको छ ।

**(ऊ) भाषाशैली**

प्रस्तुत लोककथामा सरल, सहज र सरस भाषाको प्रयोग गरिएको छ भने वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । यस लोककथा अगाडि बढाउनेक्रममा पात्रहरूको संवादको अभिव्यक्तिको प्रयोग सफल भएको देखिन्छ ।

### ४.६.३ 'याक जमिनमा छिऱ्यो' लोककथाको विश्लेषण

प्रस्तुत 'याक जमिनमा छिऱ्यो' लोककथा ल्हासा सहरमा प्रचलित सांस्कृतिक-ऐतिहासिक लोककथा हो । यो कथा ल्हासा सहरको डाङ्सुङ् काउन्टीका निवासी पासाङबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को नं. १२ मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्व कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

**(अ) कथानक**

प्रस्तुत 'याक जमिनमा छिऱ्यो' लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

अगुदुन्बा र लोभी मालिक हुन्छन् । लोभी मालिकका अनगिन्ती गाईवस्तु, भेडाहरू र विशाल जमिन भए पनि उसलाई सन्तुष्टि लाग्दैन भने अगुदुन्बासँग न गाईवस्तु छ न पैसा छ । एक दिन केही गरिब साथीहरू अगुदुन्बाको घरमा आएर गफ गर्दा अगुदुन्बालाई याकको मासु खान मन लागेको भन्छन् । अगुदुन्बाले साथीहरूलाई आज राति सबैलाई याकको मासु खुवाउने भन्छ । भनेपछि अगुदुन्बा दौडेर मालिकको घरमा पुगेर याक भाडामा लिने भन्छ । मालिक अहंकारले अगुदुन्बालाई अहिले खेतीपातीको व्यस्त बेलामा गाईवस्तुको प्रयोग गर्न भाडा दोब्बर तिर्नुपर्छ भनेर भन्छ । अगुदुन्बा सहमत भएर मालिकको गोठमा गएर एउटा ठूलो र मोटो याक डोऱ्याउँछ । धेरै टाढा नगइकन उसले मालिकको घरमा फर्किएर हजुरको याक जमिनमा छिर्न खोजिरहेको छ भनेर गुनासो गर्छ । अगुदुन्बाको कुरा मालिकले विश्वास नगरी त्यो साँचो हो भने म त्यो याक छाडिदिन्छु भन्छ । अगुदुन्बाले मालिकको कुरा सुनेपछि छिट्टै याक डोऱ्याउँदै घरतिर जान्छ । घर पुग्ने बित्तिकै याक काट्छ र गरिब साथीहरू र छिमेकीहरू लाई मासु खुवाउँछ । भोलिपल्ट खेतमा हिँड्दा अगुदुन्बाले मालिकलाई देखेर याकको पुच्छरको एउटा छेउ जमिनमा हाल्छ र अर्को छेउ आफ्नो हातमा राख्छ । उसले मालिकलाई हजुरको याक जमिनमा पसेको अनि छिटो आएर सँगै तान्नौं भन्छ । मालिकको हातले त्यो पुच्छर छुने बित्तिकै याकको पुच्छर जमिनबाट निस्किन्छ । अगुदुन्बाले आज हजुरले पनि देखेर थाहा पाउनुभयो याक जमिनमा छिऱ्यो भन्छ । मालिक लोभलाग्दो आँखाले याकको पुच्छर हेर्दै निराश भएर रुन थाल्छ ।

'याक जमिनमा छिऱ्यो' लोककथामा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । प्रस्तुत कथाको कथानकमा रहेका घटनाहरूको आदि, मध्य र अन्त्यको क्रम यस प्रकार छ :

**(क) आदिभाग**

अगुदुन्बा र लोभी मालिक हुनु, लोभी मालिकका अनगिन्ती गाईवस्तु, भेडाहरू र विशाल जमिन भए असन्तुष्टि हुनु, अगुदुन्बासँग न गाईवस्तु छ न पैसा हुनु, एक दिन केही गरिब साथीहरू अगुदुन्बाको घरमा आएर याकको मासु खान मन लागेको भन्नु । अगुदुन्बाले आज राति सबैलाई याकको मासु खुवाउने भन्नुसम्मका घटनाक्रमलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

अगुदुन्बा दौडेर मालिकको घरमा पुगेर याक भाडामा लिने भन्नु, मालिक अहंकारले अगुदुन्बालाई अहिले खेतीपातीको व्यस्त बेलामा गाईवस्तुको प्रयोग गर्न भाडा दोब्बर तिर्नुपर्छ भन्नु, अगुदुन्बा सहमत भएर मालिकको गोठमा गएर एउटा ठूलो र मोटो याक डोऱ्याउनु, धेरै टाढा नगइकन उसले मालिकको घरमा फर्किएर हजुरको याक जमिनमा छिर्न खोजिरहेको गुनासो गर्नु, अगुदुन्बाको कुरा मालिकले विश्वास नगरी त्यो साँचो हो भने म त्यो याक छाडिदिन्छु भन्नु, अगुदुन्बाले मालिकको कुरा सुनेपछि छिट्टै याक डोऱ्याउँदै घर पुग्ने बित्तिकै याक काट्नु र गरिब साथीहरू र छिमेकीहरू लाई मासु खुवाउनु, भोलिपल्ट खेतमा हिँड्दा अगुदुन्बाले मालिकलाई देख्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

अगुदुन्बाले मालिकलाई देखेर याकको पुच्छरको एउटा छेउ जमिनमा हाल्नु, मालिकलाई हजुरको याक जमिनमा पसेको अनि छिटो आएर सँगै तान्नौं भन्नु, मालिकको हातले त्यो पुच्छर छुने बित्तिकै याकको पुच्छर जमिनबाट निस्किनु, अगुदुन्बाले आज हजुरले पनि देखेर थाहा पाउनुभयो याक जमिनमा छिऱ्यो भन्नु, मालिक निराश हुँदै रुनुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

प्रस्तुत लोककथाको कथानक सुगठित छ । आदि, मध्य र अन्त्यको शृङ्खलाबद्ध क्रममा आबद्ध भएकाले यस कथाको कथानक रैखिक ढाँचाको देखिन्छ ।

**(आ) अभिप्राय**

प्रस्तुत 'याक जमिनमा छिऱ्यो' लोककथामा विभिन्न अभिप्रायको प्रयोग गरिएको छ । यस कथामा प्रयोग भएको को चलाख अगुदुन्बा र लोभी मालिक अभिप्रायका रूपमा रहेका छन् । याक जमिनमा भित्रेको र पुच्छर मात्र बाँकी रहेको जस्ता घटनाक्रमहरू यस लोककथामा अभिप्रायका रूपमा आएका छन् । यिनले कथालाई रोचक बनाएका छन् ।

**(इ) पात्र**

प्रस्तुत लोककथामा मानवीय र मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएको छ । मानवीय पात्रअन्तर्गत अगुदुन्बा, मालिक र गरिब साथीहरू रहेका छन् भने मानवेतर पात्रका रूपमा याक रहेको छ । यस कथाको प्रमुख पात्र अगुदुन्बा रहेको छ भने मालिक र गरिब साथीहरू सहायक पात्रका रूपमा रहेका छन् । अगुदुन्बा सतचरित्र रहेको छ भने मालिक असतचरित्र रहेको छ । यस कथामा प्रमुख र सहायक दुईजना पात्रहरूको भूमिका उत्तिकै महत्त्वपूर्ण रहेको छ ।

**(इ) परिवेश**

प्रस्तुत लोककथाको परिवेश लौकिक रहेको छ । लौकिक परिवेशका रूपमा ग्रामीण समाज, घर, मालिकको गोठ, जमिन रहेका छन् । ग्रामीण समाजमा रहेको आर्थिक भिन्नताका कारणले मालिक धेरै धनी र लोभी रहेका, गाउँलेहरू धेरै गरिब रहेका र मालिकले गरिबहरूलाई आर्थिक शोषण गरेका जस्ता ग्रामीण सामाजिक स्थिति पनि यसमा देखिएको छ । समग्रमा यस लोककथा परिवेश सबल रहेको छ ।

**(उ) उद्देश्य**

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको मानवका लोभी स्वभाव र प्रवृत्ति देखाउने, अन्याय शोषणमाथि बुद्धिमानी रूपमा विरोद्ध गनुपर्छ भन्ने सन्देशसहित मनोरञ्जन दिनु पनि यस लोककथाको उद्देश्य रहेको छ ।

### (ऊ) भाषाशैली

प्रस्तुत लोककथामा सरल, सहज र सरस भाषाको प्रयोग गरिएको छ भने वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । यसमा तिब्बती स्थानीय शब्द 'याक' को प्रयोग गरिएको छ ।

## ४.७ 'आकाशबाट सुन पाउने' दैवी लोककथाको विश्लेषण

प्रस्तुत सन्दर्भमा ल्हासा सहरमा प्रचलित दैवी लोककथामा 'आकाशबाट सुन पाउने' शीर्षकको एउटा मात्र लोककथा प्राप्त भएको छ । 'आकाशबाट सुन पाउने' लोककथा ल्हासा सहरमा प्रचलित दैवी लोककथा हो । यो कथा ल्हासा सहरको डाङ्सुङ् काउन्टीका निवासी नोर्बु छिरिङबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को नं. १३ मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्व कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

### (अ) कथानक

प्रस्तुत 'आकाशबाट सुन पाउने' लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

'आकाशबाट सुन पाउने' लोककथा दैवी लोककथाअन्तर्गत पर्छ । यस कथामा असल गरिब आमा, लोभी चिम्टे मालिक र सेतो दाह्री भएका दयालु बुढा (देवता) हुन्छन् । आमाले मालिकको घरमा पुलु (ऊनी कपडा) बनाउँछिन् भने उनका छोराछोरीले मालिकको घरमा नोकरको रूपमा घरायसी काम गर्छन् र भेडा चराउँछन् । आमा र छोराछोरीले जति धेरै गाह्रो काम गरे पनि भेडाको सामु खान र न्यानो लुगा लगाउन नपाउनुका साथै उनीहरू चिसो, कुटपिट र गालीमा पर्छन् । एक दिन आमा मालिकको घरमा गइरहएका बेला एक्कासी बाटोमा आँधी उड्छ । बलियो हावाले आमालाई आकाशमा उडाएर सुन्दर पहाडमा पठाउँछ । त्यहाँ सेतो दाह्री भएको एक जना दयालु बुढा पहाडमा आउँछन् । बुढाले आमाको जीवनबारे सोधेपुछ गरेर आमाको दुःख थाहा पाएका छन् र उनलाई सुनको एक टुक्रा दिन्छन् । लोभी मालिकले थाहा पाएपछि भोलिपल्ट दासको लुगा लगाएर आमा हिँडेको बाटोमा हिँड्छ र पनि बलियो बतासले उसलाई आकाशतिर उडाउँछ । सेतो दाह्री भएको बुढा देखा पर्छन् । बुढाले मालिकलाई कुनै प्रश्न नसोधिकन सिधै उसलाई तिमी कति लोभी छौ, तिमीलाई सजाय हुनुपर्छ भन्छन् । त्यसपछि बुढाले मालिकको टाउकोमा लट्ठीले पिट्छन् । मालिक लट्ठी खाएपछि आकाशबाट खस्छ र समुद्रमा डुब्छ । गरिब आमाले सेतो दाह्री भएको बुढाको सहयोग पाएपछि उनको जीवन बिस्तारै धनी हुँदै जान्छ ।

'आकाशबाट सुन पाउने' लोककथामा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । प्रस्तुत कथाको कथानकमा रहेका घटनाहरूको आदि, मध्य र अन्त्यको क्रम यस प्रकार छ :

### (क) आदिभाग

गाउँमा असल गरिब आमा र लोभी चिम्टे मालिक हुनु, आमाले मालिकको घरमा पुलु(ऊनी कपडा) बनाउनु, उनका छोराछोरीले नोकरको रूपमा घरायसी काम गर्नु र भेडा चराउनु, आमा र

छोराछोरीले जति धेरै गाह्रो काम गरे पनि मीठो खाना र न्यानो लुगा लगाउन नपाउनु, चिसो कुटपिट र गालीमा पर्नुसम्मका घटनाक्रमलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

एक दिन आमा मालिकको घरमा जाँदा एक्कासी बाटोमा आँधी उडनु, बलियो हावाले आमालाई आकाशमा उडाएर सुन्दर पहाडमा पठाउनु, त्यहाँ सेतो दाह्री भएको एक जना दयालु बुढा पहाडमा उभिनु, बुढाले आमाको जीवनबारे सोधेपुछ गरेर आमाको दुःख थाहा पाउनु र उनलाई सुनको एक टुक्रा दिनु, लोभी मालिकले थाहा पाएपछि भोलिपल्ट दासको लुगा लगाएर आमा हिँडेको बाटोमा हिँड्नु र पनि बलियो बतासले उसलाई आकाशतिर उडाउनुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

सेतो दाह्री भएको बुढा देखा पर्नु, बुढाले मालिकलाई कुनै प्रश्न नसोधिकन सिधै उसलाई तिमी कति लोभी छौ र तिमीलाई सजाय हुनुपर्छ भन्नु, बुढाले मालिकको टाउकोमा लट्ठीले पिट्नु, मालिक लट्ठी खाएपछि आकाशबाट खस्नु र समुद्रमा डुब्नु, गरिब आमाले बुढाको सहयोग पाएपछि उनको जीवन बिस्तारै धनी हुँदै जानुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

प्रस्तुत लोककथाको कथानक सुगठित छ । आदि, मध्य र अन्त्यको शृङ्खलाबद्ध क्रममा आबद्ध भएकाले यस कथाको कथानक रैखिक ढाँचाको देखिन्छ ।

**(आ) अभिप्राय**

प्रस्तुत 'आकाशबाट सुन पाउने' लोककथामा विभिन्न अभिप्रायको प्रयोग गरिएको छ । यस कथामा भएका दासको लुगा लगाको लोभी मालिक र सेतो आकाशबाट सेतो दाह्री भएको एक जना दयालु बुढा अभिप्रायका रूपमा रहेका छन् । दुखी जीवन बिताएकी आमालाई स्वर्गमा पुर्याएर सेतो दाह्री भएको एक जना दयालु बूढाले सुन दिएको र लोभी मालिकलाई सजाय दिएकोजस्ता घटनाक्रमहरू यस लोककथामा अभिप्रायका रूपमा आएका छन् । यिनले कथालाई रोचक बनाएका छन् ।

**(इ) पात्र**

प्रस्तुत लोककथामा मानवीय र मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएको छ । मानवीय पात्रअन्तर्गत असल गरिब आमा, उनका छोराछोरी र लोभी चिम्टे रहेका छन् भने मानवेतर पात्रका रूपमा आकाशमा स्वर्गबाट सेतो दाह्री भएको दयालु बुढा रहेको छ । यस कथाको प्रमुख पात्र आमा हो भने मालिक, सेतो दाह्री भएको दयालु बुढा सहायक पात्रका रूपमा रहेका छन् । आमाका छोराछोरीलाई गौण पात्रको रूपमा मान्न सकिन्छ । यस कथालाई अगाडि बढाउन सबै पात्रहरूको भूमिका महत्त्वपूर्ण रहेको छ ।

### (इ) परिवेश

प्रस्तुत लोककथाको परिवेश लौकिक र अलौकिक दुवै रहेको छ । लौकिक परिवेशका रूपमा ग्रामीण समाज, गाउँ, बाटो रहेका छन् भने अलौकिक परिवेशमा बलियो हावाले आमालाई आकाशमा उडाएर पुगेको सुन्दर पहाड र आकाश आदि रहेका छन् । एउटा लोककथाको लागि आवश्यक पर्ने लौकिक र अलौकिक परिवेशहरू प्रस्तुत भएकाले लोककथा परिवेशका रूपमा सबल रहेको छ ।

### (उ) उद्देश्य

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको अन्यायमा परेका दुःख पाएकाहरूलाई भगवान्ले विभिन्न रूप धारण गरेर उनीहरूको सेवा गर्छन् भन्ने देखाउनु हो । आकाशमा सेतो दाह्री भएको दयालु बूढाले गरिब आमालाई सुनको टुक्रा दिएको, पछि लोभी मालिकले पनि सुन पाउन आमाले गरेको जस्तै गरे तापनि सुन नपाएको र मरेको यी घटनाहरूको प्रसङ्गबाट मनोरञ्जन दिनु पनि यस लोककथाको उद्देश्य रहेको छ ।

### (ऊ) भाषाशैली

प्रस्तुत कथामा सरल, सहज र सरस भाषाको प्रयोग भएको छ । यस कथाको अभिव्यक्तिगत शैली वर्णनात्मक नै रहेको देखिन्छ । यस लोककथामा तिब्बती कथ्यभाषाको प्रभाव रहेको छ । यसमा तिब्बती स्थानीय वस्तुको नामशब्द 'पुलु' (तिब्बतीहरूले हातले बनाएको ऊनी कपडा हो जसबाट लुगा, ओछ्यान कम्बल आदि बनाउन सकिन्छ) को प्रयोग गरिएको छ ।

## ४.८ 'चोङ्साई काङ बजारमा स्त्री भूत' धार्मिक लोककथाको विश्लेषण

प्रस्तुत सन्दर्भमा ल्हासा सहरमा प्रचलित धार्मिक लोककथामा 'चोङ्साई काङ बजारमा स्त्री भूत' शीर्षकको एउटा मात्र लोककथा प्राप्त भएको छ । 'चोङ्साई काङ बजारमा स्त्री भूत' लोककथा ल्हासा सहरमा प्रचलित धार्मिक लोककथा हो । यो कथा ल्हासा सहरको डाङ्सुङ् काउन्टीका निवासी पेमा युजेनबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को नं. १४ मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्व कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

### (अ) कथानक

प्रस्तुत 'चोङ्साई काङ बजारमा स्त्री भूत' लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

'चोङ्साई काङ बजारमा स्त्री भूत' लोककथामा एक सानो भिक्षु, धार्मिक गुरु, मासु पसले साहुनी र भिखारी बूढी (स्त्री भूत) हुन्छन् । सानो भिक्षु र धार्मिक गुरु ल्हासाको सेरा गुम्बामा धार्मिक अध्ययन गर्छन् भने स्त्री भूतहरू रातमा मान्छेलाई खोजेर खान्छन् । एक दिन गुरुले सानो भिक्षुलाई चोङ्साई काङ बजार गएर मासु किन्न भन्छन् । जानुअघि गुरुले सानो भिक्षुलाई त्याहाँ बजारमा जति

दिन्छ त्यति मात्र किनेर लिने र थप कुरा नगर्ने जस्तो चेतावनी दिन्छन् । तर जब सानो भिक्षु चोड्साई काङ बजार पुग्दा मासु पसले साहुनीसँग मोलतोल गर्दागर्दै अलि बढी कुरा गर्छ र साहुनीलाई मासु थप्न भन्छ । सानो भिक्षुले सेरा गुम्बामा फर्केपछि गुरुले उसको हातको हत्केलामा एउटा नयाँ निशान देख्छन् । त्यो एक दुष्ट स्त्री भूतको चिन्ह रहेछ जसलाई सागबमु भनिन्छ । गुरुले सानो भिक्षुलाई अब तुरुन्तै ल्हासा गएर रामोचे मन्दिरको छेउमा पुगी त्यहाँ एउटा सानो पालमा बस्ने र भीख माग्ने ८० वर्षकी बूढी भिखारीलाई भेट्नू, उनलाई त्साम्पा र घिउ हाल्नू र उनको पालमा एक रात बस्ने अनुरोध गर्नू भन्छन् । सानो भिक्षु छिटो बाहिर निस्कियो र अन्त्यतः साँझमा बूढी भिखारी भेट्छ । उसले दुई चार पटक आफ्नो कुरा गर्ने प्रयास गरे पनि बूढीले वेवास्ता गर्छिन् । उसले रुँदा रुँदै त्साम्पा र घिउ मिसाएर टुक्रा टुक्रा पारेर बूढीलाई दिन्छ । अन्त्यतः बूढीले सानो भिक्षुलाई आफ्नो पालभित्रको ठूलो भाँडोमा लुक्न दिन्छिन् । वास्तवमा यो बूढी भिखारी पनि एउटा शक्तिशाली सागबमु हो । तर त्यो बूढी भिखारी (सागबमु) ले यसपटक उसको रक्षा गरेकी रहेछ । भोलिपल्ट बिहान सानो भिक्षु निस्किएपछि बूढी भिखारीले भन्छिन् कि बुद्ध धर्मको जप गर्ने अभ्यासले गर्दा आफूमा करुणाको भाव भएको छ र यही करुणाले तिमीलाई बचाएको हो ।

'चोड्साई काङ बजारमा स्त्री भूत' लोककथामा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । प्रस्तुत कथाको कथानकमा रहेका घटनाहरूको आदि, मध्य र अन्त्यको क्रम यस प्रकार छ :

### (क) आदिभाग

'चोड्साई काङ बजारमा स्त्री भूत' सानो भिक्षु र धार्मिक गुरु ल्हासाको सेरा गुम्बामा धार्मिक अध्ययन गर्नु, एक दिन गुरुलेले सानो भिक्षुलाई चोड्साई काङ बजार गएर मासु किन्ने भन्नु, जानुअघि गुरुले उसलाई बजारमा जति दिन्छ त्यति मात्र किनेर लिने र थप कुरा नगर्ने चेतावनी दिनुसम्मका घटनाक्रमलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

### (ख) मध्यभाग

सानो भिक्षु चोड्साई काङ बजार पुग्दा मासु पसले साहुनीसँग मोलतोल गर्दागर्दै अलि बढी कुरा गर्नु र साहुनीबाट मासु थप्न माग राख्नु, सानो भिक्षुले सेरा गुम्बामा फर्केपछि गुरुले उसको हातको हत्केलामा एउटा नयाँ निशान देख्नु, त्यो एक दुष्ट स्त्री भूत 'सागाबमु' को चिन्ह हुनु, गुरुले सानो भिक्षुलाई अब तुरुन्तै ल्हासाको रामोचे मन्दिरको छेउमा पुगेर त्यहाँ एउटा सानो पालमा बस्ने र भीख माग्ने ८० वर्षकी बूढी भिखारीलाई भेट्दा उनलाई त्साम्पा र घिउ हाल्नू र उनको पालमा एक रात बस्ने माग्नू भन्नु, सानो भिक्षु साँझमा बूढी भिखारीलाई भेट्नु, उसले दुई चार पटक आफ्नो कुरा गर्ने प्रयास गरे पनि बूढीले वैवास्ता गर्नु, उसले रुँदा रुँदै त्साम्पा र घिउ मिसाएर टुक्रा टुक्रा पारेर बूढीलाई दिनु, अन्त्यतः बूढीले सानो भिक्षुलाई आफ्नो पालभित्रको ठूलो भाँडोमा लुक्न दिनुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

वास्तवमा यो बूढी भिखारी पनि एउटा शक्तिशाली सागबमु हुनु, तर त्यो बूढी भिखारी ( सागबमु) ले यसपटक उसको रक्षा गर्नु, भोलिपल्ट बिहान सानो भिक्षु निस्कनु, बूढी भिखारीले बुद्ध धर्मको जप गर्ने अभ्यासले गर्दा आफूमा करुणाको भाव भएकोले तिमी (सानो भिक्षु)लाई बचाएको भन्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

प्रस्तुत लोककथाको कथानकका घटनाहरू शृङ्खलाबद्ध रूपमा घटित भएकाले कथानक रैखिक ढाँचामा सुगठित रूपमा रहेको छ ।

**(आ) अभिप्राय**

प्रस्तुत ‘चोङ्साई काङ बजारमा स्त्री भूत’ लोककथामा विभिन्न अभिप्रायको प्रयोग गरिएको छ । यस कथामा प्रयोग भएका सानो भिक्षुको हातको हत्केलामा आएको निशान, सागबमु नामक स्त्री भूत र रामोचे मन्दिरको छेउमा रहेको सानो पालमा बस्ने ८० वर्षकी बूढी भिखारी आदि अभिप्रायका रूपमा रहेका छन् । सानो भिक्षु चोङ्साई काङ बजारमा मासु पसल गएर आफ्नो हातमा स्त्रीको निशान भएको, गुरुले रामोचे मन्दिरको छेउमा रहेको सानो पालमा बस्ने ८० वर्षकी बूढी भिखारीकहाँ गएर बचाउन सकिन्छ भनेको र बूढी भिखारी पनि वास्तवमा स्त्री भूत भए तापनि सानो भिक्षुको रक्षा गरेकी जस्ता घटनाक्रमहरू यस लोककथामा अभिप्रायका रूपमा आएका छन् । यिनले कथालाई रोचक बनाएका छन् ।

**(इ) पात्र**

प्रस्तुत लोककथामा मानवीय र मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएको छ । मानवीय पात्रअन्तर्गत सानो भिक्षु, धार्मिक गुरु रहेका छन् भने मानवेतर पात्रका रूपमा मासु पसले साहुनी(स्त्री भूत) र बूढी भिखारी (स्त्री भूत) रहेका छन् । यस कथाको प्रमुख पात्र सानो भिक्षु छ भने धार्मिक गुरु, मासु पसले साहुनी (स्त्री भूत) र बूढी भिखारी(स्त्री भूत) सहायक पात्रका रूपमा रहेका छन् । यस कथा अगाडि बढाउनेमा प्रमुख र सहायक पात्रहरूको भूमिका उत्तिकै महत्त्वपूर्ण रहेको छ ।

**(इ) परिवेश**

प्रस्तुत लोककथाको परिवेश लौकिक र अलौकिक दुवै रहेको छ । लौकिक परिवेशका रूपमा चोङ्साई काङ बजार, मासु पसल, सेरा गुम्बा, रामोचे मन्दिर, बूढी भिखारी बस्ने सानो पाल रहेका छन् भने अलौकिक परिवेशमा बूढी भिखारीको जादु भएको ठूलो भाँडो रहेको छ । समग्रमा एउटा लोककथाको लागि आवश्यक पर्ने लौकिक र अलौकिक परिवेशहरू प्रस्तुत भएकाले लोककथा परिवेशका रूपमा सबल रहेको छ ।

**(उ) उद्देश्य**

प्रस्तुत धार्मिक लोककथामा सानो भिक्षुले बजारमा थप मासु मागेर हातमा स्त्री भूतको निशान भएको, धार्मिक गुरुको निर्देशनअनुसार बूढी भिखारीलाई भेटेको र त्साम्पा र घिउ दिएको, पछि आफ्नो ज्यान बचाएको र बूढी भिखारी (सागबमु, स्त्री भूत) ले पनि बुद्ध धर्मको जप गर्ने अभ्यासले गर्दा आफूमा करुणाको भाव भएको जस्त प्रसङ्गबाट यसकथाको मुख्य उद्देश्य भनेको धर्मको विश्वस गर्नुपर्छ, जो भए पनि धर्मको अध्ययन गर्न सकिने, दयालु हुनुपर्ने र लोभी हुँदैन भन्ने सन्देशसहित मनोरञ्जन दिनु पनि यस लोककथाको उद्देश्य रहेको छ ।

**(ऊ) भाषाशैली**

प्रस्तुत लोककथामा सरल, सहज र सरस भाषाको प्रयोग गरिएको छ भने वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । यसमा तिब्बतको ल्हासा सहरमा रहेका स्थानीय विशेष ठाउँका नामशब्दहरूः चोङ्साई काङ बजार, सेरा गुम्बा, रामोचे मन्दिर, जोखाङ मन्दिर र स्थानीय खाने कुरा 'त्साम्पा' आदिको प्रयोग भएको छ । यस लोककथामा तिब्बती कथ्यभाषाको प्रभाव अधिक रहेको छ ।

## ४.९ निष्कर्ष

प्रस्तुत शोधकार्यको यस परिच्छेदमा ल्हासा सहरमा प्रचलित १४ ओटा लोककथाहरू सङ्कलन गरी लोककथाका प्रमुख तत्त्व कथानक, अभिप्राय, पात्र, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ । विश्लेषित लोककथाहरूको कथानक कुतूहलमय र रैखिक ढाँचामा अगाडि बढेका छन् । कथामा अभिप्रायका रूपमा रहेका असामान्य स्वैरकाल्पनिक विविध घटनाहरूले कथालाई रोचक र रहस्यमयी बनाएका छन् । कथामा मानवीय र मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएको छ । प्रमुख, सहायत र गौण पत्रहरू तथा सत र असत चरित्र भएका पात्रहरूले उपदेशात्मक नैतिक शिक्षाका साथै मनोरञ्जन दिएर कथानकलाई अगाडि बढाउनेमा प्रभावकारी भूमिका खेलेका पनि देखिन्छ । लौकिक र अलौकिक परिवेशको संयुक्त प्रयोग गर्दा लोककथाको परिवेश सबल भएको देखिन्छ । भाषाशैलीमा सरल शृङ्खलित संवाद भएको र स्थानीय तिब्बती भाषाका शब्दहरूको प्रयोग गरिएको छ ।

# पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ परिच्छेदगत सारांश

प्रस्तुत शोधलाई पाँचओटा परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा शोधपरिचय, दोस्रो परिच्छेदमा शोध क्षेत्रको परिचय, तेस्रो परिच्छेदमा शोधसामग्रीको सङ्कलन र वर्गीकरण, चौथो परिच्छेदमा विधातात्त्विक विश्लेषण र पाँचौं परिच्छेदमा शोध सारांश तथा निष्कर्ष प्रस्तुत गरिएको छ । सबै परिच्छेदको सारांश क्रमशः यस प्रकार छ :

प्रस्तुत शोधको दोस्रो परिच्छेदमा तिब्बत स्वायत्त क्षेत्र र यसै क्षेत्रअन्तर्गत पर्ने ल्हासा सहरको सङ्क्षिप्त परिचय दिइएको छ । ल्हासा सहर प्रस्तुत शोधका मूल सामग्रीहरूको प्राप्ति स्थल हो । जसअन्तर्गत लोककथा सङ्कलन गरिएको तिब्बत स्वायत्त क्षेत्र विस्तृत रूपमा परिचय दिएको छैन भने ल्हासा सहरको भौगोलिक परिचय, राजनैतिक तथा प्रशासनिक विभाजन, जनसंख्या र जातिहरू, आर्थिक स्थिति, प्राकृतिक पर्यावरण, धार्मिक एवम पर्यटकीय स्थलहरू, शैक्षिक र स्वास्त्य स्थिति, सञ्चार तथा यातायात र सांस्कृतिक अवस्थाको बारेमा जानकारी दिइएको छ ।

तेस्रो परिच्छेदमा ल्हासा सहरका छ्युश्युर काउन्टी, लिन्झाउ काउन्टी र डाङ्सुङ् काउन्टी गरी तीनओटा काउन्टीबाट सङ्कलन गरिएका लोककथाहरूलाई लोककथाका अध्यता तुलसी दिवसले प्रस्तुत गरेका लोककथाको वर्गीकरणका आधारहरूमा भएर वर्गीकरण गरिएको छ । सङ्कलित लोककथाहरूलाई वर्गीकरण गर्ने क्रममा सांस्कृतिक-ऐतिहासिक लोककथाहरू, अर्तीउपदेशका लोककथाहरू, पशुपक्षीका लोककथा, मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरू, दैवी लोककथा र धार्मिक लोककथा गरी जम्मा ६ प्रकारका लोककथाहरू रहेका छन् । सङ्कलन गरिएका लोककथाहरूमध्ये सांस्कृतिक तथा ऐतिहासिक लोककथाअन्तर्गत 'घिउ करको उन्मुलन' र 'तिब्बती नुहाउने पर्व' लोककथा रहेका छन् । यी लोककथाहरूमा तत्कालीन समाजमा साधारण मानिसहरूले शासकलाई घिउ करलगायतका विविध प्रकारका कर तिर्नु परेको ऐतिहासिक घटनासँग पनि घनिष्ठसँग जोडिएको र त्कालीन तिब्बती प्रसिद्ध चिकित्सक युन्डन गोन्बुले घाँसे मैदानका साधारण बासिन्दाहरूको लागि गरेको योगदान र तिब्बती नुहाउने पर्वको उद्भव भएका घटनाहरूको प्रसङ्गबाट यी लोककथाहरूले सांस्कृतिक विश्वास तथा सामाजिक प्रचलन र विशेषताहरूको संरक्षण गरेर राखेको हुनालेयस वर्गअन्तर्गत राखिएको छ । अर्तीउपदेशका लोककथाहरूमा 'दयालु हुनुपर्छ', 'अगुदुन्बाको सम्पत्ति', 'सात ओटा गधा', 'घोडाको उधारो' र 'दुइटा साथी र सुन' गरी ५ ओटा लोककथाहरू रहेका छन् ।

यी लोककथाहरूमा जे जति छ त्यसलाई मिलाउँदा दयालु भएर चाहिनेहरूसँग बाँड्नुपर्छ र सहयोग गर्नुपर्छ र यस्तै गरेमा पछि अर्को तरिकाले प्रतिफल पाउन सकिन्छ, सबैले आफ्नो हातले परिश्रम गरी काम गर्नुपर्छ र यसो गरेपछि प्रतिफल पाउन सकिन्छ, आफ्नो काममा होसियार हुनुपर्छ र आवश्यक परिस्थितिमा मान्छेको क्षमता आफ्नो कलपनाभन्दा बढी हुन्छ आदि भन्ने जस्ता

अर्तीउपदेश दिइएका छन् । त्यसैले यी लोककथाहरूलाई यस वर्गअन्तर्गत राखिएको छ । पशुपक्षीका लोककथामा 'हात्ती र बाँदर' र 'बाँदरबाट मानव' लोककथा रहेका छन् । यी लोककथाहरूको मुख्य पात्र पशु रहेका छन् । आयामका रूपले छोटो र विषयका रूपले रोचक भएको हुनाले यी लोककथाहरूलाई पशुपक्षीका लोककथा वर्गअन्तर्गत राखिएको छ । मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथामा 'अगुदुन्बा र मालिकको थाल', 'सुन र नुन', 'याक जमिनमा छिऱ्यो' गरी ३ ओटा लोककथाहरू रहेका छन् । यी लोककथामा चलाख अगुदुन्बाले छुच्चो मालिकको भुटो तर्कको प्रयोग गरी थालभित्रको सबै खाना खाएको, चलाख अगुदुन्बाले मान्छे भएका दुइटा बक्सको प्रयोग गरी भुट बोलेका लोभी वृद्ध दम्पतीबाट सत्य खोजेको, चलाख अगुदुन्बाले तर्कको प्रयोग गरी लोभी मालिकको याक मारेर गरिब गाउँलेहरूलाई खुवाएको हुनाले यी लोककथाहरूलाई यस वर्गअन्तर्गत राखिएको हो । दैवी लोककथामा 'आकाशबाट सुन पाउने' लोककथा रहेको छ । यस लोककथामा अन्याय र दुखी जीवनमा परेकी गरिब आमालाई सेतो दाह्री भएका दयालु बुढा (देवता)ले सुनको टुक्रा दिएको र लोभी मालिकलाई सजाय दिएको कारणले यो लोककथालाई दैवी लोककथाअन्तर्गत राखिएको छ । धार्मिक लोककथामा 'चोङ्साई काङ बजारमा स्त्री भूत' लोककथा रहेको छ । यस लोककथामा सानो भिक्षु धार्मिक गुरुको निर्देशनअनुसार आफ्नो ज्यान बचाएको र बूढी भिखारी ( सागबमु, स्त्री भूत) ले पनि बुद्ध धर्मको जप गर्ने अभ्यासले गर्दा आफूमा करुणाको भाव भएको प्रसङ्गबाट हामीले धर्मको विश्वस गर्नुपर्छ र जो भए पनि धर्मको अध्ययन गर्न सकिन्छ भन्ने धार्मिक उपदेश भएको हुनाले यस लोककथालाई धार्मिक लोककथाअन्तर्गत राखिएको छ ।

चौथो परिच्छेदमा ल्हासा सहरमा प्रचलित लोककथाहरूको विधातात्त्विक विश्लेषण लोककथाका प्रमुख तत्त्व कथानक, अभिप्राय, पात्र, परिवेश र भाषाशैलीका आधारमा गरिएको छ । विधातात्त्विक विश्लेषण गर्दा यी कथामा विभिन्न प्रकारका मूल वैशिष्य देखिएका छन् । प्रायः सबै लोककथाहरूको कथानक कुतुहलमय र रैखिक प्रकारका छन् । लोककथामा प्रयोग भएका विभिन्न प्रकारका अभिप्रायहरूमा स्वैरकाल्पनिक, असामान्य घटनाहरूले कथालाई रोचक, रहस्यमयी र रमाइलो बनाएका छन् । प्रायः सबै लोककथाहरूमा मानवीय र मानवेतर पात्रको प्रयोग भएका छन् भने 'तिब्बती नुहाउने पर्व' र 'अगुदुन्बाको सम्पत्ति' र 'सुन र नुन' तीन ओटा लोककथामा मात्र मानवीय पात्रको प्रयोग भएका छन् । कथामा प्रमुख सत र असत चरित्र भएका पात्रहरू चरित्रचित्रणका हिसाबले सबल नै रहेका छन् । परिवेशका हिसाबले प्राय सबै लोककथाहरूमा लौकिक परिवेश रहेको छ भने 'तिब्बती नुहाउने पर्व', 'दयालु हुनुपर्छ', 'घोडाको उधारो', 'बाँदरबाट मानव', 'आकाशबाट सुन पाउने' र 'चोङ्साई काङ बजारमा स्त्री भूत' लोककथाहरूमा लौकिक र अलौकिक दुवै परिवेश रहेको छ । सङ्कलित लोककथाहरूमा अभिप्रायका रूपमा रहेका असमान्य स्वैरकाल्पनि विविध घटनाहरूले कथालाई रोचक र रहस्यमयी बनाएका छन् । उद्देश्य को हिसाबले सङ्कलित लोककथाहरूको मुख्य उद्देश्य उपदेशात्मक नैतिक शिक्षाका साथै मनोरञ्जन प्रदान गर्नु रहेको छ । भाषाशैलीमा सरल श्रृखलित संवाद भएको र स्थानीय तिब्बती भाषाका शब्दहरूको प्रयोग गरिन्छ ।

## ५.२ निष्कर्ष

नेपालको मैत्री छिमेकी चीनका पाँच जातिय अल्पसंख्यक स्वायत्त क्षेत्रहरू मध्ये तिब्बत स्वायत्त क्षेत्र पनि एक हो जसले नेपालका उत्तरी भागका १५ ओटा जिल्लासँग जोडिएको छ । यस स्वायत्त क्षेत्रका ७ ओटा स्थानीय तहहरूमध्ये ६ ओटा प्रिफेक्चर-स्तर सहरहरू र एउटा क्षेत्र रहेका छन् । ल्हासा ती सहरहरूमध्ये एउटा हो र तिब्बत स्वायत्त क्षेत्रको सदरमुकाम केन्द्र पनि हो । यस सहरमा सामाजिक विकास, आर्थिक विकास र पर्यावरणीय संरक्षणको अस्थिति राम्रो हुँदै जान्छ । यो सहरभित्र तिब्बती बाहुल्य संस्कृति रहेको पाइन्छ । यहाँ लोकसाहित्यका विभन्न विधा उपविधामध्ये लोककथा सुन्ने सुनाउने परम्परा समृद्ध रहेको छ ।

ल्हासा सहर बाट जम्माजम्मी १४ ओटा लोककथाहरू सङ्कलन गरी तिनको वर्गीकरण गर्दा सांस्कृतिक-ऐतिहासिक लोककथाहरू, अर्तीउपदेशका लोककथाहरू, पशुपक्षीका लोककथाहरू, मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरू, दैवी लोककथा र धार्मिक लोककथा गरी जम्मा ६ प्रकारका लोककथाहरू रहेका छन् । सरल तथा रैखिक कथानकको बाहुल्य रहेका यी कथाहरूमा लोकजीवनका यथार्थपरक पात्रहरूको प्रयोग गरिएको देखिन्छ । लोककथामा अनुकुल हुने अभिप्रायको प्रयोगका दृष्टिले विश्लेषित लोककथाहरू अलि कमजोर भएको देखिन्छ । प्रायजसो लोककथामा लौकिक परिवेशको चित्रण गरिएको देखिन्छ भने आंशिक रूपमा अलौकिक परिवेशको चित्रण पनि गरिएको छ । मनोरञ्ज दिनु, नैतिक शिक्षा दिनु र लोकसंस्कृतिको संरक्षण गर्नु नै यी लोककथाको उद्देश्य रहेको छ । सरल, सहज र अनुसन्धान क्षेत्रमा प्रचलित स्थानीय तिब्बती भाषाको प्रभावयुक्त यी कथाको कथनशैली वर्णनात्मक नै रहेको देखिन्छ । ल्हासा सहरमा प्रचलित लोककथाहरूको अध्ययनबाट त्यहाँको पुरानो समाज, रीतिरिवाज तथा त्यसको विकास प्रक्रियाबारे थाहा पाउनका लागि यसले सहयोग गर्दछ । लोककथाको माध्यमबाट मनोरञ्जनका साथसाथै समाजलाई नैतिक र आदर्शतर्फ डोऱ्याउने गरेको यथार्थको जानकारी हुन्छ । ल्हासा लोकसाहित्यको अध्ययन अनुसन्धानमा लागेका र ल्हासाको लोकसाहित्यका क्षेत्रमा लागेका सम्पूर्ण अध्येताहरूको लागि पनि उपयोगी हुन्छ । समग्रमा तिब्बतको ल्हासा सहरका लोककथाहरूले त्यहाँको स्थानीय लोकजीवन, बोलीशैली, लोकसंस्कृति र लोक व्यवहारको प्रतिनिधित्व गर्न सक्षम भएको देखिन्छ ।

## ५.३ भावी शोधकार्यको लागि सम्भाव्य शोधशीर्षक

(क) ल्हासा सहरका लोककथाहरूको समाजिक अध्ययन ।

(ख) ल्हासा सहरका लोककथाहरूको सांस्कृतिक अध्ययन ।

# परिशिष्ट 'क'

## ल्हासा सहरमा प्रचलित लोककथाहरू (नेपाली अनुवाद)

### १. घिउ करको उन्मुलन

लामो समय पहिले, नेडोङ क्षेत्रका बासिन्दाहरूले अन्य ठाउँका मानिसहरूले जस्तै टाउकोको कपालभन्दा बढी चर्को कर र विविध करहरू तिर्नु परेको थियो जसमध्ये घिउ कर पनि एक हो । घिउ कर भनेको बासिन्दाहरूले गाईबस्तुबाट निचोरेको दूधलाई परिणत गरी घिउ बनाएर नेडोङ राजालाई बुझाउनुपर्थ्यो । निछ्युसाम्बु नामका एक युवाले करबाट मुक्त हुने उपाय खोज्ने विचार गर्यो । एक दिन, नेडोङ राजा छतमा हिंडिरहेका थिए । निछ्युसाम्बु वरिपरि पुगेर पुरानो जुत्ताको फेदको मर्मत गर्ने बहाना गर्न थाल्यो । त्यतिबेला एउटा सानो गधा दूध पिउन त्यसको आमाको मुनि आयो । निछ्युसाम्बुले त्यो देखेर कराउन थाल्यो, "सानो भिखारी फुन्टसोक, तँ कहाँ गएछस् ? मैले तँलाई सानो गधाको हेरचाह गरेर दूध पिउनबाट रोक्ने कुरा भनेको होइन ? यदि गधाले सबै दूध पियो भने हामीले राजालाई घिउ कर कसरी तिर्ने ?" उसले कराएको कुरा सुनेर नेडोङ राजा साह्रै रिसाए । उनले निछ्युसाम्बुलाई बोलाए भने, "तिमीले गधाको दूधबाट बनेको घिउ कर तिर्ने भनेको हो ?" निछ्युसाम्बु डराउँदै भन्यो, "हो, हो, हामीसँग याकको दूध छैन, त्यसैले हामीले यो दूधबाट घिउ बनाउने विकल्प छैन ।" नेडोङ राजाले रिसाउँदै सोधे, "गधाको घिउ खाएको मानिस मुर्ख बन्छ भन्ने थाहा छैन । ?" निछ्युसाम्बुले लाचार हुँदै भने, "अलि अलि सुनेको, यद्यपि यसबाहेको उपाय केही छैन ।" नेडोङ राजाले गाली गर्दै आदेश दिए, "हरामी ! छिट्टै गोदाममा गएर गधाको घिउ सबै फालिदे !" आदेश सुनेपछि निछ्युसाम्बुले हतार-हतार गरी गरिब गाउँलेहरूलाई गोदामको ढोकातिर आउने बोलाए र आफू ढोकाभित्र पसेर त्यहाँका सबै घिउ एक-एक गरी ढोकाबाहिर फाल्न थाल्यो । फ्याँक्दै जाँदा उसले भन्यो, "गधाको घिउ धेरै दिनसम्म राख्न सकिन्दैन । समय बित्दै पहेँलो भइहाल्छ । फ्याँकिदेऊ । फालिदेऊ ।" यसरी निछ्युसाम्बुले गोदाममा रहेको सबै घिउ गाउँका गरिब बासिन्दाहरूलाई बाँड्यो । त्यस घटनादेखि नेडोङ राजाले नेडोङ क्षेत्रबाट घिउको सङ्कलन गर्ने छोडे र घिउ करको उन्मुलन पनि भयो ।

**कथावाचकको नाम :** पुबु छिरिङ

**उमेर :** ५५ वर्ष

**ठेगाना :** ल्हासा सहर, छ्युश्युर काउन्टी

## २. तिब्बती नुहाउने पर्व

धेरै पहिले घाँसे मैदानमा एक जना प्रसिद्ध डाक्टर थिए उनको नाम युन्डन गोन्बु थियो । उनको चिकित्सा कौशल धेरै राम्रो भनिन्थ्यो । उनले सबै कठिन र जटिल रोगहरू निको पार्न सक्थे । तसर्थ, तिब्बतका राजा ट्रिसोङ डेत्सेनले उनलाई दरबारभित्रका राजा र राजाका उपपत्नीहरूको रोगको उपचारका लागि शाही डाक्टर बन्न आग्रह गरे । दरबारमा प्रवेश गरेपछि पनि उनले घाँसे मैदानमा रहेका बासिन्दाहरूलाई बिर्सन सक्दैनथे । दरबारभित्र काम नभएको बेलामा उनले समय मिलाएर बासिन्दाहरूको रोगको उपचारको लागि जडिबुटीको संकलन गर्न बाहिर टाढा टाढासम्म घुम्थे । एक वर्षमा भयानक महामारी फैलियो । धेरै गोठालाहरू रोगको कारणले ओछ्यानमा परे र कोहीले आफ्नो ज्यान गुमाए । युन्डन गोन्बुले गोठालाहरूको अवस्था थाहा पाएपछि बिरामी गोठालाहरूको उपचार गर्न घाँसे मैदानमा दौडे । उनले हिमाल, पहाड र जङ्गलबाट विभिन्न जडिबुटीहरूको सङ्कलन गरे । मृत्युको मुखमा पुगेका धेरै बिरामीहरू उनले बनाएको औषधि खाएपछि निको भए । त्यति बेलादेखि गोठालाहरूले उनलाई औषधि राजा मान्न थाले । दुर्भाग्यवश डाक्टर युन्डन गोन्बुको निधन भयो । उनको निधनपछि अर्को भयानक महामारीले घाँसे मैदानमा आक्रमण गर्यो जुन अघिल्लो भन्दा बढी गम्भीर थियो । धेरै मानिसहरू मरे र मरिरहेका गोठालाहरूले जमिनमा घुँडा टेकेर आकाशतिर प्रार्थना गर्न थाले । एक रात एउटी गम्भीर बिरामी भएकी महिलाले एउटा सपना देखी । सपनामा डाक्टर युन्डन गोन्बुले उसलाई भने, “भोलि राति जब दक्षिणपूर्वी आकाशमा चम्किलो तारा देखिन्छ तब तिमी जिछ्यु नदीमा जाऊ, त्यहाँ नुहाएपछि रोग निको हुन्छ ।” त्यो कुरा साँच्चो भयो र त्यो महिलाले नुहाएपछि उसको रोग तुरुन्तै हट्यो । पहेँलो र पातलो रोगी नुहाएपछि गुलाबी अनुहार भएको स्वस्थ व्यक्तिमा परिणत भयो । महिलाको अनुभव फैलिएपछि सबै बिरामीहरू जिछ्यु नदीमा नुहाउन आउन थाले । त्यस नदीमा नुहाएका सबै बिरामीहरू आ-आफ्ना रोगहरू निको भएर स्वस्थ अवस्थामा फर्किए । मानिसहरू भन्छन् कि यो अनौठो तारा नै डाक्टर युन्डन गोन्बुको अवतार हो । स्वर्गबाट उनले घाँसे मैदानका मानिसहरूलाई फेरि महामारीले आक्रमण गरेको देखे पनि मानिसहरूका रोगहरूको उपचार गर्न आफैं दुनियाँमा आउन नसकेकोले उनले आफूलाई एउटा चम्किलो तारा रुपान्तरण गरे र ताराको प्रकाशको प्रयोग गरी नदीभित्रको पानीलाई औषधि पानीमा परिवर्तन गरे । यस्तो औषधि पानीमा मानिसहरूलाई रोग निको पार्न नुहाउनू भनी बताए । स्वर्गका सम्राटले उनलाई सात दिन मात्र दिएका थिए त्यसैले त्यो चम्किलो विशेष तारा बर्षमा सात दिनसम्म मात्र देख्न सकिन्छ । त्यसैबेलादेखि तिब्बती जनताले यी सात दिनलाई नुहाउने पर्वको रूपमा तोकेका छन् । विभिन्न क्षेत्रका गोठालाहरू पनि प्रत्येक वर्ष यसै समयमा नुहाउन नजिकका नदीहरूमा जाने गर्छन् । भनिन्छ कि नुहाएपछि मानिस स्वस्थ, खुसी र रोगबाट मुक्त हुन्छ ।

**कथावाचकको नाम :** टाशी

**उमेर :** ५७ वर्ष

**ठेगाना :** ल्हासा सहर, छ्युश्युर काउन्टी

## ३. दयालु हुनुपर्छ

एका देशमा एउटा साधारण परिवार थियो जुन न धनी थियो न गरिब थियो । परिवारमा तीन जना छोरीहरू थिए र धेरै याक पनि पालन गरिन्थ्यो । यस परिवारकी वृद्ध आमाले आफ्ना तीन छोरीहरूलाई हरेक दिन छुट्टाछुट्टै याक चराउन दिन्थिन् । जेठी छोरी धूर्त थिई । ऊ कहिल्यै शिर झुकाउँदिनथी र कुनै दुख झेल्दिनथी । माहिली छोरी अरुको ईर्ष्या र शङ्का गर्ने मन पराउँथी र कहिल्यै पनि अलिकति दुख झेल्दिनथी । ऊ याक चराउँदाखेरि अरूका याक आफ्नै गाईवस्तुको ओडारमा राख्ने गर्थी । कान्छी छोरी भने उसकी दिदीहरूभन्दा पूर्ण विपरीत थिई । उसको स्वभाव कोमल, दयालु, सुन्दर र अरूलाई मद्दत गर्ने थियो । एक दिन, जेठी छोरी याक चराउन गई । राति उसले एक तिब्बती मास्टिफ (तिब्बती पठोरमा बस्ने अग्लो, बलियो र डर लाग्दो स्थानीय कुकुर) भेटी । तिब्बती मास्टिफले धेरै दिनदेखि खाएको थिएन । त्यसले जेठी छोरीलाई भन्यो, "मलाई एउटा त्साम्पा देऊ है पछि म तिमीलाई एउटा राम्रो कुरा भन्छु ।" तर जेठी छोरीले भनी, "मैले तिमीलाई किन दिनुपर्ने ? म आफैं खान पनि पुग्दैन कसरी तिमीलाई दिने ?" केही बेरपछि जेठो छोरीले भूत भेटी । भूतले उसलाई खायो । दोस्रो दिन आफ्नी जेठी छोरी नफर्केकोले उसलाई खोज्न आमाले माहिली छोरीलाई पठाइन् । माहिली छोरीले आफ्नी दिदीलाई खोज्न घाँसे पहाड चढेर मैदान पार गरी । रातमा त्यही तिब्बती मास्टिफलाई पनि भेटी । तिब्बती मास्टिफले फेरि भन्यो, "मलाई एउटा त्साम्पा देऊ है पछि म तिमीलाई एउटा राम्रो कुरा भन्छु ।" तर माहिली छोरीले पनि तिब्बती मास्टिफलाई त्साम्पा दिइन । उसले भनी, "म आफैंलाई खान पनि पुग्दैन किन तिमीलाई दिने ?" केही बेरपछि मध्यान्ह छोरीले त्साम्पा बनाउँदा भूतसँग भेट भयो । माहिली छोरीलाई पनि भूतले खायो । तेस्रो दिन आफ्नी जेठी छोरी र माहिली छोरी नफर्केकोले उनीहरूलाई खोज्न आमाले कान्छी छोरीलाई पठाइन् । कान्छी छोरी घाँसे मैदान र घाँसेका पहाडहरू पार गर्दै हिँडिरही । साँझमा उसले पनि त्यस तिब्बती मास्टिफलाई भेटी । तिब्बती मास्टिफले फेरि भन्यो, "मलाई एउटा त्साम्पा देऊ है पछि म तिमीलाई एउटा राम्रो कुरा भन्छु ।" कान्छी छोरी एकदम दयालु भएकोले आफूलाई त्साम्पा नपुगे पनि उसले आधा भाग त्यसलाई दिई । अचानक भूत फेरि देखा पऱ्यो । त्यस तिब्बती मास्टिफले छिटै कान्छी छोरीलाई भन्यो, "आकाशतिर हेर र चन्द्रमालाई भन -- मलाई छिटो बचाउनुहोस्, भूत आउँदैछ, मलाई छिटो बचाउनुहोस्, भूत आउँदैछ ।" कान्छी छोरीले आतंकित हुँदै चन्द्रमालाई भनी, "मलाई छिटो बचाउनुहोस्, भूत आउँदैछ, मलाई छिटो बचाउनुहोस्, भूत आउँदैछ ।" अप्रत्याशित रूपमा चन्द्रमाले एउटा लामो डोरी छोडिदियो । कान्छी छोरी छिटै डोरी समातेर माथितिर चढेर भागी ।

**कथावाचकको नाम :** छिवाङ

**उमेर :** ६७ वर्ष

**ठेगाना :** ल्हासा सहर, छ्युश्युर काउन्टी

## ४.  अगुदुन्बाको सम्पत्ति

एउटा गाउँमा अगुदुन्बा नामका एक चतुर काका थिए । गाउँका सबैजना कठिनाइ पर्दा उनीकहाँ जान्थे । एक दिन अगुदुन्बाकहाँ दुईचार जना गरिब गाउँलेहरू उनलाई भेट्न गए । तिनीहरूले भने, “काका, हाम्रो जीवन एकदम गाह्रो छ । तपाईं हामीलाई सुखमय जीवन खोज्न मद्दत गर्न सक्नुहुन्छ ?” अगुदुन्बाले केही बेर सोचेर भने, “ठीक छ, अब सबैजना मलाई पछ्याऊ ।” उनले तिनीहरूलाई जङ्गलमा लिएर वरपर खोजेपछि खोलाको छेउमा एउटा ठूलो जमिन भेट्टाए र भने, “मेरो यहाँ एउटा ठूलो सम्पत्ति छ, तर यति लामो समय भइसक्यो । त्यो त कहाँ राखियो भनेर मलाई याद छैन । खन्न सुरु गर, पत्ता लगाएमा म तिमीहरूलाई दिन्छु ।” त्यसपछि उनले थपे, “मसँग अन्य काम छ, तिमीहरू त्यो सम्पत्ति खोजेपछि मलाई बताए न ! “कुरा भनिसकेपछि अगुदुन्बा अर्कैतिर लागे । उनको कुरा सुनेर सबैजना उत्साहित भए र दिनरात चर्को घाममुनि र पिठ्युँमा पसिना लिएर खने । पूरै जमिन खन्ने काम लगभग भैसक्यो तापनि सम्मति भेटिएन । तिनीहरूले अगुदुन्बाकहाँ गएर सोधे, “काका, सम्पत्ति कहाँ रहेछ ? जमिन त लगभग पूरै खनिसक्यौं !” अगुदुन्बाले माटोमा हात हाली छोएर भने, “अझै उथलो रहेछ, धेरै गहिरोसम्म गाडिएको मेरो याद छ ।” उनको कुरा सुनेर गरिब गाउँलेहरूले खन्ने जारी राखे । तिनीहरूले खन्दा खन्दै झन्डै पानी पनि निस्कन थाल्यो । तिनीहरूले सम्पत्ति पाउनको लागि एक मिनेट पनि नरोकी पूरै जमिन खनिसके तापनि कुनै सम्पत्ति भेटिएन । अगुदुन्बाले चुपचापमा भुइँमा एउटा ढुङ्गा लुकाएर गाडे र कराए, “छिटो आऊ ! सम्पत्ति यहाँ रहेछ !” सबैजना आवाज सुनेर अगुदुन्बातिर हेर्न दौडिए र एउटा ठूलो ढुङ्गा मात्र देखे । तिनीहरूले अचम्म भएर सोधे, “काका, यो त ढुङ्गा मात्र हो नि, तपाईं किन यसलाई सम्पत्ति भन्नुभयो ?” अगुदुन्बाले भने, “त्यही नै हो, सहि हो । सबैले फेरि सोधे, “त्यसो भए अब खनेर के फाइदा छ ?” अगुदुन्बाले भने, “अब जमिनलाई पानी देऊ । पानी दिएपछि बिउ छर ।” अगुदुन्बाको कुरा सुनेपछि गरिब गाउँलेहरूले जमिनमा पानी खन्याए र बिउ छरे । केही समय बित्यो र शरद ऋतु आयो । जब सबैले धेरै अन्न पाए र जीवनको चिन्ता पनि गयो तब मात्र तिनीहरूले अचानक महसुस गरे कि काका अगुदुन्बाले सबैलाई सिकाएको कुरा के हो भने सबैले काम गर्नुपर्छ, परिश्रम गर्नुपर्छ र खेती गर्नुपर्छ । पछि अगुदुन्बाको शिक्षाको सम्झना गर्न किसानहरूले जोत्दा सधैं दुई चार ओटा ढुङ्गा लिएर खेतमा राख्थे । तिनीहरूले भन्थे, “यो अगुदुन्बाले दिएको सम्पत्ति हो । अनि यो राखेर अन्न प्रशस्त हुन्छ ।”

**कथावाचकको नाम :** छिसोङ

**उमेर :** ५९ वर्ष

**ठेगाना :** ल्हासा सहर, छ्युश्युर काउन्टी

## ५. सात ओटा गधा

धेरै पहिलेको कुरा थियो । एकजना युवकले अन्नको ढुवानी गर्न सात ओटा अन्न बोकेका गधा सहरमा लिएर गयो । काम सकिएर फर्किंदा उसले एउटा गधामा चढेर अरू ६ ओटा गधाको पछाडि घरतिर जान थाल्यो । अकस्मात् उसले सबै गधा आफूसँगै छन् कि भनेर गणना गर्ने विचार गर्यो । एक, दुई, तीन, चार, पाँच, छ ...... किन अझै एउटा पुग्दैन ? उसले फेरि अर्को पटक गणना गरे पनि अझै एउटाको अभाव रहेछ । उसले बारम्बार सोच्यो कि किन यस्तो भयो र कसरी एउटा हरायो । उसले आउने बाटोतिर फर्केर त्यो हराएको गधा खोज्न थाल्यो । त्यतिखेर विपरित तर्फबाट एक अधबैंसे किसान आयो । गधा चलाउने युवकले हतारमा उसलाई सोध्यो, “काका, मेरो एउटा गधा हराएको जस्तो लाग्यो । तपाईंले बाटोमा देख्नुभयो ?” किसानले भन्यो, “देखेको छैन ।” युवकले सास फेर्दै भन्यो, “ओहो, मैले एउटा गधा गुमाए !” किसानले सोध्यो, “तिमीसँग जम्मा कति गधा छन् ?” युवकले भन्यो, “सात, अब छ ओटा मात्रै रहेछन् !” किसानले पनि गन्ती गर्न थाल्यो । गन्ती गरिसकेपछि उसले गधा चलाउने युवकलाई सोध्यो, के तिमीले चढेकोवाला गन्ती गरिसकेको कि ?” युवकले अचानक महसुस गर्यो, “हैन, मैले बिर्सिएँ ! अब पुग्छ ! ठिक भयो !” किसानले भन्यो, “युवा, तिमीले आफ्नो काममा होसियार हुनुपर्छ ! अबदेखि गधामा चढ्दै गधा खोज्ने काम नगर्नू है !” युवक चुपचाप भई टाउको हल्लायो ।

**कथावाचकको नाम :** छितन

**उमेर :** ७० वर्ष

**ठेगाना :** ल्हासा सहर, छ्युश्युर काउन्टी

## ६. घोडाको उधारो

एउटै गाउँमा दुईजना छिमेकी थिए । एउटाको नाम जियाङला र अर्कोको नाम जिला थियो । जियाङला गरिब, पातलो तर चलाख थियो भने जिला धनी, मोटो तर मूर्ख थियो । जियाङला माटोको झुपडीमा बस्थ्यो भने जिला तिब्बती शैलीको ठूलो घरमा बस्थ्यो । जिला दिनभरि नराम्रो विचारहरू सोच्थ्यो, तर हरेक पटक जियाङलाबाट पराजित हुन्थ्यो । साँच्चै कुरा के हो भने यता गाईको गोबर लिन नसकेको, त्यता टोकरी पनि हराएको । एक दिन जियाङला र जिला सहर जाँदा सामान किनेर घरतिर फर्किरहेका थिए । जिला मोटो र अल्छी भएर हिँड्दा हिँड्दै गुनासो गरिरहन्थ्यो । अन्त्यमा सडकको छेउमा बस्न थाल्यो र आफूलाई बोक्ने कोही नभएमा हिँड्न छोड्ने भन्यो । जियाङला अगाडि हेरेर अचानक चिच्याए, “जिला, छिटो आऊ ! अगाडि गाउँमा मेरो छोरो छ । म छोरोबाट तिम्रो लागि एउटा घोडा उधारो लिन्छु है !” जिला तुरुन्तै भुइँबाट उठ्यो र जियाङलासँग अगाडिको गाउँतिर हतारमा हिँड्यो । उनीहरू तीन ओटा गल्लीहरू भएर एक अग्लो र बलियो पुरुष देखे । जियाङला ठूलो स्वरले करायो, “मेरो प्यारो छोरा, मलाई एउटा घोडाको उधारो दिनू है !” त्यो पुरुषले जियाङलालाई चिन्दैन । आफूलाई छोरा भनेर बोलाएको सुनेर ऊ एकदम रिसाउँदै पूरै शरीर काँप्यो । उसले आफ्नो नितम्ब मुनिको प्याड निकाल्यो र तिनीहरूलाई खेद्यो । जियाङलाले तुरुन्तै जिलालाई समातेर करायो, “छिटै भाग्नू ! भाग्नू ! मेरो छोरो पागल भएछ ! यदि उसले हामीलाई समात्यो भने चाँडै मरिन्छ !” आफ्नो ज्यान जोगाउन जिलाले दुवै हातले आफ्नो टाउको समाएर जियाङलाको पछि घरतिर छिटै दौड्न थाले । धेरै बेरपछि उनीहरू आफ्नो गाउँमा पुगे । घर फर्केपछि जिलाले घ्वारघ्वार गर्दै गुनासो गर्यो, “जियाङला, तिमीले घोडा उधारो लिने भनेको हैन ? तर घोडा नपाएर मैले झन्डै ज्यान गुमाइसकें !” जियाङलाले मुस्कुराउँदै भन्यो, “त्यो पुरुषले समातेको प्याड त मैले उधारो लिएको घोडा हो नि ! यसबिना तिमी कसरी यति छिटो फर्कन सक्यौ ?”

**कथावाचकको नाम :** छिरिङ झ्युजोङ

**उमेर :** ६० वर्ष

**ठेगाना :** ल्हासा सहर, लिन्झाउ काउन्टी

## ७. दुइटा साथी र सुन

कुनै समयको कुरा थियो । एउटा गाउँ थियो जहाँ दुईजना युवा थिए । एकजनाको नाम रेजी र अर्कोको नाम जेहान थियो । दुई जनाले सानैदेखि सँगै दाउरा काट्ने गरेका थिए । दुःखमा पर्दा सधैं एकअर्कालाई सहयोग गर्थे । एक दिन, तिनीहरूले काठ काट्दै गर्दा एउटा सानो माटोको भाँडा भेट्टाए । त्यसमा सुन भरिएको थियो । रेजीले भन्यो, "साथी, ती सुन हामी आधा आधा गरी बाँडौं ।" जेहानले भने सुन देख्दै उसको मनमा स्वार्थ उठ्यो र भन्यो, "भाइ, अहिले त्यस्तो नगर्ने ! हामीलाई थाहा छैन कि यो देवताले राखेको हो वा शैतानले लुकाएको हो । अब केही दिन हेर्नका लागि म त्यो सुन घरमा लिएर राख्छु । केही दिनपछि तिमी मेरो घरमा छ्याङ (रक्सी) पिउन आउँदा हामी सुन बाँडौंला ।" रेजीले सहमति जनायो र तिनीहरू दाउरा बोकेर आआफ्ना घरतिर फर्के । जेहान घर पुगेपछि एउटा बक्समा सुन राखी ताला लगाउनका साथै गाढा पहेँलो सडेको काठका केही टुक्रा ल्याएर माटोको भाँडोमा हाल्यो । तीन दिनपछि रेजी खुसी हुँदै सुन बाँड्न जेहानको घरमा पुग्यो । उसले जेहान उदास भएर घरको मैदानमा बसिरेको देखेर सोध्यो, "साथी, तिम्रो माथिल्लो तलामा कुनै बिरामी छैन र तल्लो तलामा मरेको जनावर पनि छैन । तिमी किन यहाँ निराश भएर बस्यौ" जेहानले सास फेर्दै भन्यो, "भाइ, मलाई केही कुरा भन्नु छ तर सहज लागेन ।" रेजीले भन्यो, "भन्नू न ! हामी सानैदेखि एकअर्कालाई चिनेका साथी हौँ । जे कुरा भन्न मन लाग्छ भन त !" जेहानले निराश भएर भन्यो, "अस्ति जङ्गलमा हामीले भेटेको माटोको भाँडा याद गर्यौ ? त्यसमा रहेको सुन सडेका काठ बन्यो । सुन कतै गएको थाहा थिएन ।" रेजीले मनमनै सोच्यो, "साँच्चो सुन तीन दिनपछि कसरी सडेको काठ बनेको ? यो त धेरै अनौठो छ !" उसले त्यसको बारेमा बिस्तृत कुरा खोज्न जेहानलाई सोध्ने थियो तर अलि सोचेर मुस्कुराउँदै भन्यो, "ए, त्यस्तो रहेछ । ल ! त्यसलाई छाडिदेऔं । अब छ्याङ (रक्सी) पिऔं ।"

जब रेजी घर फर्क्यो जति धेरै सोचे त्यति नै आफूलाई मूर्ख बनाएको महसुस भयो । त्यसपछि उसले जेहानलाई पाठ सिकाउन एउटा विचार निकाल्यो । एक दिन रेजी एक्लै जंगलमा गएर दुईओटा साना बाँदर समात्यो । उसले जेहानका दुई छोराको नामबाट ती बाँदरहरूको नाम राख्योः जेठोलाई डौवा र कान्छीलाई डौभियोङ भनिन्थ्यो । हरेक दिन उसले फुर्सदमा बाँदरहरूलाई टम्बलिंग गर्ने र खेल खेल्ने तालिम दिन्यो । अन्त्यतः बाँदरहरू राम्रोसँग सिकिसके । उसले तिनीहरूलाई पालनपोषणको लागि आफन्तको घरमा पठायो । केही दिनपछि रेजीले जेहानलाई आफ्नो घरमा छ्याङ (रक्सी) पिउन बोलायो । टेबुलमा रेजीले मुस्कुराउँदै भन्यो, "साथी, हेर ! मेरो घरमा हालैको खाना कत्ति राम्रो छ ! गाईले बाछो जन्म दिई प्रशस्त पाइनुसका साथै श्यो (दही) र दूध अवशेष पनि थुप्रै छन् । तिम्रा दुई छोरालाई खेल्न र मीठो खाना खान यहाँ दुई चार दिन लैजानू न ।" जेहान तुरुन्तै सहमत भयो र मनमनै सोच्योः सुन पनि मेरोमा छ र उसले मेरा बच्चाहरूलाई मीठो खाना खुवाउने निम्तो पनि दियो । रेजीले सुनको कुरा याद नगरेको रहेछ । भगवान्लाई धन्यवाद ! भोलिपल्ट जेहानले आफ्ना दुई छोरालाई रेजीको घरमा पठायो । रेजीले चुपचाप गरी

बच्चाहरूलाई मध्यरातमा उपत्यकामा बस्ने आफन्तहरूकहाँ पठायो र एकै समयमा दुई साना बाँदरहरूलाई लिएर घरमा राख्यो ।

तीन दिनपछि जेहान खुसी हुँदै आफ्नो बच्चालाई लिन रेजीको घरमा आयो । उसले रेजी उदास भएर घरको मैदानमा बसिरेको देखेर सोध्यो, "साथी, तिम्रो माथिल्लो तलामा कुनै बिरामी छैन र तल्लो तलामा मरेको जनावर पनि छैन । तिमी किन यहाँ निराश भएर बस्यौ ?" रेजीले सास फेर्दै भन्यो, "दाइ, मलाई केही कुरा भन्नु छ तर सहज लागेन ।" जेहानले भन्यो, "भन्नू न ! हामी सानैदेखि दाजुभाइ जस्तै साथी हौँ । जे कुरा भन्न मन लाग्छ भन त !" रेजीले दुःखी हुँदै भन्यो, "मेरो साथी, कस्तो दुर्भाग्य ! तिम्रा दुई छोराहरू बाँदर बनेका छन् ।" जेहान स्तब्ध भएर भन्यो, "यो असम्भव छ !" रेजीले भन्यो, "त्यो त सत्य कुरा हो । आफ्नै आँखाले देखेपछि थाहा पाइन्छ ।" भनेपछि उसले "डौवा, यता आइज् !" बोल्ने बित्तिकै एउटा सानो बाँदर झ्यालबाट पल्टियो । रेजीले भन्यो, "डौवा, आफ्नो बुबालाई छ्याङ (रक्सी) खन्या र टम्बलिंग खेल् !" सानो बाँदरले आज्ञाकारी भई जेहानलाई छ्याङ (रक्सी) खन्यायो र टम्बलिंग पनि गऱ्यो । रेजीले फेरि "डौझियोङ, यता आइज !" बोल्ने बित्तिकै अर्को सानो बाँदर झ्यालमा चढ्यो । रेजीले बाँदरको टाउको छोएर भन्यो, "डौझियोङ, आफ्नो बुबालाई चिया खन्या र नाच् !" सानो बाँदरले आज्ञाकारी भई जेहानलाई चिया खन्यायो र नाच्न पनि थाल्यो । यस्तो दृश्य देखेर जेहानको हृदय यति दुखेको थियो । ऊ लगभग बेहोश भयो । उसले आफूलाई भन्यो, "भगवान् ! मान्छे कसरी बाँदर बनेको ? रेजीले हतारमा थप्यो, "हो नि ! सुन कसरी काठ बनेको ?" जेडानले आफ्नो गल्ती बुझ्यो र तुरुन्तै घरबाट सुन निकालेर आधा रेजीलाई दियो । रेजीले पनि जेडानका दुई छोरा डौवा र डौझियोङलाई आफन्तको घरबाट फिर्ता लिएर जेहानको घरमा पठायो । यो घटना पछि दुवैले साथीप्रति वफादार हुनुपर्छ भन्ने बुझे र तिनीहरू फेरि साथी भए ।

**कथावाचकको नाम :** फुन्टसोक

**उमेर :** ६५ वर्ष

**ठेगाना :** ल्हासा सहर, लिन्झाउ काउन्टी

## ८. हात्ती र बाँदर

एकादेशमा एक हात्ती र एक बाँदर थिए । तिनीहरू असल साथीहरू भएर एकजुट र मिलनसार थिए । तिनीहरू जहिले पनि एकअर्कालाई मद्दत गर्थे । एक दिन हात्ती र बाँदर टाढासम्म जान सँगै निस्किए । तीनओटा पहाड चढी तीनओटा घाँसे मैदान भएर अगाडि एउटा ठूलो खोला भेटियो जसले बाटो अवरुद्ध गर्यो । त्यहाँ न त डुङ्गा थियो, न पुल थियो । बाँदर होचो थियो र पौडिन पनि सक्दैनथ्यो । बाँदर निराश भएर किनारमा बस्यो । हात्ती नजिक आयो र बाँदरलाई सोध्यो, “ए बाँदर भाइ ! तिमी किन दुखी जस्तो देखियौ ?” बाँदरले भन्यो, “यति ठूलो खोलाले बाटो रोकेको र पुल पनि नभएकोले अब अगाडि कसरी जाने ?” हात्तीले हाँस्दै भन्यो, “ओहो, यस्तो चिन्ता रहेछ । केही फरक पर्दैन, तिमी मेरो पिठ्युँमा चढ, म तिमीलाई त्यहाँ लैजान्छु !” बाँदरले खुसीसाथ हात्तीको पिठ्युँमा हाम्फालेर सहजै नदी पार गर्यो । खोला पार गरेपछि तिनीहरु अगाडि बढे । गर्मी ऋतुमा आकाशमा घाम चर्किरहेको थियो, हात्ती र बाँदर हिँड्दा पसिनाले ढाकिएका थिए । तिनीहरूले पिउन पानी पनि खोज्न सकेनन् । क्रमशः तिनीहरूले थुप्रा अग्ला स्याउका रूखहरू भेटे । ती रूखमा राता र ठूला स्याउहरू झुण्डिएको थिए । हात्तीले स्याउ हेरेर खान साह्रै मन परायो तर रूख धेरै अग्लो भएकोले उ चढ्न नसकेर रुखमुनि बसेर सास फेर्ने बाध्य भयो । यतिखेर बाँदर आएर सोध्यो, “ए हात्ती दाइ, तिमी किन दुखी जस्तो देखियौ ?” हात्तीले भन्यो, “म मीठो स्याउहरू देख्न सक्छु तर टिप्न सक्दिनँ ।” बाँदरले भन्यो, “ए, यस्तो चिन्ता रहेछ ! केही फरक पर्दैन, म तिम्रो लागि टिपेर ल्याउँछु ।” त्यसपछि बाँदरले स्याउको रूखमा चढ्यो र धेरै स्याउहरू टिपेर हात्तीलाई दियो । हात्तीले खुसीसँग मीठो स्याउ खायो । बाटोमा सँधै एकजुट भएर एकअर्कालाई सहयोग गर्ने भएकाले विभिन्न अप्ठ्यारा पर्दा पनि अन्त्यतः सहज रूपमा बाँदर र हात्ती गन्तव्यमा पुगे ।

**कथावाचकको नाम :** धोन्डुप

**उमेर :** ६५ वर्ष

**ठेगाना :** ल्हासा सहर, लिन्झाउ काउन्टी

## ९. बाँदरबाट मानव

धेरै पहिले, जब संसारमा मानिसहरू थिएनन्, एउटा बाँदर एक चट्टान केटीसँग बस्दथ्यो । समय बित्दै तिनीहरूले छ ओटा साना बाँदरहरूको जन्म दिए । त्यसछि बूढो बाँदरले तिनीहरूलाई जङ्गलमा बस्न पठाए जहाँ धेरै फलहरू थिए । केही वर्षपछि बूढो बाँदर आफ्ना बच्चाहरूलाई हेर्न जङ्गलमा गयो । जङ्गलमा जाँदा चार पाँच सय बाँदरहरू देख्यो जुन सबै उसका सन्तानका सन्तानहरू रहेछन् । पर्याप्त खाने कुरा नहुँदा ती सयौं बाँदरहरू आपसमा झगडा र लडाइँ गरे । कसैको कान काटिएको, कसैको अनुहार कुचिएको, कसैको हात भाँचिएको हुँदा तिनीहरू अलमलमा परे । बूढो बाँदर आएको देखेर तिनीहरूले उसलाई घेरेर धेरै भोक लागेको भन्दै खाना माग्न थाले । बूढो बाँदरले तिनीहरुलाई भोकै परेको देखेर दयालु भई तिनीहरुलाई बालीनाली फलेको एउटा पाखोमा लगेर गयो । त्यसपछि त्यो बूढो बाँदरले पाखोमा रहेको अन्न औंल्याउँदै साना बाँदरहरुलाई भन्यो, "हेर, ती पाखोमा भएका अन्नहरू पनि खाने कुरा हो । तिमीहरू अबदेखि यस प्रकारको खाने कुरा खान सुरु गर है ।" त्यसपछि बाँदरहरूले दाना खान थाले । तिनीहरूको कपाल बिस्तारै छोटो भयो र पुच्छर पनि गायब भयो । तिनीहरू बोल्न पनि सिक्न थाले र क्रमश: मानव बने ।

**कथावाचकको नाम :** देचेन

**उमेर :** ६५ वर्ष

**ठेगाना :** ल्हासा सहर, लिन्झाउ काउन्टी

## १०. अगुदुन्बा र मालिकको थाल

एकादेशमा अगुदुन्बा नामका एकजना युवक थियो, ऊ निकै चतुर थियो । तर उसले जतिसुकै कडा परिश्रम गरे पनि उसको मालिकले व्यक्तिगत रूपमा उसको प्रशंसा गरेको थिएन । यसरी दिनदीनै मालिकले मीठो खाना खान्थ्यो तर अगुदुन्बाको खाना त नरम थियो । एक दिउँसो मालिक केही दिनको लागि व्यापार यात्रामा जानु थियो । जानुअघि उसले अगुदुन्बालाई बैठक कोठाको टेबुलमा स्वादिष्ट खानाले भरिएको थाल राख्नू आदेश गर्यो र बारम्बार अगुदुन्बालाई भन्यो, "तैंले त्यस थालमा रहेको त्साम्पा खान सक्दैनस् । यदि तैंले यो त्साम्पा लुकाएर खाइस् भने तँ तुरुन्तै मर्न सक्छस् । यसबाहेक, तैंले त्यो थालमा रहेको अण्डा छुन पनि सक्दैनस्, किनकि त्यो थालमा धेरै चल्लाहरू पनि छन् । यदि तैंले थालको ढक्कन खोलिस् भने ती चल्लाहरू तुरुन्तै उडेर जानेछन् ।" बारम्बार चेतावनी गरेपछि मालिक बाहिर गयो । मालिक घरबाट निस्किने बित्तिकै अगुदुन्बाले पहिलो थालमा भरिएका सबै त्साम्पा खायो र त्यसपछि अर्को थालमा भएका अण्डा पनि खाइसक्यो । केही दिनपछि मालिक घर फर्कियो । थालको ढक्कन खोल्दा दुवै थाल खाली रहेको देखेर अगुदुन्बालाई रिसाउँदै सोध्यो, "त्साम्पा र अण्डा खै त ?" अगुदुन्बाले मालिकलाई दयालु हुँदै भन्यो, "आज बिहान थालीमा चल्लाहरू चिच्याइरहेका थिए, त्यसैले मैले नजिकबाट हेर्नको लागि ढक्कन खोलें । अप्रत्याशित रूपमा मैले ढक्कन खोल्ने बित्तिकै चल्लाहरू यताउता उडेर गए । त्यस दृश्य हेर्दा म नर्भस र डराएको थिएँ । मलाई अक्षम्य अपराधको दोषी महसुस भयो । हताश भएर मैले त्यो थालमा रहेको त्साम्पा खाएर आत्महत्या गर्न खोजें । अरे ! तर दुर्भाग्य रहेछ, म अझै जिउँदै छु ।" अगुदुन्बाको व्याख्या सुनेर मालिक निःशब्द थियो ।

**कथावाचकको नाम :** जियाङयाङ वाङ्मो

**उमेर :** ४६ वर्ष

**ठेगाना :** ल्हासा सहर, लिन्झाउ काउन्टी

## ११. सुन र नुन

धेरै पहिलेको कुरा थियो । एकै गाउँमा एक वृद्ध दम्पती बस्थे । उनीहरूको छिमेकी एक भिक्षु थियो । एक दिन भिक्षुले अर्को ठाउँमा तीर्थयात्रा गर्न जान चाह्यो तर यात्रा पूरा गर्न धेरै समय लाग्ने थियो । उसले आफ्नो सुन साथमा लैजान अप्ठ्यारो महसुस गर्यो र घरमा छाड्न पनि असुरक्षित हुने लाग्यो । त्यसैले उसले बारम्बार सोच्दै छिमेकी बुढा दम्पतीको घरमा राख्नु सबैभन्दा सुरक्षित हुन्छ भन्ने निर्णय गरे । त्यसैले उसले झोलामा सुन राख्यो र वृद्ध दम्पतीको घरमा आएर भन्यो, "यहाँ मेरो नुनको झोला छ । कृपया यो झोला मेरो लागि राखिदिनुहोला । म एक वर्षपछि फर्किंदा यो झोला लिन आउँछु ।" वृद्ध दम्पतीले ठीक छ भने र झोला आफ्नो घरमा राखे । केही महिना पछि, वृद्ध दम्पतीको घरमा नुन सकियो अनि समयमा नुन किन्न पनि सकेनन् । उनीहरूले पहिले यहाँ भिक्षुले राखेको नुनको प्रयोग गर्ने र पछि नुन किनेर झोलामा भर्ने छलफल गरे । झोला खोल्दा सुन भेटियो, वृद्ध दम्पती छक्क परे । यस समयमा उनीहरूको दिमागमा केही कुविचार उठ्यो । उनीहरुले झोलामा रहेको सुन बेचे र दैनिक अत्यावश्यक सामग्री किनेर झोलामा नुन भरेर नखोलेको जस्तै अलमारीमा राखे । एक वर्ष पछि, भिक्षु आफ्नो तीर्थयात्राबाट फर्क्यो र छिमेकीको घरमा आफूको झोला फिर्ता लिन गयो । वृद्ध दम्पतीले झोला निकालेर भने, "हाम्रो घरमा राखेको नुन यहाँ छ, कृपया राख्नुहोस् ।" भिक्षुले वृद्ध दम्पतीलाई धन्यवाद दिएपछि आफ्नो झोला लिएर घर लगे । घर पुगेपछि उसले झोला खोलेर नुनले भरिएको देख्यो र झन्डै बेहोस भयो । भिक्षु अफसोस हुँदै छिमेकीको घरमा फेरि गयो र वृद्ध दम्पतीलाई देखेर भने, "हजुरमा, हजुरबुवा ! मैले तपाईंहरूको घरमा राखेको झोलामा सुन थियो, त्यसबेला मैले सत्य बोल्ने हिम्मत गरिनँ । कृपया मलाई मेरो सुन फिर्ता दिनुहोस् ।" वृद्ध दम्पतीले रिसाएको नाटक गरे र भने, "हामीले तिम्रो लागि झोलाको हेरचाह गरेका छौं । तापनि धन्यवाद नभएर तिमीले हामीलाई फसाउन खोज्यौ !" त्यसपछि तिनीहरूले भिक्षुलाई ढोकाबाट बाहिर निकाले ।

भिक्षुलाई धेरै रिस उठ्यो तापनि विकल्प थिएन । उसले सरकारी कार्यालयमा काम गर्ने अगुदुन्बाबाट मद्दत लिने खोज्यो । भिक्षुको कुरा सुनेर अगुदुन्बाले वृद्ध जोडी र भिक्षु दुवैलाई प्रश्न सोध्न बोलाए । वृद्ध दम्पतीले आफूमाथि अन्याय भएको दाबी गरे । भिक्षुले बारम्बार आफ्नो झोलामा सुन रहेको कुरामा जोड दिँदा त्यसबेला छिमेकीलाई विश्वास नगरेको कारणले सत्य बोल्ने हिम्मत गरिनँ भन्ने व्याख्या गर्यो । अगुदुन्बाले तुरुन्तै मुद्दाको फैसला गर्न नसक्दा दुवैलाई भने, "तिमीहरू अब घर जाऊ । भोलि मुद्दा लगातार चलाइनेछ ।" भोलिपल्ट अगुदुन्बाले सबैको आगमन भएपछि वृद्ध जोडी र भिक्षुलाई भने, "आज तिमीहरू दुवैले छुटाछुटै गरी यी दुइटा काठको बक्स दुइटा फरक दिशामा रहेका प्यागोडातिर लैजानू अनि प्यागोडा घेरेपछि फर्केर आउँदा हामी मुद्दा हल गर्नेछौं ।" यसरी भिक्षुलाई पश्चिममा रहेको प्यागोडातिर काठको बक्स बोकेर जानू भनियो र वृद्ध दम्पतीलाई उत्तरमा रहेको प्यागोडातिर काठको बक्स बोकेर जानू भनियो । भिक्षुले काठको बाकस बोकेर प्यागोडा घेर्दै मनभित्रबाट दुःखी महसुस गर्यो । उसले मनमनै भन्यो, "यो त धेरै अन्याय रहेछ । वृद्ध दम्पतीले मेरो सुन पाएको मात्र होइन उनीहरू दुईजनाका लागि एउटा मात्र काठको

बक्स बोक्नुपर्ने रहेछ । मेरो त आफ्नो सुन पनि हराएको छ र एकलै उस्तै भारी बक्स पनि बोक्नुपर्ने रहेछ ।" बुढा दम्पतीले भने पालैपालो गरी काठको बक्स बोकेर पागोडाको वरिपरि हिँडे । जब तिनीहरू आराम गरिरहेका थिए तब बूढोले बूढीलाई भने, "जबसम्म हामी झोलामा सुन थिएन भनेर जिद्धी गर्छौं, अगुदुन्बाले हामीलाई केही पनि गर्न सक्दैन । अब हेरौं ।" वृद्ध दम्पती सन्तुष्टिसँग हाँस्न थाले । केही बेर भएर वृद्ध दम्पतीले प्यागोडा घेरेपछि काठको बक्स बोक्दै अगुदुन्बाकहाँ आइपुगे । केही समयपछि भिक्षु पनि फर्कियो । उनीहरू फर्केका देखेर सबै मान्छेको अगाडि अगुदुन्बाले दुईओटा काठको बक्स खोले । खोल्ने वित्तिकै सबैले ती दुईओटा काठको बक्समा मान्छे बसेको देखेपछि सबै छक्क परे । अगुदुन्बाले काठको बक्समा भएका मान्छेलाई सबैको अगाडि बाटोमा सुनेको सबै कुरा एक शब्द पनि नछाडी भन्न लगाए । बक्समा बसेका दुईजना मान्छेले भर्खरै सुनेको सबै कुरा सबैको अगाडि भनेपछि सत्य स्वाभाविक रूपमा बाहिर आयो । सत्य स्पष्ट भएपछि अगुदुन्बाले भिक्षुको सुन फिर्ता गर्न वृद्ध दम्पतीलाई तीन वर्ष दिए । वृद्ध दम्पतीले अनिच्छुक भए पनि अगुदुन्बाको आदेश माने ।

**कथावाचकको नाम :** साम्बु

**उमेर :** ६४ वर्ष

**ठेगाना :** ल्हासा सहर, डाङ्सुङ् काउन्टी

## १२. याक जमिनमा छिर्‍यो

कुनै गाउँमा एकजना मालिक थियो । उससँग अनगिन्ती गाईवस्तु, भेडाहरू र जमिनको विशाल भूभागहरू थिए । तर उसको लोभ झन् बढ्दै गयो । संसारका सबै गाईवस्तु, भेडाहरू र जमिन उसको होस् भनी उसले चाहन्थ्यो । वरपरका सबै गाउँलेहरूले उसलाई घृणा गर्थे । एक दिन केही नजिक गरिब साथीहरू अगुदुन्बाको घरमा आए । गफ गर्दा सबै साथीहरूले अगुदुन्बालाई याकको मासु खान मन लागेको कुरा बताए । केही बेर सोचेपछि अगुदुन्बाले साथीहरूलाई भन्यो, “ल, ठीक छ ! आज राति सबैको इच्छा पूरा गर्न सक्छु, सबैलाई याकको मासु खुवाउँछु ।” तर साथीहरू सबैलाई थाहा थियो कि अगुदुन्बासँग न गाईवस्तु छ न पैसा छ । त्यसैले उनीहरूले सोधे, “याकको मासु कहाँ पाऔं त ?” अगुदुन्बाले ढुक्क भएर भन्यो, “चिन्ता गर्नुपर्दैन ! मेरो आफ्नै उपाय छ ।” अगुदुन्बा दौडेर मालिकको घरमा पुग्यो र उसलाई भन्यो, “मालिकज्यू, म हजुरबाट एउटा याक उधारो लिन यहाँ आएको छु ।” मालिक अहंकारले अगुदुन्बालाई सोध्यो, “केको लागि याक उधारो गर्छस् ? तैंले भाडा तिर्नुपर्छ ।” अगुदुन्बाले भन्यो, “भाडा तिर्नु त अवश्य नै हो । हजुरको नियमअनुसार मैले तिर्छु । मालिकले जारी राख्दै भन्यो, “अहिले नियमअनुसार मात्र हुँदैन । अहिले त खेतीपातीको व्यस्त बेला हो । सबैले गाईवस्तुको प्रयोग गर्नुपर्छ, त्यसैले भाडा दोब्बर हुन्छ !” अगुदुन्बाले जवाफ दियो, “ल हुन्छ, कुनै समस्या छैन, दोब्बर पनि हुन्छ ।” लोभी मालिकले दोब्बर पनि हुन्छ भन्ने सुनेर सहजै खुसीसँग राजी भयो । मालिकले “ठीक छ, अब तँ आफैले मेरो गोठमा गएर एक याक डोर्‍याउन सक्छस्” भन्यो । अगुदुन्बाले मालिकको गोठमा गएर एउटा ठूलो र मोटो याक छानेर आफ्नो घरतिर याक डोर्‍याउँदै हिंड्यो । तर धेरै टाढा नगइकन ऊ मालिकको घरमा फर्किए र मालिकलाई भन्यो, “मालिक, हजुरको याक डोर्‍याउन अलि गाह्रो लागेछ । जब मैले त्यो याक खेतको छेउको बाटोमा डोर्‍याउँदै थिएँ तब त्यसले जमिनमा छिर्न खोजिरहन्छ ।” अगुदुन्बाको कुरा सुनेर मालिकले ठूलो स्वरले उनलाई गाली गर्न थाल्यो, “कत्ति बकवास ! याक आफैं जमिनमा छिर्न खोज्छ भन्ने मैले कहिल्यै सुनेको छैनँ ।” अगुदुन्बाले असहज भएको नाटक गर्दै भन्यो, “साँच्चै रहेछ, हजुर, म कहिल्यै झुट बोल्दिनँ ।” मालिकले भन्यो, “बाहिर जा ! त्यो साँचो हो भने म त्यो याक छाडिदिन्छु ।” अगुदुन्बाले मालिकको कुरा सुनेपछि उनसँग थप कुरा गर्न छोड्यो र याक डोर्‍याउँदै छिट्टै घरतिर गयो ।

घर पुग्ने बित्तिकै सबै साथीलाई मिलेर याक काट्ने आदेश दियो । त्यो रात, गरिब साथीहरूलाई मीठो मासु खुवाउनका साथै छिमेकीहरूले स्वादिष्ट मासु खान सकून् भनेर उसले छिमेकी परिवारहरूलाई पनि याकको मासु बाँडिदियो । भोलिपल्ट अगुदुन्बा त्यस याकको पुच्छर लिएर खेतमा हिँड्यो । टाढैबाट मालिक पनि यतातिर हिंडिरहेका देखेर अगुदुन्बाले त्यस पुच्छरको एउटा छेउ जमिनमा हालेर अर्को छेउ आफ्नो हातमा राख्यो । उसले त्यो पुच्छर बलियोसँग समातेर कडासँग तान्ने नाटक गर्दै यतातिर हिंडिरहेका मालिकलाई करायो, “भयानक भयो ! हजुरको याक जमिनमा पसेको छ । छिटो आउनुहोस् र सँगै तान्नौं न ।” मालिकले आफ्नो याक जमिनमा पसेको सुनेर अगुदुन्बातिर हतारमा दौड्दै पुग्यो र सँगै तान्ने तयार गर्‍यो । तर उसको हातले त्यो पुच्छर

छुने बित्तिकै अगुदुन्बाले त्यो पुच्छर जमिनबाट निकालिसक्यो । याकको पुच्छर जमिनबाट देखा पर्ने बित्तिकै अगुदुन्बाले धेरै बल लगाएर पछाडि झुकेको नाटक गर्यो र मालिक पनि भुइँमा लड्यो । अगुदुन्बा बिस्तारै बिस्तारै खेतदेखि उठेर लुगामा लागेको माटो झार्दै मालिकलाई भन्यो, “औहो ! तान्दातान्दै याकको पुच्छर काटियो । मैले हजुरलाई पहिला त यो याक डोऱ्याउन गाह्रो लागेछ भनेर भनेको थिएँ । आज हजुरले पनि देखेर थाहा पाउनुभयो त्यो त सत्य कुरा हो ।” मालिक पक्षाघात भएजस्तो खेतमा बस्दा उठ्ने शक्ति पनि भएन । धेरै समयपछि मात्र बिस्तारै उभियो । मालिक लोभलाग्दो आँखाले त्यस याकको पुच्छर हेर्दै निराश भएर रुन थाल्यो ।

**कथावाचकको नाम :** पासाङ

**उमेर :** ४८ वर्ष

**ठेगाना :** ल्हासा सहर, डाङ्सुङ् काउन्टी

## १३. आकाशबाट सुन पाउने

धेरै पहिले एकै गाउँमा एउटा गरिब परिवार थियो । यस परिवारमा चार जना थिए : आमा र तीन जना बच्चा । आमाले मालिकको घरमा पुलु (तिब्बतीहरूले हातले बनाएको ऊनी कपडा हो जसबाट लुगा, ओछ्यान कम्बल आदि बनाउन सकिन्छ ।) बनाउँथिन् भने उनका बच्चाहरूले मालिकको घरमा नोकरको रूपमा घरायसी काम गर्थे । केटाकेटीहरूले भेडा चराउने र मालिकको घरमा घरायसी काम गर्थे तर तिनीहरूले कहिल्यै भेडाको मासु खान पाउँदैनथे । तिनीहरू प्रायः चिसो, कुटपिट र गालीमा पर्थे । छोराछोरीसँग न खाना थियो न लत्ताकपडा थियो । घर फर्केपछि आमालाई घेरेर खाना र लुगा माग्थे । आमाले पनि सुन्दर र बलियो पुलुका हजारौं बन्डलहरू बुनेकी भए पनि उनले कहिल्यै नयाँ पुलुको लुगा लगाएकी थिइनन् । छोराछोरी रोएको आवाज सुनेर आमालाई झनै दुःख लाग्यो । एक दिन आमा पुलु बुन्न मालिकको घरमा गइरहएकी थिइन् । एक्कासी बाटोमा आँधी उड्यो । बलियो हावाले आमालाई आकाशमा उडाएर सुन्दर पहाडमा पठायो । हरियो भरिएको यो पहाड निकै सुन्दर थियो र यस पहाडमा क्यामेलियस, अजालिया र गलसाङका विभिन्न रंगका फूलहरू थिए । चराहरू पनि उडेर गाउँदै गइरहेका थिए । त्यतिखेर सेतो दाह्री भएको एक जना दयालु बुढा पहाडमा आए । बुढाले आमालाई देखेर सोधे, “तिमी यहाँ कसरी आएको ?” आमाले भनिन्, “हावाले मलाई यहाँ ल्यायो ।” बुढाले भने, “मैले बुझें, तिम्रो जीवन कस्तो रहेछ ?” आमाले भनिन्, “हजुर, हाम्रो जीवन एकदम दुःखी छ । मेरा तीन जना छोराछोरीसँग न खाना छ न लुगा छ र तिनीहरू यति चिसो मौसममा खाली खुट्टामा उभिन्छन् !” बुढाले सुनेपछि भने, “कति दुःखी रहेछ, अब म तिमीलाई मद्दत गर्छु ।” उनले आफ्नो हात हावामा फैलाएर हातमा सुनको टुक्रा देखा पर्‍यो । बूढाले भने, “यो सुनको टुक्रा तिम्रो लागि हो । अब, यो लिएर फर्केर जाऊ है !” भनेपछि हावाले आमालाई घर फर्काइयो । घरमा सुनको साथ उनको जीवन दिन प्रति दिन राम्रो हुँदै थियो । मालिकले आमाको जीवनको सुधार भएको देखेर सोधपुछ गर्न आयो । आमाले बुढासँ भएको भेटको बारेमा मालिकलाई बताइन् । भोलिपल्ट, लोभी मालिकले दासको लुगा लगाएर आमा हिँडेको बाटोमा हिँडिरहेको थियो । यसै समयमा बलियो बतासले मालिकलाई आकाशतिर उडायो । मालिकले खुसी हुँदै सोच्यो कि यसपटक म धेरै सुन ल्याउनेछु र झन् बढी जग्गा दासहरू किन्नेछु ... अकस्मात सेतो दाह्री भएको बुढा देखा पर्‍यो । बुढाले मालिकलाई कुनै प्रश्न नसोधिकन सिधै उसलाई भने, “तिमी कति लोभी रहेछौ, तिमीलाई सजाय हुनुपर्छ !” भनेपछि बुढाले मालिकको टाउकोमा लट्ठीले पिटे । मालिकले लट्ठी खाएपछि आकाशबाट खस्यो र समुद्रमा डुब्यो । लोभी स्वामीले सुन नपाएर माछाको पेटमा मर्ने बाध्यतामा पर्‍यो । गरिब आमाले सेतो दाह्री भएको बुढाको सहयोग पाएपछि उनी झन् लगनशील भइन् र उनको जीवन बिस्तारै धनी हुँदै गयो ।

**कथावाचकको नाम :** नोर्बु छिरिङ

**उमेर :** ६३ वर्ष

**ठेगाना :** ल्हासा सहर, डाङ्सुङ् काउन्टी

## १४. चोङ्साई काङ बजारमा स्त्री भूत

धेरै पहिले एक सानो जवान भिक्षु आफ्नो गुरुसँग ल्हासाको सेरा गुम्बामा धार्मिक अध्ययन गर्न बस्थे । एक दिन बिहान गुरुले जवान भिक्षुलाई चोङ्साई काङ बजार गएर मासु किन्ने भने । जानुअघि गुरुले जवान भिक्षुलाई त्याहाँ बजारमा जति दिन्छ त्यति मात्र किनेर लिने र थप कुरा नगर्ने जस्तो चेतावनी दिए । जवान भिक्षु हतारमा चोङ्साई काङ बजार गएर सीधै मासु पसलअगाडि पुग्यो । मासु बेच्ने साहुनीले मासु तौलिएपछि भिक्षुलाई दिई । मासु पाएपछि जवान भिक्षुलाई तौल कम भएको लाग्यो । त्यसैले उसले साहुनीलाई मासु थप्ने बारम्बार भन्यो । त्यसपछि मासु बेच्ने साहुनीले उसलाई मासुका केही टुक्राहरू दिई । सानो भिक्षुले सोच्यो कि मैले यस पटक यति धेरै मासु पाएकोले गुरू धेरै खुसी हुनुहुन्छ होला । सेरा गुम्बामा फर्केर उसले चोङ साइकाङमा मासु किन्दा के भएको थियो भनेर गुरुलाई खुसीसाथ बतायो । सानो भिक्षुको कुरा सुनेपछि गुरुले सोधे, “ओहो, मैले तिमीलाई दिएका निर्देशनअनुसार गरेको हैन ?” सानो भिक्षुले जवाफ दियो, “हो नि, मैले तपाईले दिएका निर्देशनअनुसार गरें । तर चोङ्साई काङ बजार पुग्दा सुरुमा मासु बेच्ने महिलाले मलाई दिएको मासुको तौल नपुगेको महसुस गर्दा मैले उसलाई केही थप्नू भनें ।” गुरुले भिक्षुले ल्याएको मासु ध्यान दिएर हेरे र सोधे, “तिमीले यति धेरै कुरा गरेको रहेछ । त्यो त बेठिक भयो । तिम्रो हात देखाऊ त ! ।” सानो भिक्षुलाई अनौठो लाग्दा गुरुलाई आफ्नो हात देखायो । उसको हातको हत्केलामा एउटा नयाँ निशान देखियो । गुरुले भारी सास फेरेर भने, “यो एक दुष्ट स्त्री भूतको चिन्ह हो । जसलाई सागाबमु भनिन्छ । त्यसको अर्थ भनेको के हो भने आज राति तिमी ती दुष्ट स्त्री भूतहरूको खाना बन्ने छौ ।” गुरुको व्याख्या सुनेर सानो भिक्षुलाई साह्रो डर लाग्यो । उसलाई थाहा थियो कि सागाबमु भूतहरूको पर्यायवाची हो । तिनीहरू दिनमा सामान्य महिलाहरू जस्तै बाहिर निस्कन्छिन् भने रातमा तिनीहरू मान्छे खाने स्त्री भूत बन्छिन् । त्यसैगरी उसले आफ्नो गुरुलाई उपाय खोज्ने अनुरोध गर्यो । गुरुले भने, “तिमीलाई बचाउनको लागि यसपटक मैले भनेजस्तै गर्नुपर्छ ।” सानो भिक्षु तुरुन्तै सहमत भएर गुरुले भने, “अब तुरुन्तै ल्हासा गएर रामोचे मन्दिरको छेउमा पुगी त्यहाँ एउटा सानो पालमा बस्ने र भीख माग्ने ८० वर्षकी बूढी भिखारीलाई भेट्नू । उनलाई अलिकति त्साम्पा दिनू, अलिकति घिउ हाल्नू र उनको पालमा एक रात बस्ने अवसर माग्नू । यदि उनी सहमत भएमा तिमीलाई बचाउन सकिन्छ । नत्रभने जोखाङ मन्दिरमा बुद्धको काखमा लुकेर बस्दा पनि कसैले पनि तिमीलाई बचाउन सकिन्दैन ।”

सानो भिक्षु छिटो बाहिर निस्कियो र अन्त्यतः साँझमा बूढी भिखारी को पाल भेट्यो । सानो भिक्षु पालमा पस्नेबित्तिकै बूढीलाई भन्यो, “दिदी, म टाढाबाट यहाँ भएर जाँदैछु । के म तपाईंको पालमा एक राति बस्न सक्छु ?” बूढीले उसलाई बेवास्ता गरिन् । सानो भिक्षुले फेरि सोधेपनि बूढी अझै बोलिनन् । रात परेको देखेर सानो भिक्षु चिन्तित भएर डर लाग्दा रुन थाल्यो । गुरुले भनेका कुरा उसले बिर्सिएन र रुँदा रुँदै उसले त्साम्पा र घिउ मिसाएर टुक्रा टुक्रा पारेर बूढीलाई दियो । अन्त्यतः बूढीले त्साम्पा लिइन् र लामो सास फेर्दै सानो भिक्षुलाई आफ्नो पालभित्रको ठूलो भाँडोमा लुक्न भनी । बूढीले सास फेर्नका लागि भाँडोमाथि दुईओटा प्वालहरू खोलिन् र सानो भिक्षुलाई भित्रै

राखी ताला लगाइन् । वास्तवमा यो बूढी भिखारी पनि एउटा सागबमु मात्र नभई सबैभन्दा शक्तिशाली पनि थिई । भाग्यले सानो भिक्षुले गुरुले भनेको निर्देशन जस्तै गरेकोले आफू अन्त्यमा मरेन । त्यस बूढी भिखारी (सागबमु) ले उसको रक्षा गरेकी रहेछ । भोलिपल्ट बिहान सानो भिक्षु निस्किएपछि बूढी भिखारीले भनिन् कि बुद्ध धर्मको जप गर्ने अभ्यासले गर्दा आफूमा करुणाको भाव भएको छ र यही करुणाले तिमीलाई बचायो ......

**कथावाचकको नाम :** पेमा युजेन

**उमेर :** ६१ वर्ष

**ठेगाना :** ल्हासा सहर, डाङ्सुङ् काउन्टी

# परिशिष्ट 'ख'

## ल्हासा सहरमा प्रचलित लोककथाहरू (चिनियाँ लिपिबद्ध)

### 1. 废除酥油税

很久以前，乃东地区的百姓和其他地方的百姓一样，需要缴纳比头发还多的苛捐杂税，其中有一种叫酥油税。酥油税指的是，老百姓要把从牲口挤出来的牛奶，统统搅成酥油，献给乃东王。

有一个叫尼曲桑布的年轻人想出了一个免税的办法。有一天，乃东王正在屋顶散步，尼曲桑布来到他散步的地方，假装正在补破旧的鞋底。这时，一匹小驴爬到母驴下面喝奶。尼曲桑布大喊道，“平措，你这个小乞丐去哪儿了？不是跟你说好要看着小驴不让它喝奶吗？小驴喝光了奶，我们怎么给国王交税？”乃东王听到后这话后非常气愤，把尼曲桑布叫到面前对他说道，“你说用毛驴的奶搅成的酥油交税？”尼曲桑布怀着恐惧的心情说，“是，是的，因为我们根本没有牦牛的奶，没有别的办法，只好用这样的奶做酥油。”乃东国王很生气地问说，“你不知道吃了驴的酥油人会变笨吗？”尼曲桑布无奈地说到，“知道，但一点办法也没有。”乃东王愤怒地骂道，“你这个混蛋！赶紧去库房，把你们交的驴的酥油都扔出去。”尼曲桑布听到命令后赶快叫了一些穷村民来到库房门口，自己则进到库房里，把酥油一个一个地扔到库房门口。他边扔边说，“驴奶酥油放不长，时间长了就变黄，扔了吧，扔了吧！”就这样，尼曲桑布将仓库里的酥油都分给了村里的贫民。

从此，乃东王便不再向乃东地区征收酥油，酥油税也被废除了。

讲述者：普布次仁

年龄：55岁

地点：拉萨市，曲水县

2. 藏族沐浴节

很久以前，草原上出了一个很有名的医生，他的名字叫云旦贡布。他的医术十分高明，什么疑难杂症都能治。因此藏王赤松德赞请他去做御医，专门给藏王和妃子们治病。但是，他进宫以后，心中仍旧忘不了草原上的百姓。他经常借外出采药的功夫，给百姓治病。有一年，可怕的瘟疫流行，许多牧民卧床不起，有的被夺去了生命。这时，云旦贡布跑到草原上为患病的牧民们治病。他从雪山和森林里采来各种药物，许多濒临死亡的病人吃了药以后恢复了健康，因此牧民们称呼他为药王。不幸的是云旦贡布医生去世了。他去世以后，草原上又遭到了可怕的瘟疫，比前一次更严重，许多人死了。生命垂危的牧民只好跪在地上，向苍天祈祷。

一天晚上，一个被病魔缠身的妇女做了一个梦，梦中云旦贡布医生对她说，“明天晚上，当东南天空出现一颗明亮的星星的时候，你可以下到吉曲河里去洗澡，洗澡以后病就会好起来。”果然，这个妇女在吉曲河中洗澡以后，疾病立刻消除了。一个又黄又瘦的病人，在洗澡以后变成了一个红光满面的健康人。这件事传开后，所有的病人都来到河中洗澡。凡是在吉曲河洗过澡的病人，都消除了疾病，恢复了健康。人们说，这颗奇特的星星就是云旦贡布医生变的。他在天国看到草原人民又遭受瘟疫袭击，又不能亲自来到人间来给人民治病，于是把自己化作一颗星星，借星光把河水变成药水，让人们在河水中洗澡来消除疾病。因为天帝只给了他七天的时间，所以这颗星星也只出现七天。从此，藏族人民就把这七天定为沐浴节，各地的牧民们，每年到了这个时候都到附近的河水里洗澡。据说洗澡以后，人们就变得健康愉快，不生疾病。

讲述者：扎西

年龄：57岁

地点：拉萨市，曲水县

3. 善为先

从前，有一户既不富裕，也不算贫穷的普通家庭。家里有三个女儿，有很多牦牛。这家的老母亲每天都让这三个女儿分别去放牦牛。大女儿生性奸诈狡猾从不低头，也不吃一丁点的亏；二女儿喜欢嫉妒，爱怀疑别人，也从来都不吃一丁点的亏，有时候还会在放牛的时候，把其他人的牛也放到自己家的牛圈里；小女儿则完全相反，性情温和，乐于帮助别人，长的也最好看。

一天到了大女儿去放牛。晚上她遇到了一个藏獒，那个藏獒几天都没有吃过饭。藏獒就对她说："给我一个糌粑，我给你讲个好话。"但是大女儿说："我凭什么要给你，我自己都不够吃，为什么要给你呢？"然后过了一会儿，大女儿遇到了一个鬼，就这样被鬼吃了。

到了第二天，老母亲看大女儿还没回来，就让二女儿去找大女儿。于是二女儿就一直爬过草山，越过草原去找大姐，到了晚上遇到了同样的藏獒，藏獒又说："给我一个糌粑，我给你讲个好话。"但是二女儿也没有给藏獒糌粑，她说："我自己都吃不饱，为什么还要给你呢？"于是二女儿在揉糌粑的时候，刚好碰到了鬼，二女儿也被鬼吃了。

到了第三天，老母亲又让小女儿去找她的姐姐们，她就一直走一直走，翻过草山，越过草原。到了晚上也遇到了藏獒，藏獒对她说："给我一个糌粑，我给你讲个好话。"小女儿生性善良，即使自己吃不饱也把糌粑揉成了两坨，给了藏獒一个。突然那个鬼又出现了，可是藏獒却突然对小女儿说："你快对着月亮说，'快救救我，鬼来了！快救救我，鬼来了！'"小女儿慌慌张张地对着月亮讲："快救救我，鬼来了！快救救我，鬼来了！"意想不到的是，月亮既然放出了一个绳子，小女儿顺利爬上绳子，逃过了一劫。

讲述者：次旺

年龄：67岁

地点：拉萨市，曲水县

## 4. 阿古顿巴的宝物

在一个村里，有一个聪明的叔叔叫阿古顿巴，大家遇到困难事情就会去找他。

有一天，许多穷哥儿们去找阿古顿巴。他们说："叔叔，我们的生活太困难了，你能帮我们想点办法吗？阿古顿巴低头想了想说："好，大家跟我来。"他把众人领到野外，四处寻觅后，在河边找到了一大块土地，说："我有个大宝物埋在这里，但时间太久了，记不得当时埋在哪里。你们开始挖吧，挖出来就送给你们。"随后他又加了一句："我还有别的事，你们挖出来后告诉我一声。"说完阿古顿巴就到别处去了。

大家听到这话都起了干劲儿，顶着烈日，汗流浃背，没日没夜地挖着。眼看要把这片地挖完了，还不见宝物的影子。他们找来了阿古顿巴问："宝物在哪里呀？顿巴叔叔，地快挖遍了！"阿古顿巴把手插进土里摸了摸说："还浅呢，我记得当初埋得很深。"穷兄弟们又继续挖起来了，他们挖啊挖，快挖出水来了，还是一个劲地挖，非找到宝物不可。过了几天，地全挖完了，还是没有找到宝物。这时阿古顿巴却悄悄地把一块石头埋在地当中，大声喊："快来！宝物在这里！"大家闻声跑过来一看，是一块大石头，惊奇地问："顿巴叔叔，这是石头啊，你怎么说它是宝物？"阿古顿巴说："就是它了，没错的。"大家又问："那挖完现在有什么用呢？"阿古顿巴说："用水浇地吧，浇过了把种子撒下去。"

穷哥们儿听了阿古顿巴的话，浇了水，撒了种子。到了丰收的秋天，大家得到了许多粮食，生活不愁了，这时才恍然大悟：顿巴叔叔的意思是叫大家劳动、种地。以后，为了纪念阿古顿巴的教导，农民们在耕地时总要拿几块石头放在田地当中，说这是阿古顿巴送的宝物，有了它就能丰收。

讲述者：次松

年龄：59岁

地点：拉萨市，曲水县

## 5.　七头毛驴

从前，有一个小伙子赶着七头毛驴进城送粮食。回来的时候，他自己骑上一头毛驴，其余的赶着走。忽然他想数数毛驴够不够，一、二、三、四、五、六，怎么还差一头呢？再数一遍，还是差一头。他翻来复去地想：怎么会掉一头呢？于是，掉过头，沿途寻找。这时，对面来了一个中年农民，赶毛驴的小伙子问：

“叔叔，我刚才丢了一头毛驴，您在路上看到没有？”

农民说：“没看见。”

赶驴的小伙子叹了一口气：“唉，弄丢了一头毛驴！”

农民问：“你一共有几头毛驴？”

小伙子说：“七头，现在可只有六头啦！”

农民也数了数，数完后问赶驴的小伙子：“你骑的这头算了没有？”

小伙子恍然大悟地说：“没有，我给忘了！现在够啦！够啦！”

农民说：“小伙子，做事要细心呵！以后，别骑着毛驴找毛驴阿！”

小伙子默默无言，只是点头。

讲述者：次旦

年龄：70岁

地点：拉萨市，曲水县

## 6. 借马

从前在一个村里，有两个邻居，一个叫江拉，一个叫结拉。江拉很穷、很瘦但很聪明，而结拉则很富、很胖但很笨。江拉住在泥土小屋里的，他的邻居结拉则住在一个藏式大房子里。结拉整天琢磨坏主意，不过，每一次都被败给江拉。真是：这边的牛粪没拣着，那边的筐子也丢了。

有一天，江拉和结拉去城里买完东西往回走。结拉又胖又懒，边走边叫苦，最后干脆躺在路边上不走了，说没人背着就不走了。

江拉朝前看了看，突然大声叫道："结拉，快走！前面村子里有我的儿子，我帮你借匹马去！结拉赶快从地上爬起来，急忙跟江拉进了村。他们穿过三条小巷，看见一个身高体壮的汉子。江拉高声城道："好儿子，快借我一匹马！"

那大汉根本不认识江拉，又听见他叫自己儿子，气得全身发抖，抽出屁股底下的垫板，朝他们追打过来。

江拉连忙抓住结拉，大声喊："快跑！快跑！儿子疯了！要是被他赶上就没命了！"

结拉为了保命，双手抱住脑袋，跟着江拉使劲儿往家跑，跑了好久跑回了自己的村庄。

回到家后，结拉喘着气，埋怨道："江拉，你说借马！结果马没有借到，命差一点丢了！"
江拉笑着说："那大汉拿着的垫板，就是我借的马呀！没有它，你能这么快回来吗？"

讲述者：次仁曲宗

年龄：60岁

地点：拉萨市，林周县

7. 两个朋友分金子

从前有个村子，村里有两个年轻人，一个叫热吉，一个叫泽罕，两个人从小就一起砍柴，遇到难处总是相互帮助，跟亲兄弟一样亲。

有一天，他们砍柴的时候，捡到一小罐金子。热吉说：“朋友，咱俩分了吧，一人一半。”泽罕看见金子，肚子里起了私心，说：“兄弟，不行呀！这东西不知道是神仙放的还是魔鬼藏的，要不我把它先带回家放几天观察一下。过几天你来我家喝酒，到时候再把金子分了怎么样？”热吉同意了，于是两个人背着柴火各自回家去了。泽罕一回到家就金子锁进箱子里，弄来几块深黄色的烂木头塞进陶罐里。

三天以后，热吉高高兴兴地赶来分金子，看见泽罕愁眉苦脸地坐在门口。热吉说：“朋友，你楼上没有病人，楼下没有死牲口，坐在这里发什么愁？”泽罕叹了口气说：“兄弟，我有句话，实在说不出口。”热吉说：“咳，咱俩从小就是好朋友，有话就直说吧！”泽罕忸怩了一阵，开口说道：“前几天，咱俩发现的那罐子里面的金子变成了一堆烂木头，金子不知道跑到哪儿去了。”

热吉心里想：“明明是金子，怎么过了三天就成了烂木头，太奇怪了！”他本来准备找泽罕评评理，后来一转念也就算了，笑着说：“既然是这样，就当没有这样一回事吧！来，咱俩还是喝酒吧！”

热吉回到家里，越想越觉得自己上了当，便想了一个主意准备给泽罕上一课。

有一天，他独自跑进大森林，逮来两只小猴子。他用泽罕的两个儿子的名字给猴子起了名字：大的叫多瓦，小的叫多琼。每天只要有空，他便训练猴子翻跟斗、做游戏。终于猴子训练好了，他便把猴子送到亲戚家寄养。

过了一段时间，热吉请泽罕来家里喝酒。酒桌上热吉笑嘻嘻地说：“朋友，你看，最近我家里吃的多好！奶牛生了小牛，牛奶随便喝，还有酸奶、奶渣，你那两个孩子，让他来玩几天吧！”泽罕连忙满口答应，心里想着：我独占了金子，他还邀请我孩子来玩，谢天谢地，热吉什么也没有发觉啊！

第二天，泽罕便把他的两个儿子送到热吉家，热吉半夜悄悄地把两个孩子送到山谷的亲戚家，同时又把那两只小猴子接回来。

过了几天，泽罕高高兴兴地来接自己的孩子，看见热吉愁眉苦脸地坐在门口。泽罕说：“兄弟，你家楼上没有病人，楼下没有死牲口，坐在这里发什么愁？”热吉叹了一口气说：“朋友，我有句话，实在说不出口！”泽罕说：“咳！咱俩跟兄弟一样，有话就直说吧！”热吉难过地说：“朋友，真是不幸啊！你的两个儿子变成了猴子了！”

泽罕大吃一惊，连声说：“这不可能！”

热吉说：“怎么不可能，你亲眼看看就知道了！”他喊了一声：“多瓦，你过来吧！”说完，一只小猴子从窗户里翻过来。热吉说：“多瓦，给你阿爸倒酒，再要个把戏！”小猴子乖乖地给泽罕倒酒，还翻了几个跟斗。

热吉又叫：“多琼，你过来吧！”又一只小猴翻过窗户。热吉拍了拍猴子的头说：“多琼，给你阿爸倒茶，再跳个舞吧！”小猴子倒了茶，又跳起可笑的舞蹈。

这下，泽罕心痛得快要昏倒了。他自言自语地说：“天呀！人怎么会变成猴子呢？”热吉连忙接过话头：“是呀！金子怎么会变成木头呢？”

泽当知道了自己的过错，连忙从家中把金子拿出来分给了吉热一半，吉热从山谷里把多瓦和多琼接了回来，送到了泽罕家里。

经过这件事后，两人懂得了对朋友要忠诚，于是他们又成了朋友。

讲述者：平措

年龄：65岁

地点：拉萨市，林周县

## 8. 大象和猴子

从前有一只大象和一只猴子，它们俩是一对好朋友，团结友爱，互相帮助。

有一天，大象和猴子一起外出，它们翻过了三座大山，走过了三个草原，这时道路被一条大河拦住，但没有小船也没有桥。猴子的个儿矮，不会游泳，坐在岸边发愁。大象走过来问他：“猴弟弟，你为什么不高兴阿？”

猴子说：“这么大的河挡住去路，又没有桥，怎么过得去阿？”

大象哈哈地笑起来说：“呵，你原来为这发愁！不要紧，你骑在我的背上，我背你过去！”

猴子高兴地跳到大象的背上，平平稳稳地过了河。

过河后，它们又继续往前走。这时正是夏天，烈日当头，大象和猴子走得满身是汗，又找不到水喝。恰好遇到一片苹果林，高大的苹果树上面挂满了又红又大的苹果。大象看着苹果口水直流，但因为爬不上去只好唉声叹气地坐在树下。这时猴子走了过来问道：“象大哥，你为什么不高兴呀？”

大象说：“唉，没办法，看得见苹果，但摘不下来！”

猴子说：“呵，原来为了这个！没关系，我去摘。”说完他爬上苹果树，摘下了一大堆苹果，大象吃的很开心。

由于它们一路上一直团结互助，克服了途中遇到的各种困难，最后顺利地到达了目的的。

讲述者：顿珠

年龄：65岁

地点：拉萨市，林周县

9.　　**猴子变人**

很久以前世界上还没有人，有一只猴子与一个岩女同居，它们生下了六只小猴子，老猴子便把它们送到果实多的树林中去生活。

过了一些年，老猴子到深山中去看它的孩子们。当它到林中时发现居然有四五百只猴子在那边，这些都是它的孩子们繁衍的后代。因为没有足够的食物，这些猴子们相互争夺、厮打，有的被揪掉了耳朵，有的被抓坏了脸，有的被坏破了手臂，乱成一团。它们看到老猴子来了，便围着老猴子叫着要吃的，说都饿得不行了。

老猴子不忍心看它们挨饿便带着它们来到一个长着谷物的山坡上，随后老猴子指着山坡上的谷物对小猴子们说："你们看，那些山坡上的谷物就是吃的，你们以后就开始吃这种东西吧。"从此，猴子就开始吃谷物，身上的毛也逐渐变短了，尾巴也慢慢消失了，又学会了说话，变成了人。

讲述者：德庆

年龄：65岁

地点：拉萨市，林周县

## 10.　阿古顿巴和老爷的盘子

在一个村庄里有一个年轻人叫阿古顿巴，他是一个非常聪明的人，但即便他平时再怎么认真工作，老爷都从没有亲口夸赞过他。这样日复一日，老爷每天吃着美味佳肴，而阿古顿巴的饭菜却淡而无味。

有一天下午老爷因为生意上的事情要出几天差，走之前他让阿古顿巴把盘子里装满美食放在客厅桌子上，并对阿古顿巴再三吩咐，“盘子里的糌粑你不能吃，如果你偷吃了这个糌粑的话，你立马会死去。另外那个盘子里的鸡蛋你也不能碰，因为那个盘子里还有很多小鸡，如果你打开盘盖，那些小鸡将立马飞出去。”这样再三叮嘱后老爷才出门。

老爷刚一出门，阿古顿巴先把盘子里的糌粑都吃光了，随后把另外盘子里的鸡蛋也吃完了。过几天老爷回到了家，打开盘盖一看发现两个盘子都是空空的，便大发雷霆地问阿古顿巴，“糌粑和鸡蛋都去哪儿了？”阿古顿巴可怜巴巴地对老爷说，“早上盘子里的小鸡一直叽叽喳喳叫个不停，我便打开盘盖看了个究竟，不料盘盖一打开小鸡们便飞得无影无踪，当时我是既紧张又害怕。我就觉得自己罪不可赦，情急之下我就想吃了那盘糌粑自尽算了，唉！但是好可惜，我还是没死了。”听完这番话老爷哑口无言。

讲述者：江央旺姆

年龄：46岁

地点：拉萨市，林周县

## 11.  金子和盐

从前，村里住着一对老两口，他们的邻居是一位僧人。有一天僧人想去别的地方朝圣，但需要很长一段时间，觉得自己的金子带在身上不方便，放在家里又不放心，他想了又想，还是觉得存放在邻居老夫妇家里最稳妥，于是把金子放进一个袋子里，来到老夫妇家说："这有一袋盐，请您俩替我保管，一年后我回来取。"老夫妇表示没问题，便把袋子放了下来。

过了几个月后，老夫妇家的盐用完了，一时半会儿也买不到盐，他俩商量先垫用僧人放在这里的的盐，等以后买到盐后再补上。他们打开袋子一看发现是金子，老两口感到很惊讶。这时候他们的心中有了一些歪想法。他们把袋子里的金子给卖掉，买了一些急需的生活用品后，再往袋子里装满了盐后重新放在柜子里。

一年后，僧人朝圣完回来了，便来到邻居家取回自己存放的袋子。老两口拿出袋子说："您在我们家存放的盐在这里，请您收好。"僧人谢过老两口后便拿着袋子回家了。到了家里打开袋子一看，发现里面装的是盐，他差点昏了过去。僧人很懊悔地来到邻居家，见到老夫妇说："老人家，我寄存在你们家里的袋子里装的是金子，当时我没敢说实话，求你们还给我的金子"。老夫妇装作很生气的样子说："我们帮你保管了你的东西，不说谢谢也罢了，还被你诬陷！"说着把僧人赶出了门外。

僧人感到非常生气却又无可奈何，只好求救在衙门里当差的阿古登巴，希望得到他的帮助。阿古登巴把老夫妇和僧人叫到跟前问话。老夫妇一口咬定他们被冤枉了。僧人再三强调袋子里装的是金子，当时因为不信任邻居所以就没敢说实话。阿古登巴无法立马断案，就说："此案明天继续审。"让他们各自回去了。第二天，阿古登巴等所有人到齐后说："你们两家先背着木箱去转佛塔，回来我们再断案"。就这样他让僧人背着木箱转城西的佛塔，让老两口背着木箱转城北的佛塔。僧人背着木箱转佛塔从心底里感到很委屈，自言自语地说，"这太不公平了，老夫妇不仅到了金子，他们两人还只背一个木箱。而我不但失去了金子，还要一个人来背了这么重的箱子"。老夫妇轮流背着木箱转佛塔，休息的时候，老头儿对老太婆说："只要我们死不承认袋子里是金子，我看阿古登巴怎么办。"说完两人得意地笑了。老夫妇背着木箱转完佛塔先到了阿古登巴跟前。过了一会，僧人也回来了。双方到齐后，阿古登巴打开了两个木箱，这时候大家才发现两个木箱里都装了人，大家都惊呆了。阿古登巴要求木箱里的人当着大家的面，把刚才听到的话一字不落的说一遍。两人把刚才听到的话都说出来后真相大白。阿古登巴限定三年内让老夫妇把僧人的金子还清。老夫妇也不得不答应还回僧人的金子。

讲述者：桑布

年龄：64岁

地点：拉萨市，当雄县

## 12. 牛钻地

从前有一个村子里有一个领主。他有无数只牛羊和成片的土地，但他的贪心越来越大，恨不得天下所有的牛羊和土地都归他才好，周围的老百姓对他恨之入骨。一天，跟阿古顿巴非常要好的一群穷哥们儿来到他家里，大家聊着聊着都向他诉说着一个心愿想吃顿牛肉，阿古顿巴稍加思索后，就对他的朋友们说：“好吧！今天晚上我来做东为大家解解馋，咱们就来痛痛快快的吃顿牛肉。”但是朋友们都知道阿古顿巴既没有牛，也没有钱，于是就问他：“去哪里弄牛肉呢？”阿古顿巴说，：“放心吧！我自有办法。”阿古顿巴十分肯定的说。阿古顿巴跑到领主家，对领主说：“姥爷，我来向您借头牛。”
于是领主傲慢的问道：“借牛干什么，你得付租钱，阿古顿巴说道：“那当然的，一定按照您的规矩付钱。”领主接着说道了：“按照规矩不行，现在正是农忙季节，大家都要用牛，租钱得加倍！”阿古顿巴回道：“没问题，加倍就加倍！”
这个贪心的领主听说加倍，当然也就欣然同意了。领主说到：“那行，你自己去牵头牛吧”

阿古顿巴走进领主的牛栏，挑了一头又大又肥的牦牛，牵着往回走。但是他没走多远就折回领主家，对领主说：“老爷，我发现您这头牛有些不老实，刚才我牵着它走在路边，它却一个劲要往地下钻。”没等说完，领主就开口大骂一顿：“胡说八道，没听说过牛还会往地下钻！”阿古顿巴回道：“真的！老爷，我绝不撒谎。”阿古顿巴故作不安的分辨道。老爷接着说：“去你的吧！要是真的我就当做没有它。”阿古顿巴听领主这么一说，就不跟他啰嗦了，赶着牛很快的跑回家来，一到家，他就吩咐众人一起动手把牛给宰了。这天晚上他除了殷勤的款待了来客之外，还把剩下的牛肉，每家三斤五斤的分给邻居，让大家都美美的饱餐一顿。第二天，阿古顿巴带了一条牛尾巴走到地里，正好看见那位领主也远远的向这边走来，阿古顿巴把牛尾巴的一端栽到地里，另一端却用双手紧紧的抓住，装作用力拉的样子，并且朝着领主一声接着一声喊道：“不得了了，不得了了，您的牛钻进地里去了，快来拉吧！。”领主一听自己的牛钻进地里去了，急忙飞奔过来，助阿古顿巴一臂之力。他刚刚上手还没有用力拉，阿古顿巴就已经把牛尾拔了出来，牛尾巴刚一出土，阿古顿巴装着用力过度的样子，就朝后一仰，领主也跟着跌倒在地上；阿古顿巴懒羊羊的就从地上爬起来，一边拍拍身上的泥土，一边对领主说：“糟糕！牛尾巴被拉断了，我早就说过您这牛不老实吧！”领主像是瘫痪了似的，过了好半天才费力的站起来。只见他那贪婪的双眼，死盯着那被拉断的牛尾巴上，一阵心酸，不禁伤心地嚎哭起来。

讲述者：巴桑

年龄：48岁

地点：拉萨市，当雄县

## 13. 取金子

从前，在一个村子里住着一户贫苦人家。这家有四口人：阿妈和三个孩子。阿妈给领主织氆氇，三个孩子都给领主当佣人。孩子们在领主家放羊、干活，但却从来没有吃到过羊肉，还经常受冻、挨打、受骂。孩子们没吃没穿，回家常常围住妈妈要吃的要穿的。阿妈织过成千捆漂亮结实的氆氇，但却从来没有穿过一件新的氆氇衣服。阿妈听到孩子们的哭叫，心里更加难过。

有一天，阿妈到领主家去织氆氇，忽然半路刮起了一阵旋风。大风把阿妈卷入半空，把阿妈吹到一座美丽的山上。这座山很美，青山绿水，满山开满了山茶花、杜鹃花、格桑花，万紫千红。鸟儿也飞来飞去，不停地唱着歌。这时，山上走来一个慈祥的白胡须老人。老人问阿妈：“你怎么来到这里？”

阿妈说：“风把我吹到这儿来的。”

“我知道了，你家里生活得怎样？”

“欸，我们生活得可苦啦！三个孩子没吃没穿，这么冷的天气还赤着脚呢！”

“你别伤心，我来帮助你。”说着白须老人把手伸向空中，一块金子飞到他手中。老人说：“这块金子送给你。现在，你回去吧！”于是一阵大风把阿妈送回了家。家里有了金子，生活一天天好起来。

领主看见阿妈生活突然好起来便来询问。阿妈把自己遇见老人的事情告诉了领主。第二天，贪心的领主穿着农奴的破衣服，走到阿妈走过的道路。这时，一阵大风把领主刮走了。领主高兴地想：这次我要多拿些金子，回家买几个庄园和好多好多奴隶......
正时白云中出现个白须老人。老人并没有问领主问题而是直接对他说：“你这个贪心的家伙，应该受到惩罚！”说完，劈头给他一棒子。领主挨了一棒，从半空掉下来，落到海里淹死了。
贪心的领主没有得到金子，反而葬身鱼腹。穷苦的阿妈得到白须老人的帮助后，更加勤劳，生活逐渐富裕起来。

讲述者：罗布次仁

年龄：63岁

地点：拉萨市，当雄县

## 14.　冲赛康肉铺女鬼

很久以前，一位年轻的小僧人跟着他的师傅一起住在拉萨色拉寺进修。一天早上，师傅让他去冲赛康市场买点肉回来，临走前，师傅还特意嘱咐，只管买肉就好，卖家给你多少就拿多少，千万不要多说话。第二天一早，小僧人赶往冲赛康，到了那里他直奔肉铺，卖肉的妇女称完之后把肉交给他，但小僧人觉得重量不够，便一而再再而三地要求妇女多加点肉，卖肉的妇女于是多给他加了几块肉。小僧人想着这次我拿了这么多的肉，师傅肯定会很开心的。回到色拉寺，他兴奋地告诉了师傅在冲赛康买肉时遇到的事情。

师傅听后问道：“哦对了，你是按照吩咐你的做的吧？”

小僧人答道：“是的，我是按照您的吩咐做的。可是刚开始卖肉的妇女没有给我足够的肉，所以我让她多加了点。”

师傅警觉地看了看肉对他说道：“你不该说那么多话阿，快把手伸出来。”

小僧人感到奇怪但还是伸出手给师傅看了一下。果然手心上多了一块新的标记。

师傅呼吸急促地说：“这是一个邪恶女鬼的标记，叫萨迦巴姆，意味着你今晚会成为她们的食物。”

听到这话，小僧人完全被吓傻了，他当然知道萨迦巴姆意味着什么。萨迦巴姆是女鬼的代名词，她们白天像常人外出，到了夜晚，这些女人就变成了吃人的女鬼。于是，他哀求着师傅给他想办法。师傅说：“这次你一定要按照我说的去做，才有可能获救。”年轻僧人连忙答应。师傅说：“现在，你马上去拉萨找一位80岁的老妇人，她住在小昭寺旁的一个小帐篷里乞讨，你给她一些糌粑，加点酥油，恳求她收留你在她的帐篷里过夜。如果她同意了，你就能获救。否则，哪怕你躲到大昭寺的佛祖膝盖上，也没有办法。”

小僧人连滚带爬地跑出去，终于在傍晚时找到了那位老妇人的帐篷。小僧人一进帐篷就说：“阿佳，我大老远路过，能不能今晚在您这里借宿一夜？”老妇人没有理会。小僧人再次请求，老乞丐还是没有说话。小僧人眼看着夜幕降临，又急又怕，开始哭了起来。但他没有忘记师傅说的话，一边哭一边把糌粑和酥油捏成几块递给了老妇人。终于，老妇人接下了糌粑，长叹一声说让他躲到自己帐篷里的大坛子里。老妇人在坛子上开了两个口通气，随后将小僧人紧锁在里面。

其实这位老乞丐也是一位萨迦巴姆，而且是法力最高强的。由于小僧人完全按照师傅说的去做了，最后小僧人没有死，老妇人保护了他。第二天早上小僧人离开后，老妇人说，自己修行念佛，已经有了同情心，是这同情心救了你啊……

讲述者：白玛尼卓


年龄：61岁

地点：拉萨市，当雄县

## परिशिष्ट 'ग'

# ल्हासा सहरको नक्सा

सूचक
छनोट




गरिएका ठाउँहरू

डाङ्सुङ् काउन्टी (नं १), लिन्झाउ काउन्टी (नं २) र छ्युश्युर काउन्टी (नं ८)

# परिशिष्ट 'घ'

# कथावाचकको सूची

| क्र.सं. | लोककथाको शीर्षक | सूचकको | | | | |
|---|---|---|---|---|---|---|
| | | नाम | उमेर | शिक्षा | पेशा | ठेगाना |
| १ | घिउ करको उन्मुलन | पुबु छिरिङ | ५५ | साक्षर (प्राथमिक) | किसान | न्येताङ्, छ्युश्युर |
| २ | तिब्बती नुहाउने पर्व | टाशी | ५७ | निरक्षर | गोठालो | नानमु, छ्युश्युर |
| ३ | दयालु हुनुपर्छ | छिवाङ | ६७ | निरक्षर | गोठालो | छेना, छ्युश्युर |
| ४ | अगुदुन्बाको सम्पत्ति | छिसोङ | ५९ | निरक्षर | किसान | छेना, छ्युश्युर |
| ५ | सात वटा गधा | छितन | ७० | निरक्षर | गोठालो | डागा, छ्युश्युर |
| ६ | घोडाको उधारो | छिरिङ झ्युजोङ | ६० | निरक्षर | गोठालो | काजे, लिन्झाउ |
| ७ | दुईटा साथी र सुन | फुन्टसोक | ६५ | निरक्षर | गोठालो | काजे, लिन्झाउ |
| ८ | हात्ती र बाँदर | धोन्डुप | ६५ | निरक्षर | गोठालो | आराङ्,लिन्झाउ |
| ९ | बाँदरबाट मानव | देचेन | ६५ | निरक्षर | गोठालो | आराङ्, लिन्झाउ |
| १० | अगुदुन्बा र मालिकको थाल | जियाङयाङ वाङ्मो | ४६ | साक्षर (माध्यामिक) | गृहिणी | थाङ्ग, लिन्झाउ |
| ११ | सुन र नुन | साम्बु | ६४ | निरक्षर | किसान | गडा, डाङ्सुङ् |
| १२ | याक जमिनमा छिर्यो | पासाङ | ४८ | साक्षर (माध्यामिक) | गृहिणी | गौंताङ्, डाङ्सुङ् |
| १३ | आकाशबाट सुन पाउने | नोर्बु छिरिङ | ६३ | निरक्षर | गोठालो | गौंताङ्, डाङ्सुङ् |
| १४ | चोङ्साई काङ बजारमा स्त्री भूत | पेमा युजेन | ६१ | निरक्षर | गोठालो | गडा,ड ाङ्सुङ् |

# सन्दर्भ सामग्रीसूची


गाङ् झुऔ (सन् २००३/२०६०), *द फोल्क कल्चर इन द फोल्क टेल्स या टिबेटन नेस्नालिटी,* पैचिङ्ग : चिनियाँ केन्द्रीय मिन्जु विश्वविद्यालय जर्नल ।

गिरी, जीवेन्द्रेदेव र पराजुली, मोतीलाल (२०५८), *नेपाली लोकसाहित्य रूपरेखा,* ललितपुर : साझा प्रकाशन ।

गोङसाङ, सान्जियान र दावा टाशी (सन् १९८८/२०४५), *ल्हासा लोककथा,* ल्हासा : तिब्बत पिपुल्स पब्लिशिङ हाउस ।

तिब्बत सवायत्त क्षेत्रको जनसरकार तिब्बत सवायत्त क्षेत्रको जनसरकार वेबसाइट *http://www.xizang.gov.cn/*

दिवस, तुलसी (२०३३), *नेपाली लोककथा : केही अध्ययन,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पराजुली, मोतीलाल (२०७१), *लोककथा सिद्धान्त र विश्लेषण,* काठमाडौँ : विवेक सिर्जनशील प्रा.लि.।

पराजुली, मोतीलाल र गिरी, जिवेन्द्रदेव (२०६८), *नेपाली लोकसाहित्यको रूपरेखा,* ललितपुर : साझा प्रकाशन ।

बन्धु, चडामणि (२०५८), *नेपाली लोकसाहित्य,* काठमाडौँ : एकता बुक्स ।

बस्नेत, देवीबहादुर (२०६०), "सोलुखुम्बु जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन र वर्गीकरण", अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङकाय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

मगर, हर्कबहादुर (२०७५), "डोटी जिल्लाको बडिकेदार गाउँपालिकामा प्रचलित लोककथाको अध्ययन", अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङकाय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

रिजाल, ज्योति (२०७९), "बारबर्दिया नगरपालिका क्षेत्रमा प्रचलित लोककथाकोअध्ययन", स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङकाय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

लि, ल्यानरौङ् (सन् २०१९/२०७६), *एन एनालाइसिस अफ द फोल्क कल्चर कोन्नोटेसन्स अफ द "एबनोर्मल बर्थ" फोल्कटेल्स इन टिबेट,* ल्हासा : तिब्बत अध्ययन जर्नल ।

लियाओ, डोंगफान, त्सेरिङ दोर्जे र त्सेरिङ झुओगा (सन् १९८५/२०४२), *तिब्बतको लोककथा,* ल्हासा : तिब्बत पिपुल्स पब्लिशिङ हाउस ।

ल्यु, छ्युजी (सन् २०१२/२०६९), *अन द टाइपस् अफ टेल्स अबाउट टिबेटन विट्स एन्ड एल इन्टरप्रेटेसन अफ टिबेटन फोल्क कल्चर,* ल्हासा : तिब्बत विश्वविद्यालय जर्नल ।

ल्हासा तथ्याङ्क व्युरो (सन् २०२३), ल्हासा शहरको राष्ट्रिय आर्थिक तथा सामाजिक विकास तथ्याङ्क रिपोर्ट ।

ल्हासा शहरको जनसरकार वेबसाइट https://www.lasa.gov.cn/

ल्हासा हुलाक व्यवस्थापन व्यो (सन् २०२३), ल्हासा हुलाक उद्योग विकास तथ्याङ्क रिपोर्ट ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३), *लोकवार्ताविज्ञान र लोकसाहित्य,* काठमाडौँ : विद्यार्थी पुस्तकभण्डार ।